माध्यमिक शिक्षा पाठ्यक्रम

कक्षा ९ र १०

भाग ३

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
२०६४

माध्यामिक शिक्षा पाठ्यक्रम

कक्षा ९ र १०

भाग ३

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
नेपाल
२०६४

विषयसूची

क्र.सं.	शीर्षक	पृष्ठ
१.	कम्प्युटर विज्ञान	६
२.	खाद्यविज्ञान	१९
३.	वाद्यवादन	३३
४.	पत्रकारिता	४६
५.	औद्योगिक शिक्षा	५२
६.	समाजशास्त्र	६२
७.	नागरिकशास्त्र	८०
८.	लेखापरीक्षण	१०२
९.	जनसङ्ख्या शिक्षा	११५

१. शिक्षाका राष्ट्रिय उद्देश्य

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने

२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको संवर्द्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवनपद्धतिको विकास गर्न चरित्रवान् एवं नैतिकवान् नागरिक तयार गर्ने

३. स्थानीय, राष्ट्रियस्तरका व्यवसाय, पेसा एवम् रोजागारीका साथै आवश्यकताअनुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देशनिर्माणका निम्ति मानवसंसाधनको विकास गर्ने

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने

७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मदत गर्ने

८. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्वबन्धुत्वको भावनाको विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने

९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानवअधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा रचनात्मक सोच भएका, स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने

११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मदत गर्ने ।

Untitled-2.pdf

२. माध्यमिक (९-१०) तहको शिक्षाका उद्देश्यहरू (कक्षा ९-१२)

राष्ट्रिय परम्परा, संस्कृति, सामाजिक सम्पदा, लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने, दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो । यस तहको मुख्य उद्देश्य देशको सर्वाङ्गीण विकासका लागि क्षमताअनुरूप ठोस योगदान दिन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान सीप प्रदान गरी सचेत नागरिक तयार पार्नु हो । माध्यमिक शिक्षाका उद्देश्यहरू निम्नलिखित हुने छन् :

१. देशको बहुसांस्कृतिक र लोकतान्त्रिक मूल्यमान्यताप्रति गर्व गर्दै सकारात्मक धारणाको विकास गर्नु

२. राष्ट्र विकासका लागि सक्षम, आत्मनिर्भर, सीपमूलक र तालिमप्राप्त मानव स्रोत उत्पादन गर्नु

३. इमानदारी, आत्मनिर्भरता, रचनात्मकता, परिश्रमीपन, सहयोगीपन, समूहमा काम गर्ने बानी, जवाफदेहिता, आत्मविश्वास जस्ता गुणको विकास गर्नु

४. दैनिक क्रियाकलाप र सामाजिक जीवनमा सक्रिय सहभागिताका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक क्षमताको विकास गर्नु

५. दैनिक जीवनका समस्या समाधानका लागि उपयुक्त ज्ञान विकास गर्नु

६. राष्ट्रिय विकासका लागि राष्ट्रिय एकता सौहार्द र शान्ति कायम गर्न जातीय र सांस्कृतिक विविधताको महत्त्व गराउन राष्ट्रिय इतिहास, संस्कृति, भूगोल, अर्थशास्त्र, वातावरणसँग परिचित गराउनु

७. प्राविधिक र व्यावसायिक सीप विकास गर्नु र श्रमप्रति सम्मान गर्न सिकाउनु

८. आत्मनिर्भर हुन जीवन निर्वाहका लागि आयआर्जन गर्न सक्ने क्षमता र सामान्य व्यावसायिक सीपको विकास गर्नु

९. मानवअधिकार, सामाजिक न्याय, लोकतन्त्रको मर्म र भावना बुझी सोअनुसार अभ्यास गर्नु

१०. लिङ्ग, अपाङ्गता, सामाजिक, आर्थिक, भौगोलिक, जातीय र सांस्कृतिक विविधताका आधारमा हुने वैयक्तिक विभिन्नताको सम्मान गर्ने र जातजाति, छुवाछुत जस्ता सामाजिक कुरीतिहरूप्रति सचेत रही समावेशी समाज निर्माणमा सक्रिय रहनु

११. रचनात्मक ज्ञान र सीपको विकास गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय चुनौतीहरूको सामना गर्न स्वतन्त्रता, समालोचनात्मक सोचाइ, विश्लेषणात्मक सीपको विकास गर्नु

१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता आर्जन गर्नु

Untitled-3.pdf

३. माध्यमिक विद्यालयको पाठ्यक्रम ढाँचा

(क) साधारण माध्यमिक विद्यालय तह

सि.नं.	विषय	पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	५	१००
२.	गणित	५	१००
३.	अङ्ग्रेजी	५	१००
४.	विज्ञान	५	१००
५.	सामाजिक शिक्षा	५	१००
६.	स्वास्थ्य, जनसङ्ख्या र वातावरण	४	१००
७.	ऐच्छिक प्रथम पत्र	५	१००
८.	ऐच्छिक द्वितीय पत्र	५	१००
	जम्मा	३९	८००

(अ) ऐच्छिक प्रथम पत्रमा निर्धारित विषयहरू (कुनै एक विषयमात्र)

(क) भाषासमूह

१. नेपाली	२. अङ्ग्रेजी	३. फ्रेन्च
४. रसियन	५. जर्मन	६. स्पानिस
७. चिनियाँ	८. हिन्दी	९. जापानी
१०. बङ्गाली	११. उर्दू	१२. तिब्बती
१३. संस्कृत	१४. ग्रीक	१५. ल्याटिन
१६. अरेबिक	१७. पर्सियन	१८. हिब्रु
१९. मैथिली	२०. नेवारी	२१. अवधी
२२. भोजपुरी		

लेख्य परम्परा वा व्याकरण र उपयुक्त पाठ्यसामग्रीको उपलब्धतानुसार नेपालमा अन्य राष्ट्रिय भाषाहरूलाई पनि पाठ्यक्रममा समावेश गर्दै लगिनेछ ।

(ख) मानविकी तथा सामाजिक शास्त्रसमूह

१. इतिहास	२. भूगोल
३. नागरिक शास्त्र	४. अर्थशास्त्र
५. समाजशास्त्र	६. जनसङ्ख्या शिक्षा
७. वातावरण विज्ञान	

(ग) अतिरिक्त गणित

Untitled-4.pdf

(आ) ऐच्छिक द्वितीयपत्रमा निर्धारित विषयहरू (कुनै विषयमात्र)

१. कृषिशिक्षा,	२. शिक्षा
३. कार्यालय सञ्चालन र लेखा	४. कम्प्युटर विज्ञान
५. गृहविज्ञान	६. बेतबाँसशिल्प शिक्षा
७. सङ्गीत	८. वाद्यवादन
९. नृत्य	१०. चित्रकला
११. वास्तुकला	१२. हस्तकला
१३. खाद्यविज्ञान	१४. वस्त्रसिलाइबुनाइ
१५. लेखापरीक्षण	१६. टाइपिङ र सर्टह्यान्ड
१७. फोटोग्राफी (छविकला)	१८. आयुर्वेद
१९. प्राकृतिक चिकित्सा	२०. योग शिक्षा
२१. पत्रकारिता	२२. स्वास्थ्य र शारीरिक शिक्षा
२३. औद्योगिक शिक्षा	२४. प्रारम्भिक बाल विकास शिक्षा

(ख) संस्कृत माध्यमिक विद्यालय

१. संस्कृत माध्यमिक विद्यालय

क्र.सं.	विषय	पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	५	१००
२.	गणित	५	१००
३.	अङ्ग्रेजी	५	१००
४.	विज्ञान	५	१००
५.	सामाजिक शिक्षा	४	१००
६.	अनिवार्य संस्कृत भाषा	५	१००
७.	ऐच्छिक प्रथम पत्र (कुनै एक) (१) वेद (२) व्याकरण (३) न्याय (४) ज्योतिष (५) साहित्य (६) नीतिशास्त्र	५	१००
८.	ऐच्छिक द्वितीय पत्र (कुनै एक) (१) कर्मकाण्ड (२) आयुर्वेद (३) फलित ज्योतिष (४) योग शिक्षा (५) प्राकृतिक चिकित्सा (६) गृह विज्ञान (७) अतिरिक्त गणित (८) शिक्षा	५	१००
	जम्मा	३९	८००

Untitled-5.pdf

२. वेदविश्राम संस्कृत माध्यमिक विद्यालय

क्र.सं.	विषय	पाठ्यभार	पूर्णाङ्क
१.	नेपाली	५	१००
२.	गणित	५	१००
३.	सामाजिक शिक्षा	५	१००
४.	संस्कृत व्याकरण+अनुबाद	५	१००
५.	संस्कृत भाषा+साहित्य	५	१००
६.	वेद वा नीतिशास्त्र	५	१००
७.	कर्मकाण्ड वा फलित ज्योतिष	४	१००
८.	(१) आयुर्वेद (२) प्राकृतिक चिकित्सा (३) योग शिक्षा (४) तर्कसङ्ग्रह (यीमध्ये कुनै एक विषय)	५	१००
	जम्मा	३९	८००

Untitled-6.pdf

कम्प्युटर विज्ञान

परिचय

कम्प्युटर विषयलाई माध्यमिक तहको कक्षा ९ र १० मा ऐच्छिक विषयको रूपमा समावेश गरिएको छ । यस विषयको पूर्णाङ्क १०० रहने व्यवस्था छ । यस विषयको अध्ययन गरेका विद्यार्थीहरूले कम्प्युटर विज्ञान तथा कम्प्युटर विषयसम्बन्धी सामान्य रूपमा परिचित भई यस विषयमा प्रयोग हुने प्रविधिको पहिचान गर्न, प्रयोग गर्न सकून्, उनीहरूमा यो विषयप्रति आस्था हुनका साथै अभिवृद्धि होस्, यिनीहरूमा आत्मनिर्भरता विकास हुन सकोस् तथा यस विषयमा उच्च शिक्षा हासिल गर्नका लागि यस विषयमा सामान्य प्राज्ञिक पूर्वाधार तयार होस् भन्ने उद्देश्य राखिएको छ ।

राष्ट्रिय शिक्षा आयोग २०४९ सालको सिफारिसअनुसार विभिन्न ऐच्छिक विषयहरूको अध्ययन गराउने व्यवस्था भएअनुसार यस विषयलाई पनि ऐच्छिक विषयको रूपमा राखी पाठ्यक्रम निर्माण गरिएको हो । यस पाठ्यक्रममा माध्यमिक तहको कम्प्युटर विषयका साधारण उद्देश्य, विशिष्ट उद्देश्यहरू, विषयवस्तु र यसको क्षेत्र क्रम तालिका, एकाइअनुसार शिक्षण घन्टी, शैक्षिक सामग्रीको सूची, शिक्षण विधिको सङ्केत, मूल्याङ्कन योजनालगायत परिचय, तहगत उद्देश्य र शिक्षाका राष्ट्रिय उद्देश्य समेत समावेश गरिएको छ ।

पाठ्यक्रममा समावेश गरिएका सबै विषयवस्तुहरू अनिवार्य हुन् । माध्यमिक तहको कम्प्युटर विषयलाई ५० प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगात्मक अङ्क छुट्याएको हुँदा सोहीबमोजिम शिक्षण कार्यलाई व्यवस्थित गरिनु आवश्यक छ । यसका अतिरिक्त यस विषयलाई अझ प्रभावकारी बनाउनका लागि कम्तीमा एउटा परियोजना कार्य (Project Work) गराउने परिपाटी समेत व्यवस्था गरिएको छ ।

साधारण उद्देश्यहरू

माध्यमिक विद्यालय तहमा कम्प्युटर विज्ञान अध्ययन गरेपछि विद्यार्थीहरू निम्न कार्यहरू गर्न र गराउन सक्षम हुनेछन् ।

(१) कम्प्युटर प्रविधिबारे सामान्य जानकारी हासिल गरी बताउन ।

(२) कम्प्युटर अपरेटिङ सिस्टम, एप्लिकेसन सफ्टवेयर तथा हार्डवेयरबारे जानकारी दिई कम्प्युटर प्रयोग गर्न र गराउन ।

(३) इन्टरनेटमा प्रयोग हुने Web Page Design गर्न र Database Management सम्बन्धी सामान्य जानकारी हासिल गरी कम्प्युटर प्रयोग गर्न सक्ने बन्न ।

(४) कम्प्युटरलाई साधनको रूपमा प्रयोग गर्न सक्षम बन्न ।

(५) सामान्य प्रोग्रामहरू तयार गरी प्रयोग गर्न ।

(६) भविष्यमा कम्प्युटर प्रविधिबारे उच्च अध्ययन गर्न चाहनेहरूका लागि प्राथमिक आधार शिलाहरू हासिल गर्न ।

(७) Software Compitition मा सहभागी बन्न सक्षम तुल्याउन ।

Untitled-7.pdf

विशिष्ट उद्देश्यहरू

(क) कक्षा ९

कक्षा ९ को अध्ययन पूरा गरिसकेका विद्यार्थीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

(१) कम्प्युटर प्रविधिको परिचयात्मक ज्ञान तथा Number System को प्रयोग ।

(२) MS– DOS र Windows प्रयोगको प्रारम्भिक ज्ञान ।

(३) HTML को प्रयोग उपयोगका आधारभूत ज्ञान तथा सीप ।

(४) QBASIC प्रयोग गरी Computer Programming को प्रयोगबारे प्रारम्भिक ज्ञान तथा सीप ।

(ख) कक्षा १०

कक्षा १० को अध्ययन पूरा गरेका विद्यार्थीहरू निम्नलिखित तथा कुराहरूमा सक्षम हुनेछन् ।

(१) कम्प्युटर नेटवर्क, इन्टरनेट तथा इमेलको साधारण ज्ञान तथा प्रयोग गर्न ।

(२) QBASIC को आधारभूत ज्ञानहरू प्राप्त गरी सामान्य एप्लिकेसन प्रोग्राम बनाई प्रोजेक्टमा प्रयोग गर्न ।

(३) MS-Access को प्रयोग तथा उपयोग गरी Database को आधारभूत ज्ञान तथा सीप प्राप्त गर्न ।

(४) उच्च शिक्षा हासिल गर्नका लागि कम्प्युटर विज्ञान विषयमा प्रारम्भिक आधारशिलाको तयारी गर्न ।

पाठ्यवस्तुहरू (Course of Contents)

Grade -IX	Wt	Grade -X	Wt
1. Computer Fundamentals: 1.1 Introduction 1.2 Computer Type 1.3 Computer System 1.4 Hardware Concept 1.5 Software Concept 1.6 Number System	20	**1. Computer Fundamentals :** 1.1 Introduction to Networks 1.2 Impact of Computer in Society 1.3 IT Policy of Nepal 1.4 Computer Security	15
2. Operating System: 2.1 Introduction to OS 2.2 Types of OS 2.3 Booting and Booting sequence 2.4 Basic Terms 2.5 Role of Autoexec. bat & Config. sys 2.6 DOS Commands 2.7 Windows Environments	10	**2. Access:** 2.1 Introduction 2.2 Creating Database 2.3 Entering & Editing Data 2.4 Querying Database using wizards 2.5 Creating and Using Foams 2.6 Creating and Printing Reports	20
		3. QBASIC: 3.1 Elements of Programming Language 3.2 Project work in QBASIC	75

Untitled-8.pdf

3. HTML Concepts: 3.1 Creating, Opening and Formating HTML Document 3.2 Setting marquee 3.3 Creating links 3.4 Inserting images 3.5 Working with table	**15**	
4. Computer Programing using QBASIC 4.1 General concept 4.2 Elements of QBASIC Programming Lan guage	**85**	

Grade -IX

Contents

1. Computer Fundamental **20**

(1.1) Introduction (Brief history and development of Computer, Digital, Analog & Hybrid)

(1.2) Types of Computers

(1.3) Computer System (Basic Architecture)

(i) Input (ii) Process (iii) Output

(1.4) Computer Hardware:

(a) Mother Board

(b) Micro Processor

(c) Memory

(i) Primary (RAM, ROM, Cashe Memory)

(ii) Secondary

- Magnetic Storage Device (Tape, Floppy Disk, Hard Disk, Zip Disk, Super Disk
- Optical Storage Device (CD-ROM, CD-RW, DVD-ROMs etc.)

(ii) Units of memory measurement (BIT, Nibble, Byte KB, MB, GB,TG, PB)

(d) Input Devices

- Keyboard, Mouse, Scanner

Untitled-9.pdf

- Track balls, Touch pad, Joystick, Scanner
- Bar Code Reader, Digital Camera
- Microphone, Graphic Digitighter

(e) Output Device

- Monitor, Printer, Speaker, Graph Plotter.

(vii) Ports (Introduction)

(1.5) Type of Computer Software:

(1.5.1) System Software

(a) Operating System

(b) Language processor

(1.5.2) Application Software

(1.5.3) Utility

(1.6) Number System:

(a) Concept of usage of BIT, Nibble, Bytes, Word/Decimal/Binary/ Octal/ Hexadecimal system and their conversation binary calculation (Add/Subtract)

2. Operating System **10**

(2.1) Introduction to OS,

(2.2) Types of OS

(i) Single user

(ii) Multi User

(2.3) Starting Computer

(2.4) Basic Terms

(a) Filename, Common types of Extension name, Directory, Sub-Directory, Default drive, Disk Drive, Volume label, Wild card (*, ?), Path (File Specification)only defination of Internal, External commands.

(2.5) Role of Autoexec.bat & Config.sys

(2.6) DOS Commands in short

- Dir, Dir/w, Dir/p, Dir/ad, Dir/ah, D/a, Dir/o, Dir/s, MD, CD, Rd, Vol, Date, Time, Type, Ren, Del, Edit, Copy, Format (S/Q/V) only

(2.7) Windows Environments

- Introduction to GUI Environment (DeskTop)
- Concepts of ICON, Windows dialogue box, GUI Controls
- Mouse pointer and its activities.
- File and Folder Management.

Untitled-10.pdf

3. HTML

15

-Introduction of HTML, Web page, Browser and Hyperlinks

-HTML Tags and Attributes

	Tag	Attributes with value
(3.1) Creating opening and formatting HTML Document	<HTML>	
	<HEAD>	
	<TITLE>	
	<BODY>	BGCOLOR="RGB code or color name"
	<P>	ALIGN= "left, right or center"
	<FONT>	SIZE =n, COLOR= "RGB code or color name", FACE= "font name"
	<H1>.....<H6>	ALIGN= "left, right or center"
	<B>	
	<I>	
	<Centre>	
	<U>	
	<SUB>	
	<SUP>	
	<HR>	
(3.2) Setting marquee	<MARQUEE>	BEHAVIOR= "alternate, scroll or slide", BGCOLOR= " RGB code or color name"
(3.3) Creating links	<A>	HREF= "Linking file"
(3.4) Inserting images	<IMG>	SRC= "Image file with extension" , WIDTH =n, HEIGHT =n
(3.5) Working with table	<TABLE>	BORDER =n , BGCOLOR=" RGB code or color name"
	<TR>	
	<TD>	

Untitled-11.pdf

4. Computer Programming Using QBasic

85

(4.1) General Concept

(a) Program and Programming
(b) The role played by a program to perform task
(c) Programming language
(d) Translator (Compilers and Interpreters)
(e) Program development cycle
  (i) Analyzing the problem
  (ii) Designing a solution (Algorithm, Flowchart)
  (iii) Coding the solution
  (iv) Testing and debugging the program
  (f) Algorithms and flowcharts

(4.2) Elements of (QBASIC) Programming Language

(4.2.1) Introduction

(a) Features of QBASIC programming
(b) QBASIC interface (Screen, menus, shortcut commands)

(4.2.3) Variables and constants

(a) Data types and memory allocation
(b) Variables
  (i) Numeric (Integer, long integer, single precision, double precision)
  (ii) String
(c) Constants (Literal and symbolic)
  (i) Numeric
  (ii) String
  (d) Variable Declaration (Implicit and Explicit)
  (e) Using type declaration characters (%, &, !, # and $)
  (f) Using DIM AS statement
  (g) Rules for naming Variable

(4.2.3) Operators, expressions and operands

(a) Operators and their precedence
  (i) Arithmetic operators (+, -, *, /, \, MOD, ^)
  (ii) Relational operators (=, >, <, >=, <=, <>)
  (iii) Logical operators (AND, OR, NOT)
  (iv) String operators (+)
(b) Expression
  (i) Arithmetic expression
  (ii) Logical (Boolean) expression
  (iii) String expression

Untitled-12.pdf

(4.2.4) Statements and library functions (use and syntax)

(a) *Declaration statement (CONST, DIM, REM)*

(b) *Assignment statement (LET, SWAP)*

(c) *Input / Output statement and function*
*(CLS, INPUT, LINE INPUT, READ ... DATA, INPUT$,* INKEY$, PRINT, LPRINT, PRINT USING, LPRINT USING, TAB, SPC, LOCATE)

(d) Control statement
(GOTO, IF ... THEN single line and block, SELECT CASE ... END SELECT, FOR ... NEXT, EXIT FOR, WHILE ... WEND,DO ... LOOP, EXIT DO)

(e) String manipulation functions
(ASC, CHR$, LEFT$, RIGHT$, MID$, LEN, LTRIM$, RTRIM$, VAL, STR$, SPACE$, STRING$, LCASE$,UCASE$, INSTR, DATE$ as function and statement,
TIME$ as function and statement)

(f) Mathematical calculation functions
(ABS, COS, SIN, TAN, SQR, SGN, CINT, INT)

(4.2.5) Program flow and control structures

(a) Sequence structure

(b) Selection structure (If, select, switch statement)

(c) Loop structure (For, while, do while statements)

(4.2.6) Sequence structure

Statements and Functions to covered
Declaration Statement (CONST, DIM, REM)
Assignment Statement (LET, SWAP)
Input/Output Statement and Functions (CLS, INPUT, LINE INPUT, READ..DATA, INPUT$, INKEY$, PRINT, LPRINT, PRINT USING, LPRINT USING, TAB, SPC, LOCATE)

(4.2.7) Selection and Loop Structure

Statements and Function to covered
Control Statement
(GOTO, IF...THEN single line and block, SELECTCASE.. END, SELECT, FOR...NEXT, EXITFOR, WHILE.. WEND, DO..LOOP, EXIT DO)

(4.2.8) Library Functions

String manipulation Functions
(ASC, CHR$, LEFT$, RIGHT$, MID$, LEN, LTRIM$, RTRIM$, VAL, STR$, SPACE$, STRING$, LCASE$ as function and statement)

Mathmatical Calculation Functions
(ABS, COS, SIN, TAN, SQR, SGN, INT)

Untitled-13.pdf

(4.2.9) Arrays (Declaring and using)

(a) Array variables

(b) Array elements and subscripts

(c) One-dimensional array (searching, Sorting)

(d) Two-dimensional array (general concep)

Statement to be covered (DIM)

Grade -x

Contents

1. Computer Fundamental **15**

(1.1) Networking & Telecommunications

Introduction to Networks:

(i) Communication Media (Bits, Bandth with Modem, Cable, Wireless commu nication NIC Card, Connectors, Hub)

(ii) Types of Networks :

LAN, MAN, WAN, Client Server, Peer to peer Networks

(iii) Topologies (BUS, STAR, RING)

(iv) Protocols (Definition only with example)

(v) Benefit Advantages and Disadvantages

(vi) The Internet and its services.

(1.2) Impact of the Computer in Society

(1.3) IT Policy of Nepal (Related to IT Education) in short

(1.4) Computer Security

(a) Hardware Security:

(i) Regular Maitainace (ii) Insurence (iii) Free from dust (iv) Fire

(v) Thief (vi) Air Condition system (vii) Power protection device (Volt Guard, Spike Guard, UPS)

(b) Data & Software Security:

(i) Password (ii) Virus free (iii) Backup system (iv) Defragmentation

(v) Scandisk

(1.5) Computer Virus:

(i) Introduction (ii) Definition (iii) Symptoms (iv) Type (v) Detection & Elimination (vi) Protection

Untitled-14.pdf

(1.6) Cyber Laws and Ethics

(1.7) Multimedia and its application

2. Access **20**

(2.1) Introduction

(i) Data and Information, Database Concept, Database Management concept

(ii) Field, Data type, Record, Table.

(2.2) Creating a Database

(i) Creating a new Database

(ii) Creating a new Table by design view, Saving and creating a Primary key

(iii) Adding and deleting fields

(iv) Editing Field name, Data type, field size and Index

(2.3) Entering and Editing Data

(i) Adding, Editing, Inserting, Deleting and sorting Records.

(ii) Adjusting Column widths and hiding columns

(2.4) Querying Database

(i) Creating a New query by design view, Choosing Fields and saving the Query

(ii) Editing the Query, Matching Criteria

(2.5) Creating and using forms

(i) Creating Form by using wizard, Entering and Editing Data using a form

(2.6) Creating and Printing Reports

(i) Printing the table data, Creating a Report Using the Report Wizards

(ii) Printing a Report, Modifying a Report.

3 QBASIC Programme **75**

(3.1) Functions and subprogrammes

(i) Concept of modular programming approach

(ii) Main module, procedure modules (Function and sub procedures)

(iii) Parameters (Concept of Local & Globe)

(iv) Writing and calling function procedure

(v) Writing and calling sub procedure

Statements and Functions to be covered

(vi) Define and call procedures

(FUNCTION ... END FUNCTION, SUB ... END SUB, CALL)

(3.2) File processing (File handling)

(i) Data file (sequential only)

(ii) File modes (output, input and append)

(iii) File processing activities

Opening a file

Writing to a file

Reading a file

Appending records to a file

Closing file

Untitled-15.pdf

Statements and Functions to be covered

(i) File Input/Output/Management statements and functions
(OPEN, CLOSE, WRITE #, PRINT#, INPUT#, INPUT$
LINE INPUT#, EOF, NAME, KILL, FILES, CHDIR, MKDIR, RMDIR)

3.2 Project Work in QBASIC

(a) Menu base
(b) Modular concept
(c) File, editing, deleting
(d) Atlest one Data file should be submitted (Project work should be done under the guidance of Teacher)
(e) documentation must include
(i) Algorith (ii) Flow Chart (iii) Coding (iv) Output

Example of Project could be

(i) Marksheet Prepration (ii) Result Processing (iii) Telephone directory Prepration (iv) Billing of Library System (v) Billing of Monthly School fee Payment (vi) Payroll System (vii) Banking System etc.

Project book must contain as follows in sequence :

(i) Cover page
(ii) Preface
(iii) Table of contents with page numbers
(iv) Background of the Project
(v) Aims and Objectives
(vi) Needs Assessment
(vii) Analyzing the problem
(viii) Designing the solution algorithm (Flowchart)
(ix) Coding the Solution
(x) Output using Qummy
(xi) Conclusion

Note:

1. Each project book checked by Computer science teacher with signed and must be submitted to external examiner.
2. The Coverpage must contain project table, data, author's name including sign of the school teacher and external examiner.

Untitled-16.pdf

शिक्षण विधि (Teaching Method)

कम्प्युटर विज्ञान शिक्षकले कम्प्युटर विज्ञान शिक्षण गर्दा विभिन्न कुराहरूमा ध्यान दिनु पर्दछ। जस्तै- विद्यार्थीहरूको क्रियाकलाप, पाठ्यक्रममा दिइएका अभ्यासहरू र शिक्षकहरूले दिने यप अभ्यासहरूबारे शिक्षकसँग वा आफ्ना साथी-साथीमा छलफल गर्न लगाउनुपर्छ। सिकेका कुराहरू आफ्नो कक्षामा, स्कूलमा आफ्नो घरमा वा अन्य ठाउँमा प्रयोग गर्ने कार्यमा जोड दिनुपर्छ। प्राक्टिकल कक्षामा विद्यार्थीहरूले प्रश्न गर्दा कारण बताई प्राक्टिकल पक्षलाई बढी समय दिनुपर्छ। सकेसम्म एकजनालाई एउटा कम्प्युटर उपलब्ध गराउनुपर्नेछ। प्राक्टिकल कक्षामा सेतो पाटी (White Board) प्रयोग गरी सिकाउनुपर्छ। कम्प्युटर विज्ञान पढाउँदा कक्षामा शिक्षण विधि निम्नअनुसार गर्नुपर्छ :

(क) प्रदर्शन विधि (ख) प्रयोगात्मक विधि (ग) प्रश्नोत्तर - छलफल विधि

(घ) समस्या - समाधान विधि (ङ) खोज गर्ने विधि इत्यादि

मूल्याङ्कन विधि (Evaluation Procedure)

कम्प्युटर विज्ञानमा शिक्षणमा निम्न तरिकाले विद्यार्थीहरूका मूल्याङ्कन गर्न सकिन्छ :

(क) प्रश्न सोधेर वा लेख्न लगाएर ।

(ख) अवलोकन गराएर ।

(ग) सहभागिता गराएर ।

(घ) दैनिक जीवनका क्रियाकलापमा प्रयोग गराएर ।

(ङ) प्रयोग विधि अपनाउन लगाएर ।

(च) प्रोजेक्ट कार्यको मूल्याङ्कन गराएर ।

पाठ्यभार (Weightage)

(क) ४५ मिनेटको कक्षालाई एक पिरीयड मानिनेछ ।

(ख) प्राक्टिकल गर्दा एकओटा कम्प्युटरमा बढीमा २ जना विद्यार्थीहरू रहने हुनुपर्दछ। अर्थात् कम्प्युटर विद्यार्थी बराबर १:२

Untitled-17.pdf

SLC मा सोधिने प्रश्न सङ्ख्याहरू, समय प्राप्ताङ्कहरूको विवरण

S.N	Topics	No. of questions	Time allocated	Marks total	External Practical Mark	Internal Practical Marks
1.	Fundamental	6	30 min.	20	*	*
2.	QBASIC Programming	4	40 min.	20	15	15
3.	Data base	2	20 min.	10	10	10
	Total	12		50	25	25
			90 min.	1.5 hour	1 hour	30 min.

Note : In each area there are long and short questions with objective questions.

SLC Theory Examination Grid

S.N.	Topics	Knowledge and understanding		skill	Problem Solving		Total Marks
		KU 1	KU 2		Lower Ability	Higher Ability	
1.	Fundamental	5 x 2 = 10	5 x 2 = 10				20
2.	QBASIC	1 x 1 = 1	2 x 1 = 2	4 x 1 = 4	2 x2 = 4	3 x 3 = 9	20
3.	Database	2 x 2 = 4	3 x 2 = 6				10
	Total	**10**	**18**	**4**	**4**	**9**	**50**

Untitled-18.pdf

SLC Practical Examination Grid (External)

S.N	Topics	Problem	Question	Weightage	Total
1.	QBASIC	5	5	5 x 3 = 15	15
2.	Data base		5	5 x 2 = 10	10
	1 Hour	5	10	25	25

Note : Internal practical marks (25) should included in the final exam and it also includes project work. The project work also should be evaluated in internal practical exam by teachers themselves.

Untitled-19.pdf

खाद्यविज्ञान

१. परिचय

आजको बदलिंदो समाज र सामाजिक संरचनामा मिल्दोखालको बनाउन कक्षा ९ र १० को खाद्यविज्ञान विषयलाई व्यापक परिवर्तन गरी आजको आवश्यकता पूरा गर्ने मनसाय राखी यो पाठ्यक्रमलाई परिमार्जन गरिएको छ ।

आजको युगमा मानिसहरूलाई खाद्यसम्बन्धी जानकारी, पोषणसम्बन्धी जानकारी, पेसागत रूपबाट खाना खाने बानी विभिन्न रोगहरूमा त्यसअनुरूप खाना खाने र खुवाउने यावत् कुराहरूको जानकारी दिनुका साथै यो विषय लिएर अध्ययन गर्ने विद्यार्थीहरूले आय उपार्जन गर्नका लागि आधारभूत व्यावसायिक क्षमता र सिप पनि हासिल गरून् भन्ने उद्देश्य यसमा राखिएको छ ।

यस पाठ्यक्रममा सैद्धान्तिकमा पूर्णाङ्क ५० र प्रयोगात्मकमा ५० गरी जम्मा १०० पूर्णाङ्क कायम गरिएको छ ।

कक्षा ९ र १० को यस पाठ्यक्रममा मोटामोटी खानाको वर्गीकरण पौष्टिक तत्त्वहरू, पौष्टिक तत्त्वहरूको अभाव र बढीबाट हुने रोगहरूबारे जानकारी, खाद्य सञ्चालनमा सूक्ष्म जीवाणुको प्रकृति, तयारी खानाको संरक्षण, भान्साकोठाको प्रबन्ध तथा सरसफाइ, विभिन्न खानाहरू पकाउने तरिका वातावरण अनुकूल मेस, रेस्टुरेन्ट, भोजनगृह आदि सञ्चालन गर्न सक्ने क्षमता र सीपको वृद्धि, रेसेपीको परिचय, खाद्यवस्तुहरूको गुणस्तर वृद्धि Table manner आदिबारे जानकारी हासिल गर्न सक्ने उद्देश्य लिई यस पाठ्यक्रमको संयुक्त रूपमा निर्माण गरिएको छ ।

२. पाठ्यक्रम परिमार्जन गर्नुको औचित्य

२०३८ सालमा बनेको पाठ्यक्रमलाई समय र परिस्थितिअनुसार परिमार्जन गर्न अति आवश्यक भएको हुनाले यस रूपमा परिमार्जन गरिएको हो ।

२०३८ र २०५७ सालको पाठ्यक्रममा निम्नलिखित कुराहरू फरक छन् :

२०३८ को पाठ्यक्रम	२०५७ को पाठ्यक्रम
१. विषयवस्तुलाई मात्र जोड दिइएको छ ।	सैद्धान्तिकमा भन्दा प्रयोगात्मकलाई बढी जोड दिइएको छ साथै व्यावसायिकीकरण गरिएको छ ।
२. प्रयोगात्मकमा २५ अङ्क थियो ।	अहिले सैद्धान्तिकमा ५० अङ्क र प्रयोगात्मकमा ५० अङ्क कायम गरिएको छ ।
३. उत्तीर्णाङ्क ३२ अर्थात् (२४+८) थियो ।	हाल १६+१६ गरी ३२ अङ्क कायम गरिएको छ ।
४. कक्षाकोठामा सीमित थियो ।	हाल Field Trip को व्यवस्था गरिएको छ ।
५. सैद्धान्तिकमा बढी जोड दिइएको थियो ।	सीप विकास र व्यवसायोन्मुख गरी निर्माण गरिएको छ ।

Untitled-20.pdf

३. साधारण उद्देश्यहरू

कक्षा ९ र १० को खाद्यविज्ञान विषय अध्ययन गरेपछि विद्यार्थीहरू निम्नलिखित कुराहरूबारे ज्ञान सीप र दक्षता हासिल गर्न सक्नेछन् :

१. खाना खाने कारण, खाद्यवस्तुको आधारभूत समूह तथा वर्गीकरण र विभिन्न खाद्यवस्तुबाट प्राप्त हुने पौष्टिक तत्त्वहरूबारे ज्ञान हासिल गर्न ।

२. विभिन्न खाद्यवस्तुहरूको किनमेल गरी सुरक्षित ढङ्गबाट थन्क्याउन ।

३. खानेपानीमा असर पार्ने कुराहरू बुझ्न ।

४. रेसेपीको परिचय र महत्त्व थाहा पाई विभिन्न परिकारहरू तयार गर्न ।

५. विभिन्न खाद्यवस्तुको प्रयोगमा सूक्ष्म जीवाणुको प्रकृति बुझ्न ।

६. खाद्य नियमावली तथा खाद्य मिसावटबारे ज्ञान हासिल गर्नुका साथै पौष्टिक तत्त्वको कमी र बढीबाट हुने रोगहरूबारे ज्ञान हासिल गर्न ।

७. दैनिक र विभिन्न आयोजनाका लागि भान्साकोठाको साथै खाने ठाउँ र बस्ने ठाउँको प्रबन्धका साथै खाना पकाउने विभिन्न तरिकाहरू तथा वातावरणअनुसार मेस, रेस्टुरेन्ट, भोजनगृह र सशुल्क पाहुना Paying guest को सञ्चालन गर्न ।

८. खाद्यवस्तुको गुणस्तर बढाउनेबारे ज्ञान हासिल गरी बच्चा, युवा र वृद्धको खानाको परिमाणबारे थाहा पाउन ।

९. खाद्य परिकार पस्कने र खुवाउने तरिकाबारे जानकारी हासिल गर्न ।

४. विशिष्ट उद्देश्यहरू

कक्षा ९ र १० को अध्ययन पूरा गरिसकेपछि विद्यार्थीहरू निम्नलिखित ज्ञान, सीप र दक्षता हासिल गर्न सक्षम हुनेछन् :

१. स्थानीय उपलब्ध खाद्यवस्तुहरूको परिचय, स्रोत जस्तै (क) वनस्पति र (ख) प्राणीजन्य स्रोतअनुरूप खाद्यवस्तुहरूका कार्यहरू हाम्रो लागि कतिको महत्त्वपूर्ण छन् भन्ने कुराबारे थाहा पाउन ।

२. आधारभूत खाद्यवस्तुहरूको समूहअन्तर्गत पर्ने खाद्यवस्तुहरूको वर्गीकरणबारे थाहा पाई सोही अनुरूप दैनिक भोजनमा खाद्यवस्तुहरूको छनोट गर्न ।

३. विभिन्न स्रोतबाट प्राप्त हुने खाद्यवस्तुहरूमा पाइने पौष्टिक तत्त्वहरूको महत्त्व बुझी सन्तुलित भोजनको योजना गर्न ।

४. दैनिक उपभोग्य खाद्यसामग्रीहरूको किनमेल र छनोट गर्दा ध्यान पुऱ्याई उचित संरक्षण गर्न ।

५. आ-आफ्नो रुचि र भौगोलिक स्थितिअनुरूप खाने बानी बुझी नेपालीहरू तथा विदेशीहरूको लागि उपयुक्त खानाको योजना गर्न ।

Untitled-21.pdf

६. रेसेपीको परिचय बुझी सोहीअनुसार विभिन्न परिकारहरू जस्तैः सुप, पिजा, समोसा, फ्रेन्च टोस्ट आदि तयार पारी विभिन्न समारोहअनुकूल पस्कने खुवाउने व्यवस्था मिलाउन ।

७. खाद्यवस्तु वा परिकारहरूमा सूक्ष्म जीवाणुहरूको प्रकृति बुझी खाद्यवस्तुहरूको उत्पादनमा ती जीवाणुहरूबाट हुने हानि र लाभबारे ज्ञान हासिल गर्न ।

८. खाद्य नियमावलीअनुसार विभिन्न खाद्यवस्तुहरूमा हुने मिसावटबारे थाहा पाई सोहीअनुरूप उचित ध्यान पुऱ्याई दैनिक उपभोग्य खाद्यवस्तुहरू छनोट गर्न ।

९. पौष्टिक पदार्थहरूको कमीबाट मात्र नभई बढी पौष्टिक पदार्थहरूको सेवनबाट Obesity (ओबिसिटी) Diabetes Mellitus (डायबेटिज मिलट्स) Acidity (एसिडिटी) High blood pressure (हाई ब्लड प्रेसर) आदि जस्ता रोगहरू लाग्न सक्नेबारे थाहा पाउन ।

१०. दैनिक र विभिन्न आयोजना जस्तैः जन्मदिन, व्रतबन्ध, बिबाह आदि पर्वहरूको लागि भान्साकोठालगायत बस्ने ठाउँको उचित सरसफाइ तथा व्यवस्था गर्न ।

११. खाना पकाउने विभिन्न तरिकाहरू जस्तैः उमाल्ने, बफाउने, मधुरो आँचमा पकाउने तार्ने, भुट्ने, सेकाउने तरिकाहरूबाट खाद्य परिकारहरू तयार गर्न ।

१२. वातावरणअनुकूल मेस, रेस्टुरेन्ट, भोजनगृहको सञ्चालनबाट हुने फाइदाबारे ज्ञान हासिल गरी उपयुक्त पेसागत कार्य सञ्चालन गरी आय आर्जन गर्न ।

१३. उमेर शारीरिक अवस्थाअनुरूप बच्चा, युवा र वृद्धहरूका लागि आवश्यक परिमाणअनुसार खानाको योजना गर्न ।

१४. खाद्यवस्तुको गुणस्तर बढाउन खाद्यपदार्थहरूमा थप पौष्टिक तत्वहरू समावेश गर्नुपर्ने आवश्यकतालाई ध्यान दिई Fortification प्रक्रियाबारे थाहा पाउन ।

१५. तयारी खाद्य परिकारहरू कुन तरिकाबाट पस्कने, खुवाउने र ती खाद्य परिकार राख्न आवश्यक भाँडाकुँडाहरू छनोट गर्न समर्थ नई Table manner बारे व्यवस्था गर्न ।

Untitled-22.pdf

सैद्धान्तिक- ५० उत्तीर्णाङ्क १६ पूर्णाङ्क- १००

प्रयोगात्मक- ५० उत्तीर्णाङ्क १६ उत्तीर्णाङ्क- ३२

कक्षा ९ को पाठ्यविषय, क्षेत्र र क्रम

क.सं.	उद्देश्य	शीर्षक	एकाइ	पाठ्यभार	सैद्धान्तिक प्रयोगात्मक	कैफियत
१.	खाना खाने कारण बुझी खाद्यवस्तुको स्रोत र कार्य बताउन सक्नेछन् ।	१. खाना वा भोजन	क. खानाको परिचय ख. खानाको स्रोत ग. खानाको कार्य	५ घन्टी	सैद्धान्तिक	शिक्षकलाई निर्देशन: एउटा कार्डबोर्डमा विद्यार्थीहरु लाई विभिन्न खाद्यवस्तुहरुको वर्गीकरण गर्न लगाई आधारभूत खाद्य समूहको चार्ट बनाउन लगाउने ।
२.	खाद्यवस्तुका आधारभूत समूह र वर्गीकरणबारे थाहा पाउनेछन् ।	२. खाद्यवस्तुको वर्गीकरण	क. खाद्यवस्तुका आधारभूत समूह नौ समूह ख. खाद्यवस्तुको वर्गीकरण चार समूह	७ घन्टी		
३.	विभिन्न खाद्यवस्तुबाट प्राप्त हुने पौष्टिक तत्वहरुबारे ज्ञान हासिल गर्नेछन् ।	३. विभिन्न किसिमका पौष्टिक तत्वहरु	क. विभिन्न खाद्यवस्तुहरुबाट प्राप्त हुने पौष्टिक तत्व १. कार्बोहाइड्रेट २. प्रोटिन ३. भिटामिन ४. खनिज पदार्थहरु रफेज ५. चिल्लो पदार्थ ६. पानी	१०		

Untitled-23.pdf

४.	विभिन्न खाद्यवस्तुहरु किनमेल गरी सुरक्षित रूपमा धन्यबाउन सक्नेछन् ।	४. खाद्यवस्तुको किनमेल र संरक्षण	क. खाद्यवस्तुहरुको किनमेल गर्दा ध्यान दिनुपर्ने कुरा १. आर्थिक स्रोत बजेट २. स्थानीय उपलब्ध खाद्यवस्तुहरु ३. मौसमअनुसारको खाद्यवस्तुहरु ४. रुचि ५. दैनिक साप्ताहिक मासिक किनमेल ख. खाद्यवस्तुहरुको उचित संरक्षण १. किनेर ल्याएको खाद्यसामग्री धन्यबाउने २. पकाई खाई बचेको खाद्यपदार्थको संरक्षण गर्ने तरिका ३. उब्रेका खानाबाट अर्के परिकार बनाउने तरिका ग. भान्सामा प्रयोग गर्ने आधुनिक सामग्रीहरु १. हटकेस (Hot Case)	१३		

Untitled-24.pdf

			२. राइसकुकर (Rice Cooker) ३. ओभन (Oven) ४. टोस्टर (Toaster) ५. फ्रिज (Refrigerator) ६. नन स्टिकप्यान (Non Stick Pan) ७. ग्रिन्डर (Grinder)			
५.	खाने बानीमा असर पार्ने कुराहरू बुझ्न सक्नेछन् ।	५. खाने बानी	क. परिचय १. नेपालीहरूको स्वादअनुसारको खाने बानी २. विदेशीहरूको खाने बानी तालिका दिने ख. खाने बानीमा असर पार्ने कुराहरू १. धार्मिक तथा सांस्कृतिक कारण २. भौगोलिक कारण ३. सामाजिक तथा आर्थिक कारण ४. स्थानीय उपलब्ध खाद्यसामग्री		सैद्धान्तिक	

			५. शारीरिक अवस्था ६. उमेर ७. लिङ्ग ८. रुचि ९. मौसम १०. आर्थिक अवस्था ग. दैनिक खानाको योजना गर्दा मेनुको प्रयोग घ. एक दिनभरिको खानाको तालिका ऊति क्यालोरी दिने त्यो पनि लेख्ने अथवा क्यालोरीको आवश्यकताअनु सार तालिका दिने			
६.	रेसेपीको परिचय र महत्त्व बुझी विभिन्न परिकारहरू तयार गर्न सक्नेछन् ।	६. रेसेपी	क. रेसेपीको परिचय ख. रेसेपीको महत्त्व ग. विभिन्न परिकारका रेसेपीहरू १. मोमो २. समोसा ३. चप ४. पकौडा ५. भरुवा परौठा ६. फ्राइड चाउचाउ ७. चिप्स ८. Pan Cake	१०० घण्टी	प्रयोगात्मक	

Untitled-26.pdf

			९. बदाम, भटमास, केराउ, बोडी, उसिनी वा भुटी सोयले (कुनै १) १०. Sandwich ११. French-Toast १२. Fried rice वा पुलाउ (कुनै १) १३. कबाफ १४. लप्सीको अचार १५. सस (Tomato Sauce) १६. एग करी (Egg Curry) १७. लालमोहन १८. सुवाको बर्फी १९. गाजरको हलुवा २०. फ्रुट सलाद (Fruit Salad) २१. भेजिटेबल सलाद (Vegetable Salad) २२. अम्लेट २३. स्क्राम्बल्ड एग (Scrambled Egg) २४. पोच (Egg) २५. पिज्जा घ. व्यापारिक दृष्टिकोणले आकर्षक छड्गबाट			

			रेस्टुरेन्ट सञ्चालन गर्ने उपायहरू १. सोकेस बनाउने २. खाद्य पदार्थको मूल्यसूची तयार गर्ने ३. टोकन प्रथा र (Self Service) आफै गर्ने ४ मेनुको नमुना कार्ड बनाउने च. प्रचारप्रसार गर्ने तरिका (पोस्टर, चित्रबाट) छ. खाद्य परिकारको मूल्य निर्धारण गर्ने प्रक्रिया छ.१. खाद्य परिकारको मूल्य निर्धारण गर्ने प्रक्रिया छ.२ लागत			
७.	खाद्यवस्तु सञ्चालनमा सूक्ष्म जीवाणुको प्रकृति बुझ्न सक्नेछन् ।	७. सूक्ष्म जीवाणु	क. सूक्ष्म जीवाणुको परिचय ख. खाद्य पदार्थहरूमा सूक्ष्म जीवाणुहरूको सदुपयोग ग. खाना विषालु र सङ्क्रमण हुने कारणहरू (Food Poisoning र Food Infection)	५ घन्टी	सैद्धान्तिक	

Untitled-28.pdf

कक्षा १० को पाठ्यविषय, क्षेत्र र क्रम

क.सं.	उद्देश्य	शीर्षक	एकाइ	पाठ्यभार	सैद्धान्तिक/ प्रयोगात्मक	कैफियत
८.	खाद्य नियमावली तथा खाद्य मिसावटबारे ज्ञान हासिल गर्न सक्नेछन् ।	८. खाद्य नियमावली तथा मिसावट खाद्यवस्तुहरू	क. परिचय ख. मिश्रित खाद्य पदार्थहरू ग. मिश्रित खाद्य पदार्थहरू जाँच गर्ने साधारण तरिकाहरू घ. टिनको बट्टामा Canned Food र प्याकेटको तयारी खाना किन्दा ध्यान दिनुपर्ने कुराहरू ङ. कँतारे खाद्य सामग्री किन्दा ध्यान दिनुपर्ने कुराहरू च. खाद्य नियमावली	५ घन्टी	सैद्धान्तिक	
९.	पौष्टिक पदार्थको कमी र बढीबाट हुने रोगहरूबारे ज्ञान हासिल गर्न सक्नेछन् ।	पौष्टिक पदार्थको कमी र बढीबाट हुने रोगहरू	क. पौष्टिक तत्त्वको कमीले हुने रोगहरूको परिचय, लक्षण, उपचार १. क्वासिवर्कर २. मरास्मस ३. Rickets, Dry-beriberi ४. बेरीबेरी (Wet-beriberi) ५. स्कर्भी (Scurvy) ६. पेलेग्रा ७. रतन्धो ८. रक्तअल्पता ९. गलगाँड Goitre १०. जलविनियोजन ख. पौष्टिक तत्त्व बढी हुनाले लाग्ने रोगहरू १. ओबिसिटी (Obesity) २. डायबेटिज मेलटस (Diabetes melltus) ३. हाई ब्लड प्रेसर (High blood pressure) ४. हाइपर क्याल्सिमिया (Hyper Calcimia)	१५ घन्टी	सैद्धान्तिक	

Untitled-29.pdf

			५. हाइपर एक्टिभिटिज (Hyperactivities) ६. कोलस्टोरल (Cholestrol) ७. हेपाटाइटिस (Hepatitis) ८. सिरोपिस (Cirrhopis) ९. एसिडिटी (Acidity)			
१०.	दैनिक र विभिन्न आयोजनाको लागि भान्साकोठाको साथै खाने ठाउँ, बस्ने ठाउँको प्रबन्ध र सरसफाइबारे ज्ञान हासिल गर्न सक्नेछन् ।	१०. विभिन्न आयोजनाको लागि भान्साकोठाको प्रबन्ध र सरसफाइ	क. परिचय U shaped L shaped Y shaped भान्साकोठा ख. भान्साकोठामा प्रयोग गरिने विभिन्न आवश्यक सामग्रीहरूको व्यवस्था ग. भान्साकोठामा खाने ठाउँको प्रबन्ध (दैनिक र विभिन्न आयोजनाको लागि) घ. भान्साकोठामा खाना खानुअघि बस्ने ठाउँको प्रबन्ध ङ. भान्साकोठाको सरसफाइ	१० घन्टी	सैद्धान्तिक	शिक्षकलाई निर्देशन, विभिन्न सेपको भान्साकोठा को अवलोकन सम्भव भए गराउने ।
११.	खाना पकाउने विभिन्न तरिकाहरूबारे जानकारी पाउन सक्नेछन् ।	११. खाना पकाउने विभिन्न तरिकाहरू	क. खाना पकाउने मुख्य उद्देश्य ख. खाना पकाउने विभिन्न तरिकाहरू १. उमाल्नु २. तार्नु ३. पोल्नु ४. बफाउनु ५. भुन्नु ६. मधुरो आँचमा पकाउनु			

Untitled-30.pdf

१२.	वातावरण अनुकूल मेस, रेस्टुरेन्ट, भोजनगृह र Paying Guest सशुल्क पाहुनाको सञ्चालन गर्न सक्नेछन् ।	१२. मेस, रेस्टुरेन्ट भोजन गृह र सशुल्क पाहुना Paying Guest को प्रबन्ध	क. परिचय ख. उद्देश्य ग. वातावरणअनुकूल मेस सञ्चालन गर्ने तरिका घ. मूल्य निर्धारण गर्ने तरिका	१० घन्टी	सैद्धान्तिक तथा अवलोकन गर्ने २५-२५ जनाको विद्यार्थीको टोलीलाई स्कुल नजिकैको चलेको कुनै रेस्टुरेन्ट वा होटल आदिमा लगी त्यसको व्यवस्थापन, सफाइ, प्रबन्ध, आर्थिक आम्दानी खर्चसम्बन्धी छलफल गरेर त्यसको रिपोर्ट लेख्न लगाउने ।	
१३.	बच्चा, युवा र वृद्धको खानाको परिमाणबारे थाहा पाउनेछन् ।	१३. उमेर र शारीरिक अवस्थाअनुरुप खानाको योजना ।	क. परिचय ख. उद्देश्य ग. खानाको योजना गर्दा ध्यान दिनुपर्ने कुराहरू उमेर, शारीरिक अवस्था, लिङ्ग, आम्दानी, स्थानीय उपलब्ध खाद्यवस्तु, रुचि भौगोलिक कारण । घ. केटाकेटीको लागि एक दिनको खानाको योजना (मेनु) ङ. युवाको लागि एक दिनको खानाको योजना च. वृद्धका लागि एक दिनको लागि खानाको योजना	३ घन्टी	सैद्धान्तिक	
१४.	खाद्यवस्तुको गुणस्तर बढाउनेबारे ज्ञान हासिल गर्नेछन् । (Fortification of food)	१४. खाद्यवस्तुहरूमा आवश्यक पौष्टिक तत्वहरूको थप (Fortification of food)	क. परिचय ख. उद्देश्य ग. विभिन्न खाद्यवस्तुहरूमा थप पौष्टिक तत्वहरूको जानकारी नुन, दूध, टिनको खाद्यवस्तु, मैदा, नुडल्स, प्याकेटको खाद्य पदार्थ जाम, जेली, मार्गेटिन्स, बिस्कुट, पेय पदार्थ	५ घन्टी	सैद्धान्तिक	

Untitled-31.pdf

१४.	खाद्य परिकार पस्कने खुवाउने तरिकाबारे जानकारी हासिल गर्ने छन् । (Table)	१५. टेबुल म्यानर तथा खाद्य परिकारहरू पस्कने खुवाउने तरिका	१. परिचय २. उद्देश्य ३. खाद्य परिकारअनुसार पकाउने, खाने र खुवाउने सामग्रीहरूबारे (Equipments) जानकारी ४. खाद्य परिकार पस्कने, खुवाउने र दिने (Serve) तरिका	५० घन्टी	प्रयोगात्मक	

शिक्षण भार (पाठ्यघन्टी)

कक्षा ९ मा प्रयोगात्मक १०० घन्टी र सैद्धान्तिक गरी जम्मा १५० घन्टी साथै ६७% प्रयोगात्मक र ३३% सैद्धान्तिक अनुमान गरिएको छ ।

कक्षा १० मा ६० घन्टी सैद्धान्तिक र ५० घन्टी प्रयोगात्मक गरी जम्मा ११० घन्टी साथै ६०% सैद्धान्तिक र ४०% प्रयोगात्मकको लागि अनुमान गरिएको छ ।

शैक्षिक सामग्री

खाद्यविज्ञान विषयको अध्ययन अध्यापनका लागि अनुमानित शिक्षण सामग्रीको सूची निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) प्रयोगशाला
(ख) विभिन्न किसिमको Measuring cup, glass तथा Weighting machine आदि
(ग) विभिन्न थरीका पकाउने र खुवाउने भाँडाकुँडाहरू
(घ) एप्रोन (Apron), पटहोल्डर (Pot Holder), नेप्किन (Napkin), टावेल (Towel) आदि
(ङ) Detergent Powder र साबुन, फेनेल, ब्रस, रुमाल आदि
(च) सोकेस र मूल्यसूची
(छ) विभिन्न प्रकारका खाद्यसामग्रीहरू

५. शिक्षण विधि

उल्लिखित १५ ओटा शीर्षकका लागि निम्नलिखित शिक्षण विधिहरू प्रयोग गरी अध्यापन गराउनुपर्नेछ :

(क) व्याख्यान विधि (ख) प्रदर्शन विधि
(ग) छलफल विधि (घ) शैक्षिक भ्रमण
(ङ) प्रयोगात्मक (च) प्रश्नोत्तर
(छ) समस्या समाधान (ज) अवलोकन र निरीक्षण विधि

६. मूल्याङ्कनका लागि अङ्क विभाजन

सैद्धान्तिक परीक्षा (कक्षा ९ र १० का लागि) पूर्णाङ्क ५० उत्तीर्णाङ्क १६
प्रयोगात्मक परीक्षा (कक्षा ९ र १० का लागि पूर्णाङ्क ५० उत्तीर्णाङ्क १६
जम्मा उत्तीर्णाङ्क ३२ कायम गरिएको छ ।

Untitled-32.pdf

समय : १:३० घन्टा

सोधिने प्रश्न १५ ओटा र अनिवार्य गर्नुपर्ने प्रश्न ८ ओटा कायम गरिएको छ ।

कक्षा ९ का लागि मूल्याङ्कन

क.सं.	शीर्षक	सोधिने प्रश्न	गर्नुपर्ने प्रश्न
१.	खाना वा भोजन	२	२
२.	खाद्यवस्तुको वर्गीकरण	२	२
३.	विभिन्न किसिमका पौष्टिक तत्त्व	४	२
४.	खाद्यवस्तुको किनमेल र संरक्षण	२	२
५.	खाने बानी	३	२
६.	सूक्ष्म जीवाणु	२	१
७.	रेसेपीअनुसार प्रयोगात्मक परीक्षामा ४ परिकार तयार गर्नुपर्नेछ । परीक्षा प्रयोगात्मक हुनेछ ।	१५	८

कक्षा १० का लागि मूल्याङ्कन

क.सं.	शीर्षक	सोधिने प्रश्न	गर्नुपर्ने प्रश्न
८.	खाद्य नियमावली तथा मिसाव्ट खाद्यवस्तुहरू	२	१
९.	पौष्टिक पदार्थको कमी र बढीबाट हुने रोगहरू	२	१
१०.	विभिन्न आयोजनाका लागि भान्साकोठाको प्रबन्ध र सरसफाइ	२	१
११.	खाना पकाउने विभिन्न तरिकाहरू (प्रयोगात्मक)	२	१
१२.	मेस, रेस्टुरेन्ट आदिको प्रबन्ध	२	१
१३.	उमेर, शारीरिक अवस्थाअनुसार खानाको योजना	२	१
१४.	खाद्यवस्तुहरूमा आवश्यक पौष्टिक तत्त्वको थप	२	१
१५.	Table manner र खाद्य पदार्थहरूको पस्कने र खुवाउने तरिका	१५	८

७. प्रयोगात्मक कार्य परीक्षा

(क) प्रयोगात्मक कार्य वर्षभरिको २५ अङ्क

(ख) फाइल ५ अङ्क

(ग) प्रयोगात्मक परीक्षा १५ अङ्क (प्रयोगात्मक कार्यसूचीमध्येबाट कुनै कार्य गराई ती कार्यको अवलोकनका आधारमा १५ अङ्क)

(घ) प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा ५ अङ्क

जम्मा- ५०

Untitled-33.pdf

वाद्यवादन

१. परिचय

विद्यालय तहको माध्यमिक शिक्षा पाठ्यक्रमअनुसार ऐच्छिक द्वितीयपत्रमा वाद्यवादन विषयलाई समावेश गरिएको छ । यसै तथ्यअनुरूप यो पाठ्यक्रम निर्माण गरिएको हो । वाद्यवादनसम्बन्धी पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्री निर्माणमा समेत यस पाठ्यक्रमलाई मूल आधारका रूपमा लिइने छ ।

गायन, वाद्य तथा नृत्यको सम्मिश्रणलाई सङ्गीत भनिन्छ । वाद्य सङ्गीत विषयको एक महत्त्वपूर्ण विधा हो । नेपाली सङ्गीत विषयमा धेरै थरीका बाजाहरू बज्दै आएका छन् । तीमध्ये प्राचीनकालदेखि बज्दै आएका लोकबाजा, परम्परागतबाजा, शास्त्रीय सङ्गीतमा प्रचलित बाजा र आधुनिक सङ्गीतमा प्रचलित बाजाहरूसमेत पर्दछन् । नेपाली बाजा भन्नाले एक वा बढी बाजालाई लिइन्छ । बाजाका ध्वनिहरूबाटै सङ्गीतको जन्म भएको हो । यहाँ बाजाका चारै वर्गअनुसार बाजा र वाद्यवादनलाई उल्लेख गरिएको छ । यसमा सुरवाद्य र तालवाद्यको सैद्धान्तिक र प्रयोगात्मक पक्षलाई दर्साइएको छ ।

यस पाठ्यक्रममा शिक्षाको राष्ट्रिय उद्देश्य, माध्यमिक तहको उद्देश्य, कक्षा ९ र १० का विशिष्ट उद्देश्य तथा विषयवस्तुहरू, क्षेत्र र क्रम, शिक्षण प्रक्रिया, पढाइ समयको व्यवस्था एकाइगत पाठ्यघन्टी र पाठ्यभार, मूल्याङ्कन योजनासमेत उल्लेख गरिएको छ । वाद्यवादन विषयमा ५० प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगात्मक गरी पाठ्यभार छुट्याइएको छ । प्रत्येक त्रैमासिक परीक्षा र टेस्ट परीक्षाका लागि पनि आधार छुट्याइएको छ । एस.एल.सी. परीक्षामा प्रयोगात्मक मूल्याङ्कनका लागि विद्यालयको आन्तरिक र वाह्य परीक्षालाई २५/२५ पूर्णाङ्क छुट्याइएको छ ।

२. साधारण उद्देश्य

माध्यमिक शिक्षा तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्न कुरामा सक्षम हुनेछन् :

१. नेपाली बाजा र वाद्यवादनको सामान्य जानकारी हासिल गर्न ।
२. वाद्य सङ्गीतको परिचय दिन । नाद, सप्तक, थाट, अलङ्कार, राग, स्वर लिपि, ताल र लयको परिचयसहित आफ्नो बाजमा बजाउने सीप हासिल गर्न ।
३. नेपालमा प्रचलित नेपाली बाजाहरूको संरक्षण र संवर्द्धनमा सहयोग पुऱ्याउन ।
४. बेला, गितार, सितार र सरोद बाजाहरूको परिचय र ती बजाहरूमा यमन, राग विलावल, काफी, विन्द्रावनी सारङ्गको परिचयसहित बजाउने सीप हासिल गर्न ।
५. सारङ्गी बाजामा मङ्गलधुन, झ्याउरे, ख्याली र मालश्रीधुनको परिचयसहित बजाउने सीप हासिल गर्न ।
६. बाँसुरीमा यमनराग, राग विलावल, काफी र विन्द्रावनि सारङ्गरागको परिचयसहित बजाउने सीप हासिल गर्न ।

Untitled-34.pdf

७. मुरलीमा व्याचुली झ्याउरे, ख्याली र मैथिली धुनको परिचयसहित बजाउने सीप हासिल गर्न ।

८. लोक र शास्त्रीय बाजाहरूको परिचय दिन र तिनीहरूको संरक्षण गर्न ।

९. भविष्यमा वाद्यवादनसम्बन्धी उच्च शिक्षा हासिल गर्न प्राथमिक आधारशीला तयार गर्न ।

१०. नेपाली बाजाहरूको प्रयोग हुने अन्य विधाका लागि आधारभूत ज्ञान र सीप हासिल गर्न ।

११. नेपाली बाजा र वाद्यवादन प्रयोग गरी परम्परागत तथा व्यावहारिक क्षेत्रका साधारण समस्याहरू हल गर्न ।

१२. राष्ट्रिय गान, भजन, लोक धुन, शास्त्रीय धुन र आधुनिक धुनको परिचयसहित आफ्नो बाजामा बजाउने सीप हासिल गर्न ।

३. विशिष्ट उद्देश्य

(क) विशिष्ट उद्देश्य कक्षा ९

१. नेपाली बाजा र वाद्यवादनको परिचय दिन र महत्त्व बताउन । वाद्यहरूको प्रकार र अन्तर्गगतका बाजाहरूको सामान्य परिचय दिन ।

२. नाद, स्वर, सप्तक, लय, ताल र स्वरलिपिको परिचय दिन । भातखण्डे स्वरलिपि अलङ्कार (१० ओटा) ताललाई आफ्नो बाजामा अभ्यास गर्न ।

३. यमन र बिलवल रागको परिचयसहित बजाउने सीप हासिल गर्न ।

४ बेला, सितार, गितार र सरोद बाजाको परिचय दिन र ती बाजाहरूमा यमन र बिलवल रागको परिचयसहित मध्य लयमा बजाउने सीप हासिल गर्न ।

५. सारङ्गीको परिचयसहित अङ्गवर्णन गर्न । सारङ्गीमा मङ्गलधुन र भ्याउरेको परिचयसहित बजाउने सीप हासिल गर्न ।

६. मुरलीको परिचयसहित अङ्गवर्णन गर्न । मुरलीमा व्याँचुली र झ्याउरेको परिचयसहित बजाउने सीप हासिल गर्न ।

७. बाँसुरीको परिचयसहित अङ्गवर्णन गर्न । बाँसुरीमा यमन र बिलवल रागको परिचयसहित बजाउने सीप हासिल गर्न ।

८. मादलको परिचयसहित अङ्गवर्णन गर्न । मादलमा ख्याली र घिन्तामै धुनको परिचयसहित बजाउने सीप हासिल गर्न ।

९. तबलाको परिचयसहित अङ्गवर्णन गर्न । तबलामा त्रिताल र रूपक तालको परिचयसहित बजाउने सीप हासिल गर्न ।

१०. ढोलकको परिचयसहित अङ्गवर्णन गर्न । ढोलकमा खेताल र कहरवातालको परिचयसहित बजाउने सीप हासिल गर्न ।

११. डम्फुको परिचयसहित अङ्गवर्णन गर्न । डम्फुमा सेलो तालसहितका ८ मात्राका विभिन्न तालहरूको परिचयसहित बजाउने सीप हासिल गर्न ।

Untitled-35.pdf

१७. हार्मोनियम, किबोर्ड र जल तरङ्गबाजाको परिचय दिन र यी बाजामा आधुनिक धुनको परिचयसहित बजाउने सीप हासिल गर्न ।

१८. सुगम भजनको परिचयसहित आफ्नो बाजामा बजाउने सीप हासिल गर्न ।

१९. ऋतुकालीन लोक धुन, शास्त्रीय धुन र आधुनिक धुनलाई आफ्नो बाजामा बजाउने सीप हासिल गर्न ।

४. क्षेत्र र क्रम

एकाइ	विषय क्षेत्र	कक्षा ९ का विषयवस्तु	घन्टी	विषय क्षेत्र	कक्षा १० का विषयवस्तु	घन्टी
१. नेपाली बाजा र वाद्यवादन	१.१. नेपाली बाजा र वाद्यवादन १.२. वाद्य सङ्गीतका आधारभूत धारणा नाद ज्ञान, सप्तक र थाट अलङ्कार स्वरलिपि ताल राग	- परिचय, प्रकार र त्यसअन्तर्गतका बाजाहरू तिनीहरूको महत्त्व तथा नाद, स्वर ज्ञान, सप्तक, थाटको परिचय, प्रयोग र अभ्यास - सुरुका १० अलङ्कारको परिचय अभ्यास भात खण्डे स्वर लिपि - तालको परिचय, वर्णहरूको र अभ्यास - रागको परिचय, यमन र बिलावल रागको परिचय र अभ्यास	१५	१.१. वाद्यमा - अलङ्कार - राग - स्वरलिपि - ताल	- थप पाँच अलङ्कारको परिचय र अभ्यास - काफी र बिन्द्रावनी सारङ्ग रागको परिचय र अभ्यास - भात खण्डे र पाश्चात्य स्वरलिपिको परिचय र अभ्यास - प्रचलित तालहरूको परिचय र अभ्यास	१०
२ बेला/ सितार/ गितार र सारङ्गी	बेला (भ्याइलिन) सितार	- बेलाको परिचय र अङ्ग वर्णन बेलामा यमन राग बिलावलको परिचय तथा बजाउने सीप - सितारको परिचय र अङ्ग वर्णन - गितारको	३०	- बेला (भ्याइलिन) - सितार - गितार - सरोद - सारङ्गी	- बेलामा काफी र बिन्द्रावनी सारङ्गको परिचय तथा मध्य र द्रुत लयमा बजाउने सीप - सितारमा काफी र बिन्द्रावनी सारङ्गको परिचय, तथा बजाउने सीप	२०

Untitled-36.pdf

		परिचय र अङ्ग वर्णन - गितारमा यमन रागको परिचय र बजाउने सीप - सरेदको परिचय र अङ्ग वर्णन - सरोदमा यमन रागको परिचय र बजाउने सीप - सारङ्गीको परिचय - सारङ्गीमा मङ्गल धुन र झ्याउरे			- गितारमा काफी र विन्द्रावनी - सरोदमा काफी र विन्द्रावनी - सारङ्गीको परिचय बजाउने सीप - सारङ्गीमा ख्याली र मालश्री धुनको परिचयसहित बजाउने सीप	
३. मुरली र बाँसुरी	- बाँसुरी - मुरली	- बाँसुरीको परिचय र अङ्ग वर्णन - बाँसुरीमा यमन राग बिलावलको परिचय र मध्य लय बजाउने सीप - मुरलीको परिचय र अङ्ग वर्णन - मुरलीमा ख्याली र झ्याउरेको परिचय र बजाउने सीप	३०	- बाँसुरी - मुरली	- बाँसुरीमा काफी र विन्द्रावनी सारङ्ग रागको परिचयसहित मध्य र द्रुत लय बजाउने सीप - मुरलीमा ख्याली, मैथिली बिभास रागको परिचय र बजाउने सीप	२०
४. मादल, तबला/ ढोलक/ डम्फु/ धिमय/ दापाखी/ डम /मृदङ्ग	- मादल - तबला - ढोलक	- मादलमा ख्याली र धिताङमै तालको परिचय र बजाउने सीप - तबलामा त्रिताल र रूपक तालको परिचय र बजाउने सीप - ढोलकमा ख्याम्टा र कहरवा तालको परिचय र बजाउने सीप	३५	- मादल - तबला - ढोलक - डम्फु - धिमय् - दापा खिं - डुमसेट - मृदङ्ग	- मादलमा झ्याउरे, सोरठी छोटी तालको परिचय र बजाउने सीप - तबलामा झपताल र एकतालको परिचय र बजाउने सीप - ढोलकमा दीपचन्दी र रूपक तालको परिचय र बजाउने सीप	३०

Untitled-37.pdf

	- डम्फु - धिमय् - दापा खिं - ढुम - मृदङ्ग	- डम्फुमा सेलो तालसहित ८ मात्राका विभिन्न तालहरू र बजाउने सीप - धिमय्मा थः ल्हायेगु र च्वःको परिचय र बजाउने सीप - दापा खिंमा थः ल्हायेगु र च्वःको परिचय र बजाउने सीप - ढुममा २/४, ३/४ र ६/८ को परिचय र बजाउने सीप - मृदङ्गमा तिब्रा र सुलतालको परिचय र बजाउने सीप			- डम्फुमा सेलो तालसहित ६ मात्राका विभिन्न तालहरू र बजाउने सीप - धिमय्मा जति ताल र प्रतालको परिचय र बजाउने सीप - दापाखिंमा जति ताल र प्रतालको परिचयसहित र बजाउने सीप - ढुममा ४/४ र ७/८ को परिचय र बजाउने सीप - मृदङ्गमा चौतालको परिचय र बजाउने सीप	
५. हार्मोनियम/किबोर्ड/जल तरङ्ग	- हार्मोनियम - किबोर्ड - जलतरङ्ग	- हार्मोनियम र अङ्ग वर्णन - किबोर्डको परिचय र यसमा लोक धुनको परिचय तथा बजाउने सीप - जलतरङ्गको परिचय र अङ्ग वर्णन	१५	- हार्मोनियम - किबोर्ड - जलतरङ्ग	- हार्मोनियममा आधुनिक धुनको परिचयसहित बजाउने सीप - किबोर्डमा आधुनिक धुनको परिचय र बजाउने सीप - जलतरङ्ग बाजामा आधुनिक धुनको परिचय तथा बजाउने सीप	१५
६. वादनको प्रयोग	- राष्ट्रिय गान - भजन	- राष्ट्रिय गानमा धुनको परिचय र आफ्नो बाजामा वादन अभ्यास - भजनको परिचय र स्थानीय लोक भजनमध्ये कुनै एक भजनको आफ्नो बाजामा	२५	- भजन - लोक धुन - शास्त्रीय धुन - आधुनिक धुन	- सुगम भजनको परिचय - कुनै एक सुगम भजनको आफ्नो बाजामा वादन अभ्यास - कुनै एक षष ऋतुकालीन लोक धुनको परिचय र आफ्ना बाजामा	२०

Untitled-38.pdf

	- लोक धुन - शास्त्रीय धुन - आधुनिक धुन	वादन अभ्यास - लोक धुनको परिचय र ऋतुकालीन लोक धुनहरू - कुनै एक ऋतुकालीन लोक धुनको आफ्नो बाजामा वादन अभ्यास - शास्त्रीयमा आधारित कुनै एक धुनको परिचय र आफ्ना बाजामा वादन अभ्यास - आधुनिक धुनको परिचय - कुनै एक आधुनिक धुनको आफ्नो बाजामा वादन अभ्यास			वादन अभ्यास - शास्त्रीयमा आधारित कुनै थप एक धुनको परिचय र आफ्ना बाजामा वादन अभ्यास - कुनै एक थप आधुनिक धुनको परिचय र आफ्ना बाजामा वादन अभ्यास	

नोटः कक्षा ९ र १० मा निम्नानुसारका अनिवार्य र ऐच्छिक विषयवस्तुहरू हुनेछन्:

कक्षा ९ मा लिइएको विषय क्षेत्रबाट नै कक्षा १० मा विषय क्षेत्र र विषयवस्तुहरू छनोट गर्नुपर्नेछ ।

१. सारङ्गी, तबला, मादल, मुरली र बाँसुरी बाजाका विषयवस्तु अनिवार्य हुनेछन् ।
२. बेला, सितार, सरोद र गितारमध्ये कुनै एक बाजाका मात्र विषयवस्तु लिनुपर्नेछ ।
३. ढोलक, डम्फु, मृदङ्ग, धिम्य, दापाखिं र ड्रमसेट बाजामध्ये कुनै एक बाजाका मात्र विषयवस्तु लिनुपर्नेछ ।
४. हार्मोनियम, किबोर्ड तथा जलतरङ्ग बाजामध्ये कुनै एक बाजाका मात्र विषयवस्तुहरू लिनुपर्नेछ ।

३. शिक्षण प्रक्रिया

वाद्यवादन विषय शिक्षण गर्दा विभिन्न कुराहरूमा ध्यान दिनुपर्दछ । विद्यार्थीहरूको क्रियाकलाप र अभ्यासहरूलाई विद्यार्थी-शिक्षक तथा विद्यार्थी-विद्यार्थीबीच छलफल गरी प्रयोगात्मक कार्य गराउनुपर्दछ । सिकेका ज्ञान र सीपलाई आफ्नो कक्षामा, विद्यालयमा, घरमा, रङ्गमञ्चमा तथा अन्य सम्बन्धित ठाउँमा प्रयोग र प्रदर्शन गर्ने कार्यमा जोड दिनुपर्दछ । वाद्यवादन-प्रयोगात्मक विषय माथिको शिक्षण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीले अघिल्लो कक्षामा अध्ययनबाट पहिले नै

Untitled-39.pdf

सिकिसकेका ज्ञान तथा सीपलाई पुनरावलोकन गर्नुपर्दछ । शिक्षणसिकाइ क्रियाकलाप गर्दा निम्नानुसार शिक्षण विधि, शिक्षण प्रक्रिया तथा शैक्षिक सामग्री प्रयोग गर्न सकिन्छ ।

(क) शिक्षण विधि

वाद्यवादन शिक्षणमा निम्न प्रक्रिया तथा विधिहरू प्रयोग गरी शिक्षण क्रियाकलाप सञ्चालन गरिन्छ:

१. प्रदर्शन विधि २. प्रयोगात्मक विधि ३. प्रश्नोत्तर र छलफल विधि ४. प्रयोगात्मक र छलफल विधि ५. समस्या समाधान विधि ६. खोज विधि ७. अध्ययन भ्रमण र मञ्च प्रदर्शन आदि ।

(ख) शैक्षणिक सामग्रीहरू

१. विभिन्न वाद्ययन्त्रहरू २ वाद्ययन्त्रका चित्रहरू ३. स्टापनोटसनका चित्रहरू ४. पाठ्यक्रम ५. पाठ्यपुस्तक ६. शिक्षक निर्देशिका ७. सन्दर्भ सामग्री ८. अडियो ९. भिडियो टेप आदि ।

५. पढाइ समयको व्यवस्था

कक्षा	पाठ्यभार	पूर्णाङ्क	वार्षिक कुल पिरियड	कैफियत
९	५	१००	१५०	
१०	५	१००	११५	

नोटः विद्यार्थीको स्तर र पूर्वज्ञानअनुरूप सैद्धान्तिक र प्रयोगात्मक विषयवस्तुलाई पाठ्यघन्टीसँग समायोजन गरी शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ । वाद्यवादन प्रयोगात्मक कार्यका लागि विद्यालयभित्र तथा बाहिर मञ्च प्रदर्शन, प्रयोगात्मक कार्य तथा अध्ययन भ्रमण माध्यमद्वारा थप अभ्यास गर्न सकिनेछ ।

६. एकाइगत पाठ्य घन्टी र पाठ्यभार

क्र.सं.	एकाइ	पाठ्यघन्टी	
		कक्षा ९	कक्षा १०
१.	नेपाली बाजा र वाद्यवादन	१५	१०
२.	वेला/सितार/गिटार/सोरद र सारङ्गी	३०	२०
३.	मुरली र बाँसुरी	३०	२०
४.	मादल, तबला, र ढोलक/डम्फु/धिमय् दापा खिं/मृदङ्ग	३५	२५
५.	हार्मोनियम/किबोर्ड/जलतरङ्ग	१५	१५
६.	वादनको प्रयोग	२५	२०
जम्मा		१५०	११५

Untitled-40.pdf

७. मूल्याङ्कन योजना (Evaluation Scheme)

(क) मूल्याङ्कनको आधार

वाद्यवादन शिक्षणमा निम्न उद्देश्य प्राप्तिको आधार लिई विद्यार्थीको मूल्याङ्कन गरिनेछ:

- निश्चित सिकाइउपलब्धिहरू विद्यार्थीहरूले हासिल गर्न सके वा नसकेको परीक्षण गर्न ।
- वाद्यवादननका नयाँ पाठ सिक्नका लागि पूर्वाधार भए वा नभएको परीक्षण गर्न ।
- विद्यार्थी स्वयम्लाई आफूले गरेको प्रगतिसम्बन्धी पृष्ठपोषण दिन ।
- विद्यार्थी स्वयम्लाई आफूले गरेको प्रगतिसम्बन्धी पृष्ठपोषण दिन ।
- शिक्षकलाई उसको शिक्षण र प्रभावकारितासम्बन्धी पृष्ठपोषण दिन ।
- विद्यार्थीहरूलाई उनीहरूको उपलब्धि मापन गरी सोअनुसार निर्धारण गर्न ।
- वाद्य सङ्गीतको व्यावहारिक प्रयोगको प्रगति मापन गरी पृष्ठपोषण दिन र सुधार गर्न ।

(ख) मूल्याङ्कन विधि

मूल्याङ्कन औपचारिक तथा अनौपचारिक रूपमा हुनेछ । निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन गरिनेछ । निर्णयात्मक मूल्याङ्कन परीक्षा लिंदा १०० पूर्णाङ्कमा जाँच लिई तोकिएको परीक्षालाई निर्धारण गरिएको पूर्णाङ्कमा रूपान्तरण गरी अभिलेख राखिनेछ ।

(ग) निर्माणात्मक मूल्याङ्कन

- अवलोकन, सहभागिता, प्रयोगात्मक कार्य, मञ्च प्रदर्शन, छलफल आदिको मूल्याङ्कन गरी पृष्ठपोषण दिने

कक्षा कार्य : कक्षाभित्र सैद्धान्तिक तथा प्रयोगात्मक अभ्यासहरू दिई तिनीहरूको मूल्याङ्कन गरी पृष्ठपोषण दिने ।

गृहकार्य : घर तथा क्षेत्र भ्रमणमा अभ्यास दिई समाधानको मूल्याङ्कन गरी पृष्ठपोषण दिने ।

एकाइ परीक्षा : प्रत्येक एकाइको अन्त्यमा सैद्धान्तिक तथा प्रयोगात्मक परीक्षा सञ्चालन गरी मूल्याङ्कन गरी पृष्ठपोषण दिने ।

(घ) निर्णयात्मक मूल्याङ्कन

निर्णयात्मक मूल्याङ्कनका प्रत्येक परीक्षा निम्नानुसार हुनेछन्:

कक्षा ९ र १० मा निर्णयात्मक मूल्याङ्कनका लागि त्रैमासिक परीक्षा, सैद्धान्तिक अन्तिम परीक्षा, टेस्ट परीक्षा र एस.एल सी. परीक्षा सञ्चालन गरिने छ । प्रत्येक परीक्षामा सैद्धान्तिक र प्रयोगात्मक गरी दुई किसिमका परीक्षा सञ्चालन गरिने छ । दुवैको लागि प्रत्येक परीक्षाका पूर्णाङ्कभार प्रत्येक परीक्षामा छुट्याइएको पूर्णाङ्क ५०/५० प्रतिशत हुनेछ ।

त्रैमासिक परीक्षा: दुईओटा परीक्षा लिने जसको पूर्णाङ्क २०/२० हुनेछ । कक्षा ९ मा दुईओटा र १० मा एउटा त्रैमासिक परीक्षा लिइनेछ । त्रैमासिक परीक्षाका लागि विषयवस्तु विद्यालयले निर्धारण गरी मूल्याङ्कन गर्न सक्नेछन् ।

Untitled-41.pdf

अन्तिम परीक्षा: कक्षा ९ मा शैक्षिक सत्रको अन्त्यमा र कक्षा १० मा टेस्ट तथा एस.एल.सी. परीक्षा सञ्चालन गरिनेछ ।

(ग) परीक्षा सञ्चालन र मूल्याङ्कन व्यवस्था

कक्षा ९ र १० तथा एस.एल.सी. परीक्षाको सैद्धान्तिक तथा प्रयोगात्मक मूल्याङ्क निम्नानुसार हुनेछ:

- परीक्षामा उत्तीर्ण हुनका लागि सैद्धान्तिक र प्रयोगात्मक दुवै परीक्षामा उत्तीर्णाङ्क प्राप्त गर्नुपर्नेछ ।
- सैद्धान्तिक र प्रयोगात्मक परीक्षाको उत्तीर्णाङ्क प्रत्येक परीक्षाको पूर्णाङ्कको क्रमश: ३२ प्रतिशत र ४० प्रतिशत हुनेछ ।

(क) कक्षा ९

कक्षा ९ मा निम्नानुसारका परीक्षा सञ्चालन र मूल्याङ्कन व्यवस्था हुनेछ ।

(अ) सैद्धान्तिक परीक्षा

परीक्षाको किसिम	एकाइ	प्रश्नका किसिम सङ्ख्या	पूर्णाङ्क	समय	कैफियत
पहिलो त्रैमासिक	१ र २	छोटा उत्तर आउने ६ ओटा धेरै छोटा उत्तर आउने १० ओटा	१० प्रतिशत	१.५ घण्टा	
दोस्रो त्रैमासिक	१-४	छोटा उत्तर आउने ६ ओटा धेरै छोटा उत्तर आउने १० ओटा	१० प्रतिशत	१.५ घण्टा	
अन्तिम परीक्षा	१-६	छोटा उत्तर आउने ६ ओटा धेरै छोटा उत्तर आउने १० ओटा	३० प्रतिशत	१.५ घण्टा	

नोट: कक्षा ९ को अन्तिम परीक्षाका लागि विशिष्टीकरण तालिम एस.एल.सी. का लागि दिइएको माध्यमिक तहको विशिष्टीकरण तालिकाअनुसार हुनेछ ।

प्रश्न तथा पूर्णाङ्क व्यवस्था

प्रश्नका किसिम	सङ्ख्या	पूर्णाङ्क
छोटा उत्तर आउने	६ ओटा	६×५= ३०
धेरै छोटो उत्तर आउने	१० ओटा	१०×२= २०

(आ) प्रयोगात्मक परीक्षा

परीक्षाको किसिम	एकाइ	पूर्णाङ्क	समय	प्रयोगात्मक अङ्क व्यवस्था*
पहिलो त्रैमासिक	१ र २	१० प्रतिशत	१.५ घण्टा	५+३+२=१०
दोस्रो त्रैमासिक	१-४	१० प्रतिशत	१.५ घण्टा	५+३+२=१०
अन्तिम परीक्षा	१-६	३० प्रतिशत	१.५ घण्टा	१५+९ +६=३०

नोट: प्रयोगात्मक अङ्क व्यवस्था शीर्षकमा दिइएको सङ्ख्यालाई विस्तृतीकरण तल दिएअनुरूप क्रमश: प्रयोगात्मक कार्य, प्रयोगात्मक कार्यको अवलोकन र प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा मञ्च प्रदर्शन मूल्याङ्कनका लागि छुट्याइएको पूर्णाङ्क व्यवस्था हो ।

Untitled-42.pdf

प्रयोगात्मक परीक्षाको परीक्षा लिंदा प्रश्नको किसिम र सङ्ख्या तथा तिनीहरूको पूर्णाङ्क निम्नानुसार हुनेछ ।*

१. प्रयोगात्मक कार्यसम्बन्धी मञ्च प्रदर्शन: सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको ५० प्रतिशत अङ्क

२. प्रयोगात्मक कार्य दिने र अवलोकन गर्ने: सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको ३० प्रतिशत अङ्क

३. प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा: सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको २० प्रतिशत अङ्क

(ख) कक्षा १०

कक्षा १० मा निम्नानुसार परीक्षा सञ्चालन र मूल्याङ्कन व्यवस्था हुनेछ:

(क) सैद्धान्तिक परीक्षा

परीक्षाको किसिम	एकाइ	प्रश्नका किसिम सङ्ख्या	पूर्णाङ्क	समय
पहिलो त्रैमासिक	१ र २	छोटो उत्तर आउने ६ ओटा धेरै छोटो उत्तर आउने १० ओटा	१० प्रतिशत	१.५ घन्टा
टेस्ट परीक्षा	कक्षा ९ का १-६ कक्षा १० का १-६	छोटो उत्तर आउने ६ ओटा धेरै छोटो उत्तर आउने १० ओटा	४० प्रतिशत	१.५ घन्टा

प्रश्न तथा पूर्णाङ्क व्यवस्था

प्रश्नका किसिम	सङ्ख्या	पूर्णाङ्क
छोटो उत्तर आउने	६ ओटा	६×५= ३०
धेरै छोटो उत्तर आउने	१० ओटा	१०×२=२०

(ख) प्रयोगात्मक परीक्षा

परीक्षाको किसिम	एकाइ	पूर्णाङ्क	समय	प्रयोगात्मक अङ्क व्यवस्था*
पहिलो त्रैमासिक	१ र २	१० प्रतिशत	१.५ घण्टा	५+३+२=१०
टेस्ट परीक्षा	कक्षा ९ का १-६ कक्षा १० का १-६	४० प्रतिशत	१.५ घण्टा	२०+१२+८=४०

नोट: प्रयोगात्मक अङ्क व्यवस्था शीर्षकमा दिइएको सङ्ख्यालाई विस्तृतीकरण तल दिएअनुरूप क्रमश: प्रयोगात्मक कार्य, प्रयोगात्मक कार्यको अवलोकन र प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा/मञ्च प्रदर्शनका मूल्याङ्कनका लागि छुट्याइएको पूर्णाङ्क व्यवस्था हो ।

Untitled-43.pdf

प्रयोगात्मक परीक्षाको परीक्षा लिंदा प्रश्नको किसिम र सङ्ख्या तथा तिनीहरूको पूर्णाङ्क निम्नानुसार हुनेछ ।*

१. प्रयोगात्मक कार्यसम्बन्धी मञ्च प्रदर्शन: सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको ५० प्रतिशत अङ्क

२. प्रयोगात्मक कार्य दिने र अवलोकन गर्ने: सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको ३० प्रतिशत अङ्क

३. प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा: सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको २० प्रतिशत अङ्क

(ग) एस.एल.सी. परीक्षा

(अ) सैद्धान्तिक परीक्षा

परीक्षाको किसिम	एकाइ	प्रश्नका किसिम र सङ्ख्या	पूर्णाङ्क	समय
एस.एल.सी.	कक्षा ९ का १-५ कक्षा १० का १-५	छोटा उत्तर आउने ६ ओटा धेरै छोटा उत्तर आउने १० ओटा	५० प्रतिशत	१.५० घण्टा

प्रश्न तथा पूर्णाङ्क व्यवस्था

प्रश्नका किसिम	सङ्ख्या	पूर्णाङ्क
छोटा उत्तर आउने	६ ओटा	६×५=३०
धेरै छोटो उत्तर आउने	१० ओटा	१०×२=२०

माध्यमिक तहको ऐच्छिक द्वितीय पत्र वाद्यवादन विषयको विशिष्टीकरण तालिका

अन्तिम परीक्षा (नयाँ २०६० अनुसार)

क.सं.	क्षेत्र/एकाइ	धेरै छोटो		छोटो		जम्मा प्रश्न सङ्ख्या	जम्मा पूर्णाङ्क
	प्रश्न सङ्ख्या	प्रश्न सङ्ख्या	पूर्णाङ्क	प्रश्न सङ्ख्या	पूर्णाङ्क		
१.	नेपाली बाजा र वाद्यवादन	२	४	१	५	३	९
२	बेला....	२	४	१	५	३	९
३.	मुरली.....	२	४	१	५	३	९
४.	मादल.....	२	४	१	५	३	९
५.	हार्मोनियम...	१	२	१	५	२	७
६.	वादन.....	१	२	१	५	२	७
	जम्मा	१०	२०	६	३०	१६	५०

Untitled-44.pdf

(आ) प्रयोगात्मक परीक्षा

परीक्षाको किसिम	एकाइ	पूर्णाङ्क	समय	कैफियत
एस.एल.सी	कक्षा ९ का १-५ कक्षा १० का १-५	५० प्रतिशत	१.५० घन्टा	

नोट:

१. प्रयोगात्मक परीक्षा आन्तरिक र बाह्य गरी दुई किसिमको हुनेछ ।

२. आन्तरिक प्रयोगात्मक परीक्षाको पूर्णाङ्क २५ प्रतिशत (२५ अङ्क) हुनेछ, विद्यालयमा कक्षा ९ र १० मा प्राप्त गरेको प्राप्ताङ्कको औसत अङ्क आन्तरिक प्रयोगात्मक परीक्षाको प्राप्ताङ्क हुनेछ । यस परीक्षाको प्राप्ताङ्क विद्यालयले मूल्याङ्कन गरी पठाउने व्यवस्था हुनेछ ।

३. बाह्य प्रयोगात्मक परीक्षाको पूर्णाङ्क २५ प्रतिशत (२५ अङ्क) हुनेछ, बाह्य परीक्षकद्वारा तल दिइएबमोजिम मूल्याङ्कन गरी विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क बाह्य प्रयोगात्मक परीक्षाको प्राप्ताङ्क हुनेछ ।

प्रयोगात्मक परीक्षाको परीक्षा लिंदा प्रश्नको किसिम र सङ्ख्या तथा तिनीहरूको पूर्णाङ्क निम्नानुसार हुनेछ :

१. प्रयोगात्मक कार्यसम्बन्धी मञ्च प्रदर्शन: सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको ५० प्रतिशत अङ्क (१२.५ अङ्क)

२. प्रयोगात्मक कार्य दिने र अवलोकन गर्ने: सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको ३० प्रतिशत अङ्क (७.५अङ्क)

३. प्रयोगात्मक कार्यसम्बन्धी मौखिक परीक्षा: सम्बन्धित जाँचको प्रयोगात्मक परीक्षाको पूर्णाङ्कको २० प्रतिशत अङ्क (५ अङ्क)

(घ) प्रयोगात्मक परीक्षाको लागि निर्देशन

प्रयोगात्मक परीक्षाको मूल्याङ्कन गर्दा एकरूपता लागि निम्नानुसारका पक्षहरूमा ध्यान पुऱ्याउनु पर्नेछ

१. वाद्य सङ्गीतको धुन वादनको मूल्याङ्कन गरी यसलाई २० प्रतिशत दिने ।

२. स्वर पहिचान गरी मूल्याङ्कन गरी २० प्रतिशत अङ्क दिने ।

३. ताल प्रदर्शनलाई मूल्याङ्कन गरी २० प्रतिशत अङ्क दिने

४. प्रस्तुतिलाई मूल्याङ्कन गरी ४० प्रतिशत अङ्क दिने ।

Untitled-45.pdf

पत्रकारिता

१. परिचय

पत्रकारिता अरू विधा जस्तै एक व्यवसायमूलक विषय हो । वि.सं. २०३५ सालदेखि विश्वविद्यालय तहमा पत्रकारिताको पाठ्यक्रम समावेश भई यो औपचारिक शिक्षाको एक अङ्ग बन्न पुग्यो । केही वर्षदेखि यस विधाको अध्ययन अध्यापनतर्फ जनअभिरुचि निकै बढेको छ ।

पहिले प्रवीणता प्रमाणपत्र तह, त्यसको तीन वर्षपछि स्नातक तह तथा २०५५ सालदेखि उच्च माध्यमिक तहको पाठ्यक्रममा ऐच्छिक विषयको रूपमा समावेश भई पत्रकारिता विषयको अध्ययनको फाँट निकै फराकिलो हुँदै गएको छ ।

शिक्षण संस्थाहरूमा नियमित अध्ययन गरिने विषयका अतिरिक्त निजीस्तरमा कार्यरत संस्थाहरूको सक्रियतामा प्रदान गरिने व्यावसायिक प्रशिक्षण कार्यक्रमहरूको योगदान पनि महत्त्वपूर्ण छ । यी प्रयासहरूले गर्दा आज पत्रकारिता विषयको अध्ययनबाट धेरै युवा समुदायका लागि वैकल्पिक रोजगारीको अवसर मिलेको छ ।

अहिलेसम्मका परिमाणका आधारमा माध्यमिक तहका ९ र १० कक्षामा ऐच्छिक विषयको रूपमा पत्रकारिता (Journalism) विषयलाई समावेश गर्नु उपयुक्त देखिएकाले यो पाठ्यक्रम तयार पारिएको हो । पत्रकारिताको अभ्यास बहुआयामिक विषयहरूको अध्ययनमा आधारित हुने र विविध विषयबारे पर्याप्त ज्ञान भइसकेपछि यसको शिक्षण प्रस्तावित गर्नु उपयुक्त हुने परम्परा अवधारणा रहेको देखिन्छ । माध्यमिक तहमा सन्तुलित र सरल किसिमबाट यो विषयका प्रारम्भिक ज्ञानहरू समावेश भएको पाठ्यांश सञ्चालित भएमा छात्रछात्राको व्यक्तित्व निर्माण र भावी सर्वाङ्गीण शिक्षाको जग बलियो हुने नयाँ अवधारणा युग सुहाउँदो पाठ्यक्रम सुधारको एक अङ्ग बन्न पुग्दछ ।

उपर्युक्त अवधारणाको पृष्ठभूमिका ९ र १० कक्षाका लागि ऐच्छिक विषयको रूपमा पत्रकारिता विषयको यो नयाँ पाठ्यक्रमको तर्जुमा गरिएको छ ।

२. साधारण उद्देश्यहरू

माध्यमिक तह (कक्षा ९ र १०) को पत्रकारिता विषयको अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन्:

१. पत्रकारिता विषयको महत्त्व, परिभाषा कार्यक्षेत्रबारे बुझ्न र अरूलाई बुझाउन

२. पत्रकारिता र अरू सामाजिक शास्त्रबीच सामञ्जस्य वा अन्तर बुझ्न ।

३. दिनहुँ प्रचलनमा आएका सञ्चार प्रविधिको प्रयोजन तथा उपयोग बुझेर आशय व्यक्त गर्न ।

४. समाचारपत्र, पत्रपत्रिका, रेडियो, टेलिभिजन र अन्य आमसञ्चार साधनहरूका सेवा र कार्यक्षेत्रबारे सामान्य जानकारी हासिल गर्न ।

५. विश्वमा छापा माध्यमको विकासक्रमबारे सामान्य जानकारी हासिल गर्न ।

Untitled-46.pdf

३. विशिष्ट उद्देश्यहरू

(क) पत्रकारका वाञ्छनीय योग्यता, काम र जिम्मेवारीहरूलाई जानकारी हुने ।

(ख) समाचारका विषयवस्तुबारे ज्ञान हुने ।

(ग) समाचारमूलक घटना छुट्याउन सक्ने ।

(घ) सामान्य समाचार लेखनको कार्यगत अभ्यास क्षमता निर्माण हुने ।

(ङ) समाचार लेखनका मुख्य बुँदाबारे जानकारी भई उपयोग गर्न सक्ने क्षमता विकास हुने ।

(च) समाचार लेखन र सङ्कलनबारे आधारभूत जानकारी हुने ।

(छ) रिपोर्टिङ सीपको सैद्धान्तिक पक्ष र प्रयोगबारे आधारभूत जानकारी हुने ।

(ज) समाचारका मुख्य स्रोत र उपयोगबारे प्रारम्भिक ज्ञान हुने ।

(झ) रिपोर्टिङबाट प्राप्त सामग्रीको पुनर्लेखन (Rewriting), सम्पादन (Editing) र शीर्षक लेखनबारे जानकारी हुने ।

(ञ) कार्यगत अभ्यास सीपको सैद्धान्तिक र प्रायोगिक पक्षबारे आधारभूत जानकारी हुने ।

(ट) प्रायोगिक अभ्यासबाट भाषाशुद्धिको ज्ञान बढ्ने ।

(ठ) हिज्जे, वर्णविन्यास आदिको ज्ञान हुन गई अपेक्षाकृत सरल, स्पष्ट र रोचक शैलीमा अभिव्यक्ति गर्ने बानी बस्ने ।

(ड) भाषा शुद्धाशुद्धि (Proof reading) गर्ने नमुना अभ्यास र सङ्केतहरूको जानकारी हुन गई उपयुक्त सीप निर्माण हुने ।

(ढ) समाचारका सारसङ्क्षेप रिपोर्ट र सामग्रीलाई संयोजित ढङ्गमा प्रस्तुत गर्न सक्ने ।

(ण) स्कुल पत्रिका, भित्तेपत्रिका, पोस्टरहरूको साजसज्जा गर्न सक्ने खुबी निर्माण हुने ।

४. क्षेत्र तथा क्रम

कक्षा ९

क्र.सं.	विषयवस्तुको क्षेत्र तथा क्रम	अङ्कभार	पा.भा.
१.	पत्रकारिताको परिचय - आमसञ्चारका माध्यमबारे चिनारी - पत्रकारिताका प्रकार - पत्रकारका गुणहरू	१०	२०
२.	सङ्क्षिप्त विकसक्रम - एक्टा ड्युना - जोन गुटेनबर्गको देन - छापा पत्रकारिताको विकास - रेडियो तथा टेलिभिजन पत्रकारिता - अन्य श्रव्य-दृश्य माध्यमहरू	१०	२०

Untitled-47.pdf

३.	नेपाली पत्रकारिताको विकासक्रम - प्रारम्भिककाल गोरखापत्रको जन्म - वि.सं. २००७ देखि २०४६ सम्मको पत्रकारिता - २०४७ देखिको पत्रकारिता	१०	२०
४.	समाचार सङ्कलन र सम्पादन - समाचारका स्रोतहरू - समाचारको प्रस्तुतीकरण शैली - हेडलाइन (Headline) र लिडलाइन (Lead line) लेख्ने कला - पत्रकार सम्मेलन - अन्तर्वार्ता	१५	३०
५.	समाचारको चिनारी - समाचारको परिभाषा - समाचारका किसिम र भेदहरू - समाचारको बनोट - समाचारका मुख्य तत्त्वहरू - सत्य, तथ्य र वस्तुगत विवरणको महत्त्व - सम्पादकीय - पाठक प्रतिक्रिया	२०	४०
६.	नेपाली भाषामा समाचार लेखन - समाचारमा वर्णविन्यास - वाक्य संरचना र संयोजना - पत्रकारिताका पारिभाषिक शब्दावली - समाचारको सङ्क्षेपीकरण र विस्तृतीकरण	१०	२०
	जम्मा- (सैदान्तिक) (प्रयोगात्मक)	७५ २५	१५०

Untitled-48.pdf

कक्षा- १०

क्र.सं.	विषयवस्तुको क्षेत्र तथा क्रम	अङ्कभार	पाठ्यभार
१	प्रेस स्वतन्त्रता - पत्रकारिता र प्रजातन्त्र - मानवअधिकार र प्रेस स्वतन्त्रता - नेपालको संविधानमा प्रेस स्वतन्त्रता - पत्रकारिता र सामाजिक जिम्मेवारी	२०	३०
२	पत्रकारितामा साजसज्जा - शुद्धाशुद्धिका सङ्केतहरू - समाचार पुनर्लेखन - विशेष स्तम्भहरू - फोटो पत्रकारिता - नेपालमा फोटो पत्रकारिता	२०	३०
३	विद्युतीय पत्रकारिता - परिचय - माध्यमहरू - समाचार सम्प्रेषणका तरिका	२०	३०
४	पत्राकरिताका आर्थिक एवम् प्राविधिक पक्ष - विज्ञापन व्यवसाय - वितरण प्रणाली - बजार व्यवस्था - प्रेस व्यवस्थापन - कम्प्युटरको प्रयोग	१५	२०
	जम्मा- (सैद्धान्तिक) (प्रायोगिक)	७५ २५	११०

५. शिक्षण विधि

माध्यमिक तहमा पत्रकारिता विषयको अध्ययनलाई सकेसम्म सरल, रोचक र बोधगम्य तरिकाले प्रस्तुत गरिनुपर्दछ, जसबाट अरू तहमा राखिने पाठ्यक्रम र यस तहको पाठ्यक्रमबीच स्पष्ट अन्तर देखा पर्छन् ।

यो लक्ष्य प्राप्तिका लागि निम्नलिखित प्रक्रिया र विधि सहायक सिद्ध हुनेछन्:

- व्याख्यान
- छलफल

Untitled-49.pdf

- प्रदर्शन
- अभिनय
- प्रश्नोत्तर

यी विधिहरू प्रयोग गर्न निम्नलिखित प्रक्रिया अपनाउनुपर्नेछ:

(क) विद्यालयको पुस्तकालयमा नेपाली भाषामा प्रकाशित पत्रकारिता विषयका पुस्तकहरू राख्ने र पुस्तकका उपयुक्त अंशहरू निकालेर कक्षागत अभ्यासमा प्रयोग गर्ने ।

(ख) ठाउँ परिवेशअनुसार उपलब्ध पत्रकारिताहरूको नमुना सङ्कलन गर्ने र ती सामग्रीका आधारमा पत्रपत्रिकाको विशेषताहरूबारे जानकारी गराई लिखित अभ्यास गराउने ।

(ग) पाठ्यांश अध्यापन गर्दा उपलब्ध भएसम्म सन्दर्भ सामग्रीहरू, नमुनाहरू र उदाहरणको उपयोग गर्नु उचित हुनेछ । उदाहरणका लागि गोरखापत्रबारे चर्चा गर्नुपर्दा पत्रिकाको नमुना प्रस्तुत गर्ने, समाचार लेखनकलाबारे चर्चा हुँदा समाचार लेख्न लगाउने, समाचार शीर्षक (Head line) लेख्न लगाउने गर्नुपर्दछ ।

(घ) प्रेस स्वतन्त्रताबारे उल्लेख गर्दा नेपालको संविधानको नमुना देखाउने, त्यसका अंशको टिपोट लेखाउने, शुद्धाशुद्धिका सङ्केतहरूका नमुना देखाउने र लेख्न लगाउने, फोटो पत्रकारिताअन्तर्गत क्यामेरा परिचालनको प्रदर्शन गर्ने र फोटोका विभिन्न नमुनाहरू प्रदर्शित गर्ने गराउनुपर्दछ ।

(ङ) विद्युतीय पत्रकारितावारे अभ्यास गराउँदा कक्षामा सम्भव भएसम्म साधनहरूको प्रत्यक्ष प्रदर्शन तथा अवलोकन गराउनु उचित हुनेछ । यो सम्भव नभएमा कार्डबोर्ड रेखाचित्र वा तयारी सामग्री प्रयोग गरेर प्रदर्शन गर्न सकिनेछ ।

(च) विज्ञापनबारे शिक्षण गर्दा विज्ञापन नमुनाहरूको उपयोग गर्ने र कम्प्युटरका कामबारे चर्चा गर्दा भएसम्म कम्प्युटरको नमुना प्रदर्शन हुनु वाञ्छनीय हुन्छ ।

(छ) पत्रकारिता विषय पढाइने स्कुलमा एकदुई पत्रपत्रिकाको पहुँच, एउटा साधारण स्तरको फोटो क्यामेरा, एउटा रेडियो, एउटा टि.भी. र एउटा क्यासेट टेपरेकर्डको व्यवस्था हुनु नितान्त आवश्यक छ ।

६. मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रममा निर्दिष्ट लक्ष्य र योजनाअनुसार कक्षागत शिक्षणमा कुन ढङ्गले प्रगति भइरहेको छ सो निश्चित गर्न समयसमयमा अनुगमन एवम् मूल्याङ्कन भई रहनुपर्दछ ।

कार्यप्रगतिको अनुसरणात्मक मूल्याङ्कन निम्नलिखित आधारमा गरिनेछ:

(क) महिनामा दुई पटक विद्यार्थीहरूलाई लेखन अभ्यास गराउने । यस्तो अभ्यासमा विद्यार्थीहरूले पाएको अङ्क वा ग्रेडको रेकर्ड राख्ने ।

(ख) विद्यार्थीहरूलाई सिर्जनशील विषयमा लेख्न र अग्रसरता देखाउन प्रेरित गर्न प्रत्येक तीन महिनामा सामूहिक छलफल कार्यक्रम वा गोष्ठी राख्ने । यस्तो कार्यक्रममा सम्बन्धित

Untitled-50.pdf

विषयका ज्ञातालाई स्रोतव्यक्तिको रूपमा आमन्त्रण गर्न सकिनेछ। कार्यक्रममा विद्यार्थीहरूले देखाएको तत्परता वा सम्पन्न कार्यको अभिलेख राख्नुपर्नेछ।

(ग) सञ्चालन संस्थाहरूको अवलोकन गर्ने स्थलगत भ्रमण कार्यक्रम वर्षको एकपटक राख्नुपर्नेछ।

(घ) कक्षा शिक्षकको निर्देशनका आधारमा विद्यार्थीहरूले तयार पारेका फाइल पनि मूल्याङ्कनको आधार हुनेछ।

(ङ) पत्रकारिता विषयको मूल्याङ्कनका लागि निम्नलिखित मूल्याङ्कन आधार अवलम्बन गर्नुपर्नेछ:

कक्षा ९	अङ्क	कक्षा १०	अङ्क
सैद्धान्तिक परीक्षा	७५	सैद्धान्तिक परीक्षा	७५
प्रयोगात्मक परीक्षा	२५	प्रयोगात्मक परीक्षा	२५
जम्मा-	१००	जम्मा-	१००

(च) प्रयोगात्मक परीक्षाका लागि निम्नलिखित आधार लिनुपर्नेछ:

शीर्षक	अङ्क	तरिका
- भित्तेपत्रिकाको प्रारूप (साजसज्जा, सम्पादकीय, शीर्षक)	१०	वर्षमा ५ पटक कक्षागत रूपमा निकाल्नुपर्ने
- फाइल	५	व्यक्तिगत रूपमा तयार गर्नुपर्ने
- समाचार टिपोट	५	वर्षमा ५ पटक व्यक्तिगत रूपमा गर्नुपर्ने
- पत्रकार सम्मेलन र अन्तर्वार्ता	५	सामूहिक रूपमा वर्षमा १ पटक गर्नुपर्ने
जम्मा-	२५	

(छ) कक्षा ९ को २५ अङ्क र कक्षा १० को २५ अङ्कको औसत कक्षा १० को अन्तिम परीक्षाको प्रयोगात्मक अङ्क मानिनेछ।

- पत्रकारिता विषयको पाठ्यभार प्रतिहप्ता ५ पिरियड र वार्षिक कक्षा ९ मा १५० तथा कक्षा १० मा ११० पिरियड राखिएको छ।
- प्रयोगात्मक परीक्षाका लागि पाठ्यभार सैद्धान्तिक अध्ययनकै क्रममा आफैं निर्धारण गर्नुपर्नेछ।
- यो पाठ्यक्रम शैक्षिक सत्र २०५७/०५८ देखि लागू हुनेछ।

Untitled-51.pdf

औद्योगिक शिक्षा
(Industrial Education)

१. परिचय

व्यावसायिक शिक्षालाई जीवन उपयोगी बनाउन र श्रमप्रति बढी जागरुक गराउन औद्योगिक शिक्षाका पाठ्यक्रमलाई समयसापेक्ष परिमार्जन गरी कक्षा ९ र १० को पाठ्यक्रम तयार पारिएको छ। यस औद्योगिक शिक्षा पाठ्यक्रमले देशको आर्थिक विकासमा टेवा पुऱ्याउन उद्यमशील, स्वावलम्बी र सिर्जनशील जनशक्ति तयार गर्ने लक्ष्य राखेको छ। यस पाठ्यक्रममा प्राविधिक रेखाचित्र, काष्ठकार्य, धातुकार्य, बिजुली जडान र भवन निर्माण विषयहरूमा आधारभूत ज्ञान र सीप दिने उद्देश्यले समावेश गरिएको छ। यस इच्छाधीन विषयलाई १०० पूर्णाङ्क र ५ पाठ्यभार निर्धारित गरिएको छ। माथि उल्लिखित पाँच विषयहरूमध्ये प्राविधिक रेखाचित्र र काष्ठकार्य कक्षा ९ र धातुकार्य, बिजुली जडान र भवन निर्माण विषयहरूमध्ये कुनै दुई विषय कक्षा १० मा अध्ययन गराउनुपर्नेछ।

कक्षा ९

विषय :

(क) प्राविधिक रेखाचित्र (Technical Drawing)

(ख) काष्ठकार्य (Wood Working)

कक्षा १० -कुनै दुई विषय मात्र)

(क) धातु कार्य (Metal Work)

(ख) विद्युत् जडान (Electrical Installation)

(ग) भवन निर्माण (Building Construction)

२. साधारण उद्देश्य (General Objectives)

यो पाठ्यांश पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन्:

१. औद्योगिक शिक्षाको अर्थ, परिचय र महत्त्व भन्न।

२. कुनै वस्तुको निर्माण वा मर्मत कार्य गर्न अति आवश्यक पर्ने साधारण रेखाचित्र खिच्न।

३. सामान्य रेखाचित्र बुझेर पढ्न।

४. उपर्युक्त कामका लागि आवश्यक पर्ने आधारभूत सामग्रीहरूको परिचय दिन र तिनीहरूको प्रयोग गर्न।

५. औजारहरूको परिचय दिन र सामान्य जानकारी दिई यिनीहरूको सही ढङ्गबाट प्रयोग गर्न।

६. औजारहरू प्रयोग गर्दा सुरक्षा नियम पालन गरी काम गर्न।

७. उपलब्ध सामग्रीबाट काठ, बिजुली, भवन निर्माण र धातुका सामान्य वस्तुहरूको मर्मत कार्य गर्न।

Untitled-52.pdf

८. काठ, भवन, बिजुली र धातुका वस्तुहरूको मर्मत गर्दा प्रयोग हुने उपयुक्त सामग्री छनोट गर्न ।

३. विशिष्ट उद्देश्य (Specific Objectives)

यो पाठ्यांश पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

कक्षा ९

(क) परिचय

१. औद्योगिक शिक्षाको आवश्यकता र महत्त्व भन्न ।

२. घरेलु तथा सामान्य किसिमको व्यवसायमा प्रयोग हुने कामका बारेमा आधारभूत कुराहरूको जानकारी दिन ।

(ख) प्राविधिक रेखाचित्र (Technical Drawing)

३. प्राविधिक रेखाचित्रको परिचय, महत्त्व र आवश्यकता बताउन ।

४. रेखाचित्रमा प्रयोग गरिने सामान्य उपकरणहरू चिन्न र प्रयोग गर्न ।

५. विभिन्न किसिमका रेखाहरू खिच्न ।

६. ज्यामितीय आकारहरू खिच्न ।

७. त्रि-आयाम चित्र (Pictorial Drawing) को महत्त्व बताउन ।

८. साधारण आयतकार वस्तुहरूको अब्लिक (Oblique) र आइसोमेट्रिक (Isometric) चित्र खिच्न ।

९. बहुदृश्य चित्र (Multiview) को महत्त्व बुझी साधारण आयतकार वस्तुहरूको बहुदृश्य चित्र खिच्न ।

१०. नाप दिने तरिका बुझी रेखाचित्रको नाप दिन ।

११. साधारण रेखाचित्रलाई पढ्न ।

(ग) काठको काम (Wood Work)

१२. काठको कामको ऐतिहासिक पृष्ठभूमि, महत्त्व तथा परिचयको जानकारी गर्न ।

१३. काठको बनावटको परिचय दिन ।

१४. काठमा हुने प्राकृतिक खराबीहरू चिन्न ।

१५. काठ सुकाउने (Seasoning) विधिहरूको उपयोगिता बताउन ।

१६. नेपालमा पाइने मुख्य मुख्य काठहरूको परिचय दिन ।

१७. काठका जोर्नीहरूको आवश्यकता बताउन र सामान्य जोर्नीहरू बनाउने विधिहरूको अभ्यास गर्न ।

१८. काष्ठ कार्यका आधारभूत ज्यावलहरू किनी तिनीहरूलाई सुरक्षित किसिमले प्रयोग गर्न ।

१९. ज्यावलहरूको स्याहार सम्भार गर्न ।

२०. काठमा प्रयोग हुने साधनहरूको परिचय दिन र तिनीहरूको प्रयोग गर्न ।

Untitled-53.pdf

२१. काठबाट बनेका वस्तुहरूमा प्रयोग गरिने रङरोगनहरूको आवश्यकता पहिचान गर्न र महत्त्व बताउन ।

२२. काठका केही सामान्य वस्तुहरू बनाउन ।

कक्षा १० मा तल उल्लेखित तीन विषयहरूमध्ये कुनै दुई विषय मात्र छनोट गरी अध्ययन गराउने ।

(घ) धातुको काम (Metal Work)

२३. धातुको कामको परिचय दिन र महत्त्व बताउन ।

२४. विभिन्न किसिमका धातुका पाताहरूको उपयोग गर्न ।

२५. फलामे (Ferrous), अफलामे (Non-ferrous) र केही मिश्रित धातुहरू चिन्न ।

२६. ज्यावलहरूसँग परिचित भई सुरक्षित ढङ्गले धातुका पाताहरूमा गरिने आधारभूत कार्यहरू गर्न ।

२७. धातुबाट बनेका वस्तुहरूमा गरिने रङरोगनका बारेमा जानकारी दिन ।

२८. धातुका पाता र मोटो तारबाट सामान्य वस्तुहरू बनाउन ।

(ङ) बिजुली जडान (Electrical Installation)

२९. बिजुली र विद्युत् शक्तिको परिचय, आवश्यकता एवम् महत्त्व बताउन ।

३०. विद्युतीय सिद्धान्त र यसका नियमहरूको जानकारी दिन ।

३१. विद्युत् धारा (Current) को प्रकार र प्रयोगको जानकारी दिन ।

३२. साधारण विद्युतीय उपकरणहरूको आवश्यकताको जानकारी दिन ।

३३. विद्युतीय परिपथको रेखाङ्कन चित्र पढ्न र खिच्न ।

३४. अर्थिङको परिचय बताउन ।

३५. बिजुली जडानको बारेमा जानकारी दिन ।

३६. सुरक्षाका नियमहरूको जानकारी गर्न ।

३७. सामान्य विद्युतीय सामग्रीहरूलाई परिपथमा आवश्यकताअनुसार जडान गर्न ।

(च) भवन निर्माण (Building Construction)

३८. भवन निर्माणको परिचय र महत्त्व बताउन ।

३९. भवन निर्माणमा प्रयोग हुने केही सामग्रीहरूको आवश्यकता पहिचान गर्न ।

४०. सिमेन्टको सही प्रयोग गर्न ।

४१. भवन बनाउँदा अपनाउने विधिहरूको जानकारी दिन ।

४२. चिसोबाट सुरक्षा गर्ने विधिको परिचय दिन ।

४३. गारो, ढोका, झ्याल र कोपु (Lintel) को महत्त्व बताउन ।

४४. भूकम्पबाट सुरक्षित गर्नुपर्ने उपायका बारे सामान्य ज्ञान थाहा पाउन ।

४५. एकतले आवासीय भवनको रेखाचित्र पढ्न ।

Untitled-54.pdf

४. कक्षा ९ को विषय विस्तृतीकरण (Course Contents)

१. **प्राविधिक रेखाचित्र (Technical Drawing)**

१.१ औद्योगिक शिक्षाको परिचय र महत्त्व

१.२ घरेलु तथा सामान्य किसिमको व्यवसायमा प्रयोग हुने कामका बारेमा आधारभूत कुराहरूको जानकारी

१.३ प्राविधिक रेखाचित्रको परिचय र महत्त्व

१.४ प्राविधिक रेखाचित्रमा साधारण रूपले प्रयोग गरिने उपकरण तथा सामग्रीहरूको परिचय र प्रयोग

उपकरणहरू

(क) ड्राइङ बोर्ड (Drawing board) (ख) टी स्क्वाएर (T Square)

(ग) सेट स्क्वाएर (Set Square) (घ) कम्पास (Compass)

(ङ) डिभाइडर (Divider) (च) स्केल (Scale)

(छ) प्रोट्राक्टर (Protractor) (ज) अनियमित बक्र (Irregular Curve)

सामग्रीहरू

(क) रेखाचित्र कागज (Drawing paper) (ख) ट्रेसिङ पेपर (Tracing paper)

(ग) सिसाकलम (Pencil) (घ) इरेजर (Eraser)

(ङ) टेप (Tape) (च) इरेजिङ शिल्ड (Erasing Shield)

१.५ विभिन्न रेखाहरूको परिचय (सरल रेखा, बक्र रेखा)

१.६ (Free Hand Sketching) हस्त रेखाचित्र (१.५ मा उल्लिखित ज्यामितीय आकारहरू मात्र)

१.७ ज्यामितीय आकारहरू खिच्ने विधिको जानकारी गरी खिच्ने कार्य (त्रिभुज, वर्ग, आयातकार, वृत्त, बहुभुज, पञ्चभुज, षठभुज, अष्टभुज)

१.८ अक्षर लेखन (Lettering)

१.९ प्राविधिक रेखाचित्रमा प्रयोग गरिने रेखाहरूको परिचय

१.१० स्केलको परिचय र आवश्यकता

१.११ नापको परिचय, महत्त्व, उपयोग तथा नाप लिने तरिकाको अभ्यास

१.१२ त्रि-आयाम चित्र (Pictorial Drawing)

(क) त्रि-आयाम चित्रको परिचय, किसिम र महत्त्व

(ख) साधारण वस्तुहरूको (Oblique/Isometric) चित्र खिच्ने कार्य

१.१३ बहुदृश्य चित्र (Multiviews Drawing)

(क) बहुदृश्य चित्रको परिचय र महत्त्व- तेस्रो कोण प्रक्षेपण (Third Angle Projection)

(ख) बहुदृश्य चित्र खिच्ने विधि र अभ्यास

(ग) बहुदृश्य चित्रमा खिचिने दृश्यहरूको एक आपसमा सम्बन्ध

Untitled-55.pdf

२. काष्ठ कार्य (Wood Working)

२.१ काष्ठ कार्यको परिचय र महत्त्व

२.२ काष्ठ कार्यको ऐतिहासिक पृष्ठभूमि (छोटकरी)

२.३ काठको बनावट

२.४ काठको वर्गीकरण (नरम र कडा काठ)

२.५ काठको चिरान

(क) समानान्तर चिरान

(ख) चौडाइ चिरान

२.६ काठमा हुने खराबीहरू

२.७ काठ मौसमी गर्ने कार्यको परिचय र महत्त्व- प्राकृतिक विधि

२.८ नेपालमा पाइने मुख्य मुख्य काठहरूको परिचय

(क) साल (ख) सिसौ

(ग) सल्ला (घ) हल्दु

(ङ) उत्तिस (च) आँप

२.९ काठको काममा प्रयोग हुने सामग्रीहरूको परिचय र प्रयोग

(क) किला (ख) पेचकिला

(ग) कब्जा (घ) अन्तराप र छेस्किनी

(ङ) ह्यान्डल (च) प्लाइबोर्ड

(छ) प्लाइउड (भेनिस्ता)

२.१० काष्ठ कार्यमा प्रयोग हुने हाते औजारहरूको प्रयोग, अङ्गहरू र सुरक्षाका नियम

(क) नाप, जाँच तथा चिन्ह लगाउने औजार (नाप्ने टेप, पट्याउने रुलर, बेन्च रुलर)

(ख) काट्ने तथा टुक्याउने औजार- विभिन्न किसिमका करौंती

(ग) सम्याउने औजार (रन्दा)

(घ) प्वाल खोप्ने र प्वाल पार्ने औजार- रामो, हाते बर्मा, बटु बर्मा

(ङ) ठोक्ने ज्यावल- मुडग्रो (Mallet), दाँते घन (Claw hammer)

(च) च्याप्ने औजार, सी-बाघ (C-ceamp), बेन्च बाघ (Bench vice), डन्डी बाघ (Bar clamp)

२.११ काष्ठ कार्यका आधारभूत कार्यको जानकारी

(क) नाप, जाँच तथा चिन्ह लगाउने कार्य

(ख) काट्ने तथा टुक्रा गर्ने कार्य (करौंतीको प्रयोग)

(ग) सम्याउने कार्य (रन्दाको प्रयोग)

(घ) प्वाल पार्ने तथा खोप्ने कार्य

Untitled-56.pdf

(ङ) पालिस तथा पालिस गर्ने सामग्रीको परिचय र लगाउने विधि, पुटिङ, अस्टर, खाल्सी, चप्रा पालिस, इनामेल पालिस, वार्निस पालिस

२.१२ काष्ठ कार्यका लागि प्रयोग हुने जोर्नीको परिचय र महत्त्व

(क) बट जोर्नी (Butt joint)

(ख) टेनन मोटाइज जोर्नी (Tenon and Mortise joint)

(ग) हाफल्याप जोर्नी (Half lap joint)

(घ) राबेट जोर्नी (Rabbet joint)

(ङ) माइटर जोर्नी (Miter joint)

२.१३ ज्यावलहरूको स्याहार तथा सम्भारको महत्त्व

निम्नलिखित औजारहरूमा धार लगाउने विधि र सम्भार

(क) रन्दा (ख) करौंती (ग) रामो

२.१४ कार्य वस्तु निर्माण (कुनै एउटा कार्य वस्तु निर्माण गर्नुपर्ने)

(क) किताब राख्ने र्‍याक

(ख) साधारण किसिमका चुरा स्ट्यान्ड

(ग) विज्ञान प्रयोगशालाको लागि टेस्ट ट्युबको स्ट्यान्ड

(घ) भेनिस्ताको टुकाबाट बन्ने सामान

(ङ) विद्यालयको डेस्क बेन्चको साधारण मर्मत ।

कक्षा १० को विषयवस्तु (Course Contents)

१. विद्युत जडान (Electrical Installation)

१.१. विद्युत् (Electricity)

(क) विद्युत्को परिचय र महत्त्व

(ख) सुचालक तथा कुचालकको परिचय

(ग) विद्युतीय शब्दहरूको परिचय- विद्युत् चाप (Voltage), विद्युत् धारा (Current), विद्युत् अवरोध (Resistance), विद्युत् क्षमता (Power), विद्युत् शक्ति (Energy)

(घ) ओहमको सिद्धान्त (Ohm's Law)

(ङ) विद्युत् धाराको प्रकार (A.C. and D.C.)

१.२. विद्युतीय नाप्ने उपकरणहरू (Electrical Measuring Instruments) भोल्ट मिटर, एमिटर, इनर्जी मिटर र मल्टिमिटर) को परिचय

१.३. विद्युत् जडान कार्य (Electric wiring)

(क) विद्युत् जडान कार्यको परिचय

(ख) घरेलु विद्युत् जडान कार्यमा प्रयोग हुने उपकरणहरूको परिचय र प्रयोग

Untitled-57.pdf

जोड्नी बाकस (Connection Box), स्वीच (Switch), होल्डर (Holder), सकेट (Socket), पिन (Pin), फ्युज बाकस (Fuse Box), लाइन टेस्टर (Line tester), बुलुब (Bulb), ट्युब लाइट (Tube Light), विद्युत् घण्टी (Electric Bell)

(ग) घरेलु विद्युत् जडान कार्यमा प्रयोग हुने सामग्रीहरूको परिचय र प्रयोग

तार (Wire), फ्युज तार (Fuse wire), कनेक्टर (Connector), टेप (Tape), ब्लक (Block), लिस्टी (Batten), लिङ्क क्लिप (Link clip), पेच किला (Screw), किला (Nail)

(घ) घरेलु विद्युत् जडानका लागि चाहिने साधारण ज्याबलहरूको परिचय र प्रयोग

पेन्चिस (Plier), तारको कुचालक ताछ्ने (Wire Stripper), घन (Hammer), करौंती (Saw), मारतोल (Screw Driver), हाते बर्मा (Hand Drill), छिनो (Chisel)

१.४ परिपथ (Circuit)

(क) परिपथको परिभाषा

(ख) विद्युत् परिपथको परिचय र किसिम

१.५. जडान कार्य

(क) विभिन्न किसिमका जडान कार्यमध्ये सेवापथ र आन्तरिक विद्युत् जडान कार्यको परिचय

(ख) सबै किसिमका आन्तरिक विद्युत् जडान कार्यको परिचय र लिस्टीतार जडान कार्यको विधि

(ग) विद्युत् जडान कार्यमा सुरक्षा नियमहरू

(घ) अर्थिङको परिचय

१.६. साधारण विद्युतीय परिपथमा प्रयोग हुने साङ्केतिक चिन्हहरू

१.७ विद्युत् परिपथको रेखाचित्रको परिचय तथा चित्र खिच्ने तरिका (Electric circulit diagram)

१.८. प्रयोगात्मक कार्य (Suggested Practical Exercise)

(क) फ्युज बाकस, चिम, जोड्नी बाकस, स्विच, घन्टी, पुस बटम स्विच, प्लग भएको प्रयोगात्मक कार्य ।

(ख) विभिन्न परिपथको रेखाचित्र गराउने ।

४. **भवन निर्माण (Building Costruction) पाठ्यभार**

४.१ परिचय

भवन तथा भवन निर्माणको परिचय

४.२ निर्माण सामग्रीको परिचय र उपयोगिता

ढुङ्गा, ईंटा, माटो, चुन, सुर्खी, बालुवा, सिमेन्ट, रोडा, काठ, फलामे डन्डी, रङरोगन

Untitled-58.pdf

४.३ जग (Foundation)

जगको परिचय र किसिम

४.४ चिसो निरोधक तह (Damp Proof Course)

चिसो निरोधक तहको परिचय, चिस्यानको असर (Effect of Dampness) चिस्यानको कारण (Causes of Dampness) तथा चिसो जोगाउने तरिका (Methods of Damp Proofing)

४.५ गारो

गारोको परिचय र किसिम (भारवाहक (Load Bearing), छेकावार (Non–Load Bearing)

४.६ ईंटा तथा ढुङ्गाको काम (Brick and Stone Masonary)

(क) ईंटाको जोडाइ (Bond) को परिचय र किसिम

हेयर बोन्ड (Header Bond), स्ट्रेचर बोन्ड (Stretcher Bond), इङ्लिस बोन्ड (English Bond), फ्लेमिस बोन्ड (Flemish Bond)

(ख) ईंटा तथा ढुङ्गाको काममा प्रयोग हुने विशेष नामहरू (Technical Terms)

(ग) ढुङ्गाको जोडाइ (Masonary) को परिचय र किसिम, रुबल जोडाइ (Rubble Masonary), आस्लार जोडाइ (Ashlar Masonary)

(घ) ईंटा जोडाइमा आवश्यक पर्ने ज्यावलहरूको परिचय

धागो (Line and Pin), चुप्पी, पाइप लेभर (Pipe level), घण्टी (Plumb Bob), बटाम (Mason's square), ट्रावेल (Trowel), पट्याउने फित्ता, (Folding rule), घन (Cross Peen Hammer)

४.७ झ्याल, ढोका र कोपु

परिचय, महत्त्व, किसिम तथा आवश्यक सामग्री

४.८ भऱ्याङ (Stairs)

परिचय र महत्त्व

४.९ छाना (Roofing)

(क) छानाको परिचय र किसिम (मुण्डा र तेर्सो छाना)

(ख) छानाका विभिन्न अङ्गहरूको परिचय (धुरी, मुसी, भाटा, खम्बा)

४.१० निर्माण स्थलको छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरू

हावापानी, बाटो, ढल निकास, स्थानीय सामग्री, खर्च, स्थानीय नियम, भौगोलिक स्थिति

४.११ भवनको योजना गर्दा ध्यान दिनुपर्ने कुराहरू

(क) हावा तथा प्रकाश

(ख) कोठाको बनावट

(ग) कोठाको समूह

४.१२ नक्साको परिचय र यससम्बन्धी कुराहरू

Untitled-59.pdf

(क) भुई योजना (Floor Plan)

(ख) मोहडा (Elevation)

(ग) साइट प्लान (Site Plan)

(घ) लोकेसन प्लान (Location Plan)

(ङ) सेक्सन (Section)

(च) सङ्केत चिन्हहरू (Symbols)

४.१३ भवनको सुरक्षा (भूकम्प)

भूकम्पबाट सुरक्षित गर्नुपर्ने उपायबारे सामान्य ज्ञान

४.१४ प्रयोगात्मक कार्य (कुनै एक)

(क) एकतले आवसीय भवनको भुई योजना (Floor Plan), मोहडा, (Elevation), सेक्सन (Section) खिच्ने कार्य ।

(ख) हेडर बोन्ड (Header bond), स्ट्रेचर बोन्ड (Stretcher Bond) एक ईंटा मोटाइको इङ्लिस बोन्ड (English Bond)

फ्लेमिस बोन्ड (Single Flemish Bond) को योजना र दृश्य (Plan and view) खिच्ने ।

५. धातुको काम (Metal Work)

५.१ धातुको कामको परिचय र महत्त्व

५.२ कार्य वस्तुको वर्गीकरण

५.३ फलामे, अफलामे र मिश्रित धातुहरूको परिचय, गुण र प्रयोग

फलाम (Iron), ढलौटे फलाम (Cast Iron), पिग फलाम (Pig Iron), इस्पात (Steel), टर स्टिल (Tor Steel), आल्मुनियम (Aluminium), तामा (Copper), जस्ता (Zine), टिन (Tin), सिसा (Lead), पित्तल (Brass), काँस (Bronze), डुरालुमिनियम (Duraluminium), जर्मन सिल्भर (German Silver)

५.४ धातुको कामअन्तर्गत पर्ने विभिन्न किसिमका कामहरूको परिचय र महत्त्व

बेन्च कार्य (Bench work), पाताको काम (Sheet metal work), यन्त्र कार्य (Machine work), ढलौटको काम (Casting), आरनको काम (Forging) र यान्त्रिक रेखाचित्र (Mechanical drawing)

५.५ धातुको पाताको परिचय, किसिम र उपयोगिता

ग्याल्मनाइज्ड पाता, कालोपाता, टिनको पाता, आल्मुनियम पाता, बेदागी इस्पातको पाता ।

५.६ आधारभूत ज्यावलहरूको परिचय र उपयोग

(क) अभिन्यास कार्यमा प्रयोग गरिने ज्यावलहरू- रुलर (Ruler), पाता नाप्ने गेज (Sheet metal guage), सुइरो (Scriber) छिद्रक (Punch), ठूला परकाल र विभाजक

Untitled-60.pdf

(Trammel and divider), कोण रूलर (Angle ruler), संयुक्त बटाम (Combination square), प्रोट्राक्टर (Protractor), फ्रेन्च कर्भ (French curve)

(ख) काट्ने ज्यावलहरू- पाता काट्ने कैंची (Snips), छिनो (Cold chisel), फलाम काट्ने करौंती (Hack saw)

(ग) बङ्ग्याउने ज्यावलहरू- स्टेक (Stake), मुड्ग्रो (Mallet), हाते सिमर (Hand seammer), बाटुलो टाउके धन (Ball peen hammer), रिभेटिङ धन (Rivetting hammer), सरफेस प्लेट (Surface plate)

(घ) समाउने ज्यावलहरू- पेन्चिस (Plier), बेन्च बाघ (Bench vice), सि बाघ (C-clamp), प्यारेलल क्लायम्प (Parallel clamp)

(ङ) विविध ज्यावलहरू- रसायन गर्ने ज्यावल (Soldering copper), रेती (File), हाते बर्मा (Hand drill)

५.७ आधारभूत कार्य

नाप्ने तथा चिह्न लगाउने कार्य, सतह मिलाउने कार्य, विभिन्न कोण तथा वक्राकारमा पाता बङ्ग्याउने कार्य, प्वाल पार्ने कार्य, किनारा छुट्याउने कार्य (Hem), जोर्नी (Seam), रिभेटको जोर्नी (Riveting), काम काट्ने (Notching), रसायन कार्य (Soldering), समापन कार्य (Finishing), रङरोगन गर्ने कार्य (Polishing)

५.८ कार्य वस्तु निर्माण (कुनै एक मात्रको प्रयोगात्मक कार्य गराउने)

स्कुप (Scoop), सांचो झुन्ड्याउने लकेट (Locket), किताब अड्याउने (Book ends), सोली (Funnel), कपडा झुन्ड्याउने हुक (Cloth hook), कपडा झुन्ड्याउने (Cloth hanger)

Untitled-61.pdf

समाजशास्त्र

१. परिचय

परिवर्तित समयअनुसार शिक्षा क्षेत्रमा पनि समयसापेक्ष परिवर्तन गर्दै जानुपर्ने हुँदा विद्यालय तहमा पनि अनावश्यक विषयहरू हटाउँदै जाने र नयाँ विषयहरू थप्दै जाने क्रममा मानविकी तथा सामाजिक शास्त्र समूहअन्तर्गत भूगोल, इतिहास, अर्थशास्त्र र नागरिकशास्त्र रहेकोमा राष्ट्रिय शिक्षा आयोग २०४९ ले यस समूहमा एक अर्को विषय ऐच्छिक समाजशास्त्र पनि थप गर्ने सुझाव दिएअनुसार यस विषयको पाठ्यक्रम निर्माण कार्य सम्पन्न गरिएको हो ।

यस तहमा विद्यार्थीहरूले मानव समाजको संरचना, सामाजिक मूल्य र मान्यता सामाजिक संस्कार, रीतिरिवाज, सामाजिक रहनसहन, चालचलन र सामाजिक समस्याहरू आदिको आधारभूत ज्ञान हासिल गरी व्यावहारिक रूपमा प्रयोग गर्न सक्षम हुन सकून् भन्ने उद्देश्य राखी यस विषयमा समाजशास्त्रको परिचय, मानव समाज र संस्कृतिको इतिहास, समाजशास्त्रका शाखाहरू, समाजशास्त्र र अन्य शास्त्रबीचको सम्बन्ध, समाजशास्त्रका आधारभूत अवधारणाहरू, सामाजिकीकरण, सामाजिक अन्तरक्रिया सामाजिक समस्या र यसको नियन्त्रण, सामाजिक अनुसन्धान, सामाजिक परिवर्तन र नेपाली समाज अनेकतामा एकता जस्ता विषय क्षेत्रहरू समावेश गरिएको छ ।

समाजशास्त्रले मानव समाजको अध्ययन गर्ने हुँदा विद्यार्थीहरूलाई यसले सैद्धान्तिक पक्षमात्र नभएर व्यावहारिक पक्षका कुराहरू पनि सिक्नका लागि सहयोग गर्नेछ भन्ने अपेक्षा राखिएको छ । वर्तमान अवस्थामा समाजशास्त्र जस्ता गहन विषय विश्वविद्यालयका उच्च तहहरूमा मात्र अध्ययन हुँदै आएकोमा त्यसको आधारभूत ज्ञान (Basic knowledge) का लागि मा. वि तथा उच्च मा. वि. हरूमा यो विषय नराखिँदा विद्यार्थीहरूलाई एकैपटक बढी बोझको अनुभव हुन गएको देखिएकाले उक्त बोझ कम गर्नका लागि यस विषय पूर्वाधारको रूपमा मा. वि. तहदेखि नै अध्ययन गराएर उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरूलाई समेत सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

२. माध्यमिक तहको साधारण उद्देश्य (General Objectives)

माध्यमिक तह (कक्षा ९ र १०) को अन्त्यमा विद्यार्थीहरू निम्न कुरा गर्न सक्षम हुनेछन्:

१. समाजशास्त्रको अर्थ, परिभाषा र महत्त्व बताउन ।

२. समाजशास्त्रको प्रकृति, क्षेत्र र ऐतिहासिक पृष्ठभूमि वर्णन गर्न ।

३. मानव समाजको ऐतिहासिक विकासक्रमको विभिन्न चरणहरू उल्लेख गरी समाजमा संस्कृतिको प्रभाव बताउन ।

४. समाजशास्त्रका केही शाखाहरूको संक्षिप्त परिचय दिन ।

५. समाजशास्त्र र अन्य शास्त्रबीच सम्बन्ध देखाउन ।

६. समाजशास्त्रका आधारभूत अवधारणाहरूको संक्षिप्त परिचय दिन ।

Untitled-62.pdf

७. मानव समाज र पशु समाजबीच भिन्नता देखाई मानवलाई एक सामाजिक प्राणीको रूपमा पुष्टि गर्न ।

८. सामाजिकीकरणको अर्थ, परिभाषा र महत्त्व बताउन ।

९. सामाजिकीकरणको कारक तत्त्वहरू उल्लेख गरी यसको प्रकारहरू बताउन ।

१०. सामाजिकीकरणको निकायहरूको संक्षिप्त परिचय दिई सामाजिकीकरणको अवस्था वर्णन गर्न ।

११. सामाजिक अन्तरक्रियाको अर्थ, परिभाषा र महत्त्व बताउन ।

१२. सामाजिक अन्तरक्रियाको ढाँचा वा प्रतिरूप व्याख्या गरी सामाजिक अन्तरक्रियाको वर्गीकरण गर्न ।

१३. परिवार र विवाहको अर्थ, परिभाषा, कार्य र यसका प्रकार वर्णन गर्न ।

१४. सामाजिक समस्या र नियन्त्रणको अर्थ र परिभाषा दिई समाजमा विद्यमान केही प्रमुख सामाजिक समस्या र प्रथाहरू प्रस्तुत गर्न ।

१५. सामाजिक नियन्त्रणको उद्देश्य, आवश्यकता र महत्त्व उल्लेख गरी नेपाली समाजको सामाजिक समस्या निराकरणमा सहयोग गर्ने प्रमुख सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको भूमिका प्रस्तुत गर्न ।

१६. सामाजिक अनुसन्धानको अर्थ, परिभाषा र महत्त्व बताउन ।

१७. सामाजिक अनुसन्धानका विधिहरू वर्णन गरी अनुसन्धानका क्रममा उत्पन्न हुने समस्याहरू उल्लेख गर्न र समाधानका उपायहरू पत्ता लगाउन तथा प्रयोगात्मक रूपमा कार्यात्मक अनुसन्धान गर्न ।

१८. सामाजिक परिवर्तनको अर्थ, परिभाषा र महत्त्व बताई सामाजिक परिवर्तनका कारक तत्त्व र नियोजित सामाजिक परिवर्तनको वर्णन गर्न ।

१९. सामाजिक र सांस्कृतिक परिवर्तनबीच भिन्नता देखाउँदै नेपालमा सामाजिक परिवर्तनमा देखिएका बाधक तत्त्वहरू उल्लेख गर्न ।

२०. नेपाली समाजमा प्रचलित केही जातजाति, धर्म र चाडपर्वहरूको परिचय दिन ।

२१. नेपाली समाजको आर्थिक जीवनमा पेसागत संलग्नता र जनसंख्याको स्थिति वर्णन गर्न ।

३. विशिष्ट उद्देश्य

कक्षा ९

कक्षा ९ को अन्त्यमा विद्यार्थीहरू निम्न कुरा गर्न सक्षम हुनेछन्:

१. समाजशास्त्रको अर्थ र परिभाषा बताउन ।

२. समाजशास्त्रको प्रकृति, क्षेत्र र महत्त्व वर्णन गर्न ।

३. समाजशास्त्रको ऐतिहासिक पृष्ठभूमि वर्णन गरी नेपलामा यसको सुरुवात उल्लेख गर्न ।

४. मानव समाजको ऐतिहासिक विकासक्रममा सिकारी एवम् वनचरुवा समाजदेखि वर्तमान अवस्थासम्मको समाजको चरणहरू उल्लेख गर्न ।

Untitled-63.pdf

(ठ) सामाजिक दण्ड र पुरस्कार (Social sanotion)

(ड) सामाजिक संगठन (Social Organization)

(ढ) सामाजिक व्यवहार (Social Behaviour)

(ण) विचलित व्यवहार (Deviant Behaviour)

६. **सामाजिकीकरण (Socialization)**

(क) मानव एक सामाजिक प्राणी

(ख) मानव समाज र पशुसमाजबीच भिन्नता

(ग) सामाजिकीकरणको अर्थ परिभाषा र महत्त्व

(घ) सामाजिकीकरणका कारक तत्त्वहरू

(ङ) सामाजिकीकरणका प्रकारहरू

- दमनात्मक सामाजिकीकरण (Repressive mode of socialization)
- स्वीकारात्मक सामाजिकीकरण वा सहभागितापूर्ण सामाजिकीकरण (Permissive or Participatory mode of socialization)

(च) सामाजिकीकरणका निकायहरू (Agency of Socialization)

- घरपरिवार
- शिक्षण संस्थाहरू
- समान उमेर समूह
- खेल समूह
- धार्मिक संस्थाहरू
- आर्थिक संस्थाहरू
- राजनीतिक संस्थाहरू
- सामाजिक संस्थाहरू

(छ) सामाजिकीकरणका अवस्थाहरू (Stages of socialization)

७. **सामाजिक अन्तरक्रिया (Social Interaction)**

(क) सामाजिक अन्तरक्रियाको अर्थ, परिभाषा र महत्त्व

(ख) सामाजिक अन्तरक्रियाको ढाँचा वा प्रतिरूपहरू

- समायोजन (Accomodation)
- संस्कृतिकरण (Acculturation)
- आत्मीकरण (Assimilation)
- सहयोग (Co-operation)
- प्रतियोगिता (Competition)
- मनमुटाव (Conflict)

(ग) सामाजिक अन्तरक्रियाको वर्गीकरण (Classification of social interaction)

Untitled-64.pdf

५. मानव समाजमा संस्कृतिको प्रभाव उल्लेख गर्न ।

६. समाजशास्त्रका निम्न प्रमुख शाखाहरूको परिचय दिन ।

- ग्रामीण, सहरी, राजनीतिक, धार्मिक, आर्थिक जीवनसम्बन्धी, औद्योगिक, शैक्षिक, कानुनी र चिकित्सा समाजशास्त्र

७. समाजशास्त्र र अन्य निम्न शास्त्रबीच सम्बन्ध देखाउन

- मानवशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, इतिहास, भूगोल, सामाजिक मनोविज्ञान वातावरण र जीव विज्ञान ।

८. समाजशास्त्रका आधारभूत अवधारणाहरूको परिचय दिन ।

९. मानव समाज र पशुसमाजबीच भिन्नता देखाउन ।

१०. मानवलाई एक सामाजिक प्राणीको रूपमा पुष्टि गर्न ।

११. सामाजिकीकरणको अर्थ र परिभाषा बताई यसको महत्त्व उल्लेख गर्न ।

१२. सामाजिकीकरणको कारक तत्त्वहरू उल्लेख गर्न ।

१३. सामाजिकीकरणका प्रकारहरू बताउन ।

१४. सामाजिकीकरणका प्रमुख निकायहरूको परिचय दिई सामाजिकीकरणमा तिनीहरूले खेल्ने भूमिका वर्णन गर्न ।

१५. सामाजिकीकरणका अवस्थाहरू वर्णन गर्न ।

१६. सामाजिक अन्तरक्रियाको अर्थ, परिभाषा र महत्त्व बताउन ।

१७. सामाजिक अन्तरक्रियाको ढाँचा वा प्रतिरूपको व्याख्या गर्न ।

१८. सामाजिक अन्तरक्रियाको वर्गीकरण गर्न ।

पाठ्यवस्तु कक्षा ९

१. **परिचय (Introduction)**

(क) समाजशास्त्रको अर्थ र परिभाषा

(ख) समाजशास्त्रको ऐतिहासिक पृष्ठभूमि

(ग) नेपालमा समाजशास्त्रको ऐतिहासिक पृष्ठभूमि

(घ) समाजशास्त्रको प्रकृति, क्षेत्र र महत्त्व

२. **मानव समाज र संस्कृतिको इतिहास (History of human society and culture)**

(क) सिकारी एवम् वनचरुवा समाज

(ख) खोरियामा बाली लगाउने समाज

(ग) पशुपालक समाज

(घ) कृषिपरक समाज

(ङ) औद्योगिक समाज

(च) पूँजीवादी र समाजवादी समाज

Untitled-65.pdf

(छ) समाजमा संस्कृतिको प्रभाव

३. **समाजशास्त्रका केही शाखाहरु (Some Branches of sociology)**

(क) ग्रामीण समाजशास्त्र

(ख) सहरी समाजशास्त्र

(ग) राजनीतिक समाजशास्त्र

(घ) धार्मिक समाजशास्त्र

(ङ) आर्थिक जीवनसम्बन्धी समाजशास्त्र

(च) औद्योगिक समाजशास्त्र

(छ) शैक्षिक समाजशास्त्र

(ज) कानुनी समाजशास्त्र

(झ) चिकित्सा समाजशास्त्र

४. **समाजशास्त्र र अन्य शास्त्रबीच सम्बन्ध (Relationship between sociology and other science)**

(क) समाजशास्त्र र मानवशास्त्र

(ख) समाजशास्त्र र राजनीतिशास्त्र

(ग) समाजशास्त्र र अर्थशास्त्र

(घ) समाजशास्त्र र इतिहास

(ङ) समाजशास्त्र र भूगोल

(च) समाजशास्त्र र सामाजिक मनोविज्ञान

(छ) समाजशास्त्र र वातावरण

(ज) समाजशास्त्र र जीव विज्ञान

५. **समाजशास्त्रका आधारभूत अवधारणाहरु (Concept of sociological terms)**

(क) समाज (Society)

(ख) समुदाय (Community)

(ग) संस्कृति (Culture)

(घ) सामाजिक संस्था (Social Institution)

(ङ) सामाजिक मूल्य (Social Value)

(च) सामाजिक संरचना (Social structure)

(छ) सामाजिक व्यवस्था (Social system)

(ज) सामाजिक नियम (Social Norms)

(झ) जाति, जनजाति, प्रजाति, वर्ग, परिवार, नातेदारी, घरधुरी, (Caste, Ethnicity, Tribe, Class, Family, Kinship, house hold)

(ञ) स्थान, पद र भूमिका (Status and Role)

(ट) रीतिरिवाज र लोकरीति (Mores and Folk ways)

Untitled-66.pdf

- व्यक्तिको सङ्ख्याको आधारमा
- सम्बन्धको मात्रा वा आत्मीयताका आधारमा
- सामाजिक प्रक्रियाका आधारमा

४. पाठ्यक्रमको ढाँचा (Pattern of Curriculum)

कक्षा- ९

क.सं.	इकाइ	विषयवस्तु	शिक्षण सामग्री	शिक्षण विधि	मूल्याङ्कन प्रक्रिया	पाठ्यभार
१.	परिचय	क) समाजशास्त्रको अर्थ र परिभाषा ख) समाजशास्त्रको ऐतिहासिक पृष्ठभूमि ग) नेपालमा समाजशास्त्रको ऐतिहासिक पृष्ठभूमि घ) समाजशास्त्रको प्रकृति, क्षेत्र र महत्त्व	विश्वको नक्सा, नेपालको नक्सा, चार्ट	प्रश्नोत्तर, छलफल, सोधखोज, प्रदर्शन, व्याख्यान	१) विषयगत प्रश्न- क) लामो उत्तर आउने (नमुना) - समाजशास्त्रको प्रकृति, क्षेत्र र महत्त्व लेख्नुहोस् । - समाजशास्त्रको ऐतिहासिक पृष्ठभूमि वर्णन गर्नुहोस् । ख) छोटो उत्तर आउने प्रश्न (नमुना) - समाजशास्त्रको अर्थ लेख्नुहोस् । २. वस्तुगत प्रश्न (नमुना) - समाजशास्त्रका पिता कसलाई भनिन्छ ? क) ग्याबिलियो (ख) अगष्ट कोम्टे (ग) जोन हिवे (घ) जर्ज प्याने	१२%
२.	मानव समाज र संस्कृतिको इतिहास	(क) सिकारी एवम् वनचरुवा समाज (ख) खोरियामा बाली लगाउने समाज (ग) पशुपालक समाज (घ) कृषिपरक समाज (ङ) औद्योगिक समाज (च) पूँजीवादी र समाजवादी समाज (छ) समाजमा संस्कृतिको प्रभाव	विश्वको नक्सा मानव समाज र संस्कृतिको विभिन्न चरणहरु झल्किने तस्विर, चित्र र पोस्टरहरु प्रदर्शन बोर्ड फ्लाटिन बोर्ड	प्रश्नोत्तर, छलफल, आगमन, निगमन, सोधखोज, भूमिका निर्वाह, व्याख्यान ।	१) विषयगत प्रश्न (क) लामो उत्तर आउने (नमुना) - मानव समाजको इतिहासको विभिन्न चरणहरुको व्याख्या गर्नुहोस् । (ख) छोटो उत्तर आउने (नमुना) - औद्योगिक समाजको ३ प्रमुख विशेषता के के हुन् ?	१४%

Untitled-67.pdf

					- पुंजीवादी र समाजवादी समाजबीच हुने फरक बताउनुहोस् । २. वस्तुगत प्रश्न (नमुना) - मानव समाजलाई कति चरणमा अध्ययन गर्न सकिन्छ ? क) चार ख) पाँच (ग) छ (घ) सात	
३.	समाजशास्त्र का केही शाखाहरू	क) ग्रामीण समाजशास्त्र ख) सहरी समाजशास्त्र ग) राजनीतिक समाजशास्त्र घ) धार्मिक समाजशास्त्र ङ) आर्थिक जीवनसम्बन्धी समाजशास्त्र च) औद्योगिक समाजशास्त्र छ) शैक्षिक समाजशास्त्र ज) कानुनी समाजशास्त्र झ) चिकित्सा समाजशास्त्र	विभिन्न समाज र समुदाय झल्किने तस्बिर, चित्र र पोस्टरहरू, तुलनात्मक, चार्ट, तालिका	प्रश्नोत्तर, छलफल, सोधखोज, व्या ख्यान, प्रदर्शन	१. विषयगत प्रश्न क) लामो उत्तर आउने (नमुना) - समाजशास्त्रका शाखाहरूको वर्णन गर्नुहोस् । ख) छोटो उत्तर आउने (नमुना) - आर्थिक समाजशास्त्रको वर्णन गर्नुहोस् । - ग्रामीण र सहरी समाजशास्त्रबीच फरक छुट्याउनुहोस् । २. वस्तुगत प्रश्न (नमुना) - देशको शैक्षिक अध्ययन समाजशास्त्रको कुन शाखा अन्तर्गत गरिन्छ ? क) ग्रामीण ख) सहरी ग) कानुनी घ) शैक्षिक	१२५
४.	समाजशास्त्र र अन्य शास्त्रबीच सम्बन्ध	क) समाजशास्त्र र मानवशास्त्र ख) समाजशास्त्र र राजनीतिशास्त्र ग) समाजशास्त्र र अर्थशास्त्र घ) समाजशास्त्र र	समाजको आर्थिक, ऐतिहासिक, भौगोलिक झलक झल्किने नक्सा र	छलफल, प्रश्नोत्तर, आगमन, निगमन व्याख्यान	१. विषयगत प्रश्न क) लामो उत्तर आउने (नमुना) - समाजशास्त्रको अर्थशास्त्रसँग कस्तो सम्बन्ध रहेको छ ? व्याख्या गर्नुहोस् ।	१२५

Untitled-68.pdf

		इतिहास ङ। समाजशास्त्र र भूगोल च। समाजशास्त्र र सामाजिक मनोविज्ञान छ। समाजशास्त्र र वातावरण ज। समाजशास्त्र र जीवविज्ञान	पोस्टरहरू		ख। छोटो उत्तर आउने (नमुना। - समाजशास्त्र र मानवशास्त्रबीच भिन्नता देखाउनुहोस् । २. वस्तुगत प्रश्न (नमुना) - समाजशास्त्रले समाजको सम्पूर्ण पक्षको अध्ययन गर्दछ भने इतिहासले (क। ऐतिहासिक पक्षको (ख। एक पक्षको (ग। अनेक पक्षको (घ। सबै पक्षको	
४.	समाजशास्त्रका आधारभूत अवधारणाहरू	क। समाज, ख। समुदाय ग। संस्कृति घ। सामाजिक संस्था (ङ। सामाजिक मूल्य (च। सामाजिक संरचना (छ। सामाजिक व्यवस्था (ज। सामाजिक नियम (झ। जाति, जनजाति, प्रजाति, वर्ग, परिवार, नातेदारी घरधुरी (ञ। रीतिरिवाज र लोकरीति (ट। स्थान, पद र भूमिका (ठ। सामाजिक दण्ड र पुरस्कार (ड। सामाजिक सङ्गठन (ढ। सामाजिक व्यवहार (ण। विचलित व्यवहार	विभिन्न समाज, समुदाय, संस्कृति, जाति, जनजाति परिवार आदि भनिएको तस्बिर, चित्र र पोस्टरहरू, तुलना गर्ने चार्ट ।	सोधखोज, छलफल, प्रश्नोत्तर, आगमन, निगमन, प्रदर्शन भूमिका निर्वाह	१. विषयगवस्तु प्रश्न (क। लामो उत्तर आउने (नमुना) - सामाजिक संरचनाको अर्थ के हो ? सामाजिक व्यवस्था तथा सामाजिक संरचनाको सम्बन्धको व्याख्या गर्नुहोस् । ख। छोटो उत्तर आउने (नमुना। - छोटो टिप्पणी लेख : (i) समुदाय, (ii) संस्कृति, (iii) लोकरीति - समाजमा सामाजिक दण्ड र पुरस्कारको औचित्य प्रकाश पार्नुहोस् । - सामाजिक संरचना भनेको के हो ? २. वस्तुगत प्रश्न - समाजशास्त्रसँग असम्बन्धित कुन हो ? (क। समाज	१६५

Untitled-69.pdf

					(ख) संस्कृति (ग) परिवार (घ) रसायनशास्त्र	
६.	सामाजिकीकरण	क) मानव एक सामाजिक प्राणी ख) मानव समाज र पशु समाजबीच भिन्नता ग) सामाजिकीकरणको अर्थ, परिभाषा र महत्त्व घ) सामाजिकीकरणका कारक तत्त्वहरू (ङ) सामाजिकीकरणका प्रकारहरू - दमनात्मक सामाजिकीकरण च) सामाजिकीकरणका निकायहरू - घर परिवार, शिक्षण संस्थाहरू, समान उमेर समूह, खेल समूह, धार्मिक, आर्थिक, राजनीतिक, सामाजिक आदि संस्थाहरू (छ) सामाजिकीकरणका अवस्थाहरू	समाज, समुदाय, शिक्षण संस्था, धार्मिक, संस्थाहरूको तस्विर, पोस्टर चित्रहरू, तुलनात्मक चार्टहरू	प्रश्नोत्तर, छलफल, सीधखोज, आगमन, निगमन, प्रदर्शन, भूमिका निर्वाह	१. विषयगत प्रश्न क) लामो उत्तर आउने (नमुना) - मानव के कारणले पशुभन्दा अन्तर छ ? व्याख्या गर्नुहोस् । - सामाजिकीकरणको प्रमुख निकायहरूको वर्णन गर्नुहोस् । ख) छोटो उत्तर आउने प्रश्न (नमुना) - दमनात्मक र स्वीकारात्मक सामाजिकीकरण प्रक्रिया बीच फरक देखाउनुहोस् । - सामाजिकीकरणका कारक तत्त्वहरू के के हुन् ? २. वस्तुगत प्रश्न (नमुना) - समाजिकीकरणका लागि सहयोग गर्ने निकायहरू तलको मध्ये कुन हो ? क) घर परिवार ख) उमेर समूह ग) खेल समूह घ) माथिका सबै हुन् ।	१६
७.	सामाजिक अन्तरक्रिया	क) सामाजिक अन्तरक्रियाको अर्थ, परिभाषा र महत्त्व ख) सामाजिक अन्तरक्रियाको ढाँचा वा प्रतिरूपहरू - समायोजन - आत्मीकरण - सहयोग	सामाजिक स्थिति झल्किने तस्विर पोस्टरहरू, चार्टहरू	प्रश्नोत्तर, छलफल, सीधखोज, व्याख्यान, आगमन, निगमन	१. विषयगत प्रश्न क) लामो उत्तर आउने (नमुना) - सामाजिक अन्तरक्रियाको महत्त्व व्याख्या गर्नुहोस् । ख) छोटो उत्तर आउने (नमुना) - व्यक्तिको संख्याको	

Untitled-70.pdf

		- प्रतिक्रिया - मनमुटाव ग) सामाजिक अन्तरक्रियाको वर्गीकरण - व्यक्तिगत संस्थाको आधारमा - सम्बन्धको मात्रा वा आत्मीयताको आधारमा - सामाजिक प्रक्रियाको आधारमा			आधारमा हुने सामाजिक अन्तरक्रियाको छोटकरीमा लेख्नुहोस् । - सामाजिक अन्तरक्रियाको आधारमा उल्लेख गर्नुहोस् । २. वस्तुगत प्रश्न (नमुना) - समाजिक अन्तरक्रियाको ढाँचा तलका मध्ये कुन हो ? क) समायोजन, ख) आत्मीकरण, ग) सहयोग, घ) माथिका सबै हुन् ।	

नोटः माथि उल्लिखित शिक्षण सामग्री, शिक्षण विधि र मूल्याङ्कन प्रक्रियाहरू नमुनाको रूपमा मात्र प्रस्तुत गरिएकाले शिक्षण क्रियाकलापको लागि पर्याप्त छैनन् । प्रभावकारी शिक्षणसिकाइ क्रियाकलापको लागि आवश्यकताअनुसार थप शिक्षण सामग्री, शिक्षण विधि र मूल्याङ्कन प्रक्रियाहरू प्रयोग गर्नुपर्नेछ ।

कक्षा १०

विशिष्ट उद्देश्य

कक्षा १० का अन्त्यमा विद्यार्थीहरू निम्न कुरा गर्न सक्षम हुनेछन्:

१. परिवारको अर्थ, परिभाषा, कार्य र यसका प्रकारहरू वर्णन गर्न ।

२. विवाहको अर्थ, परिभाषा, कार्य र प्रकारहरू वर्णन गर्न ।

३. सामाजिक समस्याको अर्थ र परिभाषा दिई नेपाली समाजमा विद्यमान केही प्रमुख सामाजिक समस्या र प्रथाहरू प्रस्तुत गर्न ।

४. सामाजिक नियन्त्रणको अर्थ र परिभाषा बताउन ।

५. सामाजिक नियन्त्रणको उद्देश्य, आवश्यकता र महत्त्व उल्लेख गर्न ।

६. नेपाली समाजमा विद्यमान सामाजिक समस्याको पहिचान गरी यसको निराकरणमा सहयोग गर्न निम्न प्रमुख सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको भूमिका प्रस्तुत गर्न :

Untitled-71.pdf

- शैक्षिक संस्थाहरू, स्काउट, रेडक्रस, एस.ओ.एस. बालग्राम, खगेन्द्र नवजीवन केन्द्र, मानव अधिकार आयोग, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र आदि ।

७. सामाजिक अनुसन्धानको अर्थ, परिभाषा र महत्त्व बताउन ।

८. सामाजिक अनुसन्धानका विधिहरू वर्णन गर्न ।

९. सामाजिक अनुसन्धानका समस्याहरू उल्लेख गरी समाधानका उपायहरू पत्ता लगाउन र विद्यालय वा नजिकको समुदायको अध्ययन गरी प्रयोगात्मक रूपमा कार्यात्मक अनुसन्धान गर्न ।

१०. सामाजिक परिवर्तनको अर्थ, परिभाषा र महत्त्व बताई कारक तत्त्वहरू वर्णन गर्न ।

११. नियोजित सामाजिक परिवर्तनको वर्णन गर्न ।

१२. सामाजिक र सांस्कृतिक परिवर्तनबीच भिन्नता देखाउन ।

१३. नेपाली समाजमा सामाजिक परिवर्तनमा देखिएका बाधक तत्त्वहरू उल्लेख गर्न ।

१४. नेपाली समाजमा प्रचलित जातजाति, धर्म र चाडपर्वहरूको परिचय दिन ।

१५. नेपाली समाजको आर्थिक जीवनमा पेसागत संलग्नताबारे वर्णन गर्न ।

१६. नेपालको भौगोलिक तथा प्रशासनिक क्षेत्रको आधारमा जनसङ्ख्याको स्थिति बताउन ।

पाठ्यवस्तु कक्षा १०

१. परिवार तथा विवाह (Family and marriage)

क) परिवारको अर्थ र परिभाषा

ख) परिवारको कार्य

ग) परिवारको प्रकार

- एकल तथा संयुक्त परिवार (Nuclear and joint family)
- पितृसत्तात्मक र मातृसत्तात्मक परिवार (Patriachal and Matriarchal Family)

(घ) विवाहको अर्थ र परिभाषा

(ङ) विवाहको कार्य

(च) विवाहको प्रकार

- एकलगामी (monogamy)
- बहुगामी (Polygamy)
- बहुलगामी (Polyandry)

२. **सामाजिक समस्या तथा यसको नियन्त्रण** (Social Problems and its control)

क) सामाजिक समस्याको अर्थ र परिभाषा

ख) लागू पदार्थ दुर्व्यसन, बाल मजदुर, अवैध, व्यापार, वेश्यावृत्ति, एड्स रोग आदि जस्ता सामाजिक समस्याहरू

ग) समाजिक नियन्त्रणको अर्थ र परिभाषा

Untitled-72.pdf

घ) सामाजिक नियन्त्रणको उद्देश्य, आवश्यकता र महत्त्व

ङ) नेपाली समाजमा विद्यमान केही प्रथाहरू

- देउकी प्रथा
- झुमा प्रथा
- दाइजो प्रथा
- कमैया प्रथा
- बाँधा प्रथा
- बादी प्रथा
- घुम्टो (पर्दा) प्रथा आदि

(च) नेपाली समाजमा सामाजिक समस्या निराकरणमा सहयोग गर्ने सरकारी, तथा गैरसरकारी संघ संस्थाहरू ।

- शैक्षिक संस्थाहरू, स्काउट, रेडक्रस, एस.ओ.एस. बालग्राम, खगेन्द्र नवजीवन केन्द्र, मानवअधिकार आयोग, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र आदि ।

३. **सामाजिक अनुसन्धान** (Social Research)

क) सामाजिक अनुसन्धानको अर्थ, परिभाषा र महत्त्व

(ख) अनुसन्धान पद्धति/विधि

- सर्वेक्षण, प्रश्नावली तयारी, तथ्याङ्क सङ्कलन, सूचना सङ्कलन, प्रस्तुतीकरण र विश्लेषण

(ग) अनुसन्धानका समस्याहरू र समाधानका उपायहरू

(घ) विद्यालय तथा नजिकको समुदायको कार्यात्मक अनुसन्धान

४. **सामाजिक परिवर्तन** (Social change)

क) सामाजिक परिवर्तनको अर्थ, परिभाषा र महत्त्व

ख) सामाजिक परिवर्तनका कारकहरू

ग) नियोजित सामाजिक परिवर्तन

घ) सामाजिक र सांस्कृतिक परिवर्तनबीच भिन्नता

(ङ) नेपालमा सामाजिक परिवर्तनमा देखिएका बाधक तत्वहरू

- अज्ञानता, निरक्षरता, बेरोजगारी, गरिबी, आर्थिक असमानता, पुरुष प्रधान समाज, छुवाछूत र अन्धविश्वास, सङ्कीर्ण धार्मिक दृष्टिकोण र भाग्यवाद, जनसङ्ख्या वृद्धि, शोषण, बालविवाह तथा बहुविवाह आदि ।

५. **नेपाली समाजः अनेकतामा एकता** (Nepalese society Unity in Divertity)

(क) राष्ट्रिय एकताको सुत्र

ख) नेपालका जातिहरूको छोटो परिचय (Ethnography)

Untitled-73.pdf

शेर्पा, गुरुङ, राई, लिम्बु, मगर, नेवार, बाहुन, क्षेत्री, थारु, धिमाल

ग) प्रमुख धर्महरूको परिचय तथा विशेषता

- हिन्दु
- बौद्ध
- इस्लाम
- इसाई

घ) नेपालमा प्रचलित केही चाड पर्वहरूको छोटो परिचय

- दशैं, तिहार, छठ, ल्होसार, चण्डीनाच, ईद, क्रिसमस, श्रीपञ्चमी, तिज, शिवरात्रि, होलीपूर्णीमा आदि

(ङ) नेपाली समाजको आर्थिक जीवनमा पेसागत संलग्नता

- कृषि, उद्योग, व्यापार, नोकरी

(च) नेपालको भौगोलिक र प्रशासनिक क्षेत्रका आधारमा जनसङ्ख्याको स्थिति

पाठ्यक्रमको ढाँचा (Pattern of Curriculum)

कक्षा- १०

क्र. सं.	इकाइ	विषयवस्तु	शिक्षण सामग्री	शिक्षण विधि	मूल्याङ्कन प्रक्रिया	पाठ्य भार
१.	परिवार तथा विवाह	क) परिवारको अर्थ र परिभाषा ख) परिवारको कार्य ग) परिवारको प्रकार - एकल तथा संयुक्त परिवार - पितृसत्तात्मक र मातृसत्तात्मक परिवार घ) विवाहको अर्थ र परिभाषा ङ) विवाहको कार्य च) विवाहको प्रकार - एकलगामी - बहुगामी - बहुलगामी	विभिन्न प्रकारको परिवार र विभिन्न जातजातिहरूको वैवाहिक संस्कार झल्किने तस्विर, चित्र र फोटाहरू, विश्वको नक्सा, नेपालको नक्सा ।	प्रश्नोत्तर, छलफल, सोधखोज, आगमन, निगमन, भूमिका, निर्वाह, प्रदर्शन, अन्वेषण, व्याख्यान ।	१. विषयगत प्रश्न: क) लामो उत्तर आउने (नमुना) - परिवार कति प्रकारका हुन्छन् ? व्याख्या गर्नुहोस् । ख) छोटो उत्तर आउने (नमुना) - कस्तो विवाहलाई एकलगामी विवाह नामिन्छ ? - मातृसत्तात्मक र पितृसत्तात्मक परिवारबीच फरक छुट्याउनुहोस् । २. वस्तुगत प्रश्न (नमुना) - तलको मध्ये कुन विवाहको प्रकारमा पर्दैन : (क) एकलगामी (ख) द्वयलगामी	२०%

Untitled-74.pdf

					(ग) बहुगामी (घ) बहुलगामी	
२.	सामाजिक समस्या तथा यसको नियन्त्रण	क) सामाजिक समस्याको अर्थ र परिभाषा ख) सामाजिक समस्याहरू - लागूपदार्थ दुर्व्यसन, बालमजदुर, अवैध व्यापार, वेश्यावृत्ति, एड्स रोग आदि । ग) सामाजिक नियन्त्रणको अर्थ र परिभाषा । घ) सामाजिक नियन्त्रणको उद्देश्य, आवश्यकता र महत्त्व । (ङ) नेपाली समाजमा विद्यमान केही प्रथाहरू: देउकी, झुमा, बाइजो, कमैया, बाँधा, बाबी, घुम्टो (पर्दा) प्रथा आदि । च) नेपाली समाजमा सामाजिक समस्या निराकरणमा सहयोग गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाहरू । - शैक्षिक संस्थाहरू, स्काउट, रेडक्रस, एस.ओ.एस. बालग्राम, खगेन्द्र नवजीवन केन्द्र, मानव अधिकार आयोग, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र आदि ।	नेपालको नक्सा, नेपालको विभिन्न धर्म, जातजाती, झल्किने तस्बिर, चित्र पोस्टरहरू, एड्स रोगसँगसम्बन्धित पोस्टरहरू विभिन्न संघ संस्थाको चिनारी दिने पुस्तक, पुस्तिकाहरू, सामाजिक संस्था र समस्याको जोडा मिलाउने तालिका ।	प्रदर्शन, प्रश्नोत्तर, छलफल, भूमिका, निर्वाह, आगमन, निगमन, अन्वेषण, व्याख्यान ।	१. विषयगत प्रश्न क) लामो उत्तर आउने (नमुना) - नेपाली समाजमा विद्यमान सामाजिक समस्याहरू केके हुन ? वर्णन गर्नुहोस् । - पाठ्यपुस्तकमा उल्लेख गरेबाहेक अन्य यससम्बन्धी कार्य गर्ने संघ संस्थाको नाम र कार्य लेख्नुहोस् । - "बालमजदुरीले ठूलो सामाजिक समस्या निम्ताएको छ" कारण दिनुहोस् । ख) छोटो उत्तर आउने (नमुना) - रेडक्रसले के काम गर्दछ छोटकरीमा लेख्नुहोस् । - तिम्रो वरपर देखिएका खराब सामाजिक प्रथाहरूको सूची बनाई उक्त प्रथा अटाउन तिमीले खेलेको भूमिका बुँदागत रूपमा उल्लेख गर्नुहोस् । - कुनै मेला पर्वमा स्काउटले गर्ने कार्यको बारेमा लेख्नुहोस् । २. वस्तुगत प्रश्न (नमुना)	२२५

Untitled-75.pdf

					कति वर्षमुनिको कामदारलाई बालमजदुर भनिन्छ ? क) १४ वर्ष ख) १५ वर्ष ग) १६ वर्ष घ) १७ वर्ष	
३.	सामाजिक अनुसन्धान	क) सामाजिक अनुसन्धानको अर्थ, परिभाषा र महत्त्व । ख) अनुसन्धान पद्धति/विधि: सर्वेक्षण, प्रश्नावली तयारी तथ्याङ्क सङ्कलन, सूचना सङ्कलन, प्रस्तुतीकरण र विश्लेषण । ग) अनुसन्धानका समस्याहरू र समाधानका उपायहरू । घ) विद्यालय वा नजिकको समुदायको कार्यात्मक अनुसन्धान ।	नेपालको नक्सा, कुनै समाज वा समुदाय झल्किने तस्विर, चित्र र पोस्टरहरू समाज वा समुदाय । अनुसन्धानका लागि आवश्यक पर्ने चार्ट तथा अन्य सामग्रीहरू	छलफल, सोधपोछ, छलफल, आयोजना, निरीक्षण, अन्वेषण, सङ्कलन, प्रस्तुति । भूमिका निर्वाह, समस्या समाधान, अन्वेषण, समूह बैठक ।	१) विषयगत प्रश्न क) लामो उत्तर आउने (नमुना) - सामाजिक अनुसन्धानका विधिहरू लेख्नुहोस् । - समाजशास्त्रमा सामाजिक अनुसन्धानको महत्त्व माथि प्रकाश पार्नुहोस् । ख) छोटो उत्तर आउने (नमुना) - सामाजिक अनुसन्धानका क्रममा उत्पन्न हुने समस्याहरू र समाधानका उपायहरू लेख्नुहोस् । ग) प्रयोगात्मक प्रश्न (नमुना) - विद्यालय नजिकको समुदायमा गएर त्यहाँको महत्त्वपूर्ण पक्षहरूको अनुसन्धान गरी प्रतिवेदन प्रस्तुत गर्नुहोस् । २) वस्तुगत प्रश्न (नमुना) - अनुसन्धानको मिले क्रम कुन हो । क) तथ्याङ्क संकलन, विश्लेषण,	१६%

Untitled-76.pdf

					प्रश्नावली निर्माण, सर्वेक्षण ख) सर्वेक्षण, प्रश्नावली निर्माण, तथ्यांक सङ्कलन, प्रस्तुतीकरण र विश्लेषण । ग) विश्लेषण, तथ्याङ्क सङ्कलन, सर्वेक्षण, प्रश्नावली निर्माण । घ) प्रस्तुतीकरण सर्वेक्षण, प्रश्नावली निर्माण, विश्लेषण ।	-
४.	सामाजिक परिवर्तन	क) सामाजिक परिवर्तनको अर्थ, परिभाषा र महत्त्व ख) सामाजिक परिवर्तनको कारकहरू ग) नियोजित सामाजिक परिवर्तन घ) सामाजिक र सांस्कृतिक परिवर्तनबीच भिन्नता ङ) नेपालमा सामाजिक परिवर्तनमा देखिएका बाधक तत्त्वहरू - अज्ञानता निरक्षरता, बेरोजगारी, गरिबी, आर्थिक, असमानता, पुरुषप्रधान समाज, छुवाछुत र अन्धविश्वास, सङ्कीर्ण धार्मिक दृष्टिकोण र भाग्यवाद, जनसङ्ख्या वृद्धि, शोषण, बालविवाह, बहुविवाह आदि ।	विभिन्न वर्ग तथा जातजाति झल्किने तस्विर, चित्र र पोस्टरहरू, सय वर्ष अगाडिको समाज र आजको समाजको तुलनात्मक तस्विर र चित्रहरू	प्रश्नोत्तर, छलफल, प्रदर्शन, व्याख्यान, भूमिका निर्वाह ।	१. विषयगत प्रश्न क) लामो उत्तर आउने (नमुना) - नेपालमा सामाजिक परिवर्तनमा देखिएका बाधक तत्त्वहरूको नाम लेखी उक्त बाधाहरू हटाउन तिमीले कस्तो भूमिका निर्वाह गर्न सक्छौ ? बयान गर्नुहोस् । ख) छोटो उत्तर आउने (नमुना) - नियोजित सामाजिक परिवर्तन भन्नाले के बुझिन्छ ? - तिम्रो समाजमा अन्धविश्वासले ल्याएको सामाजिक समस्याहरूको सूची तयार पार्नुहोस् । - सामाजिक परिवर्तन र सांस्कृतिक परिवर्तनबीच भिन्नता	२०५

Untitled-77.pdf

					देखाउनुहोस् । २. वस्तुगत प्रश्नोत्तर (नमुना) - सामाजिक परिवर्तनको लागि बाधक तत्व कुन होइन । (क) अज्ञानता (ख) गरिबी (ग) साक्षरता (घ) भाग्यवाद	
५.	नेपाली समाज अनेकता मा एकता	क। राष्ट्रिय एकताको सूत्र ख।केही जातिहरूको छोटो परिचय - शेर्पा, गुरुङ, राई, लिम्बू, मगर, नेवार, बाहुन, क्षेत्री, थारू, धिमाल आदि । ग। प्रमुख धर्महरूको परिचय र विशेषता । - हिन्दू, बुद्ध, इस्लाम, इसाई घ। नेपालमा प्रचलित केही चाडपर्वहरूको छोटो परिचय - दसैं, तिहार, छठ, ल्होसार, इद, क्रिसमस, श्रीपञ्चमी, तीज, शिवरात्रि, चण्डी नाच, होली पूर्णिमा आदि । ङ। नेपाली समाजको आर्थिक जीवनमा पेसागत संलग्नता । - कृषि, उद्योग, व्यापार, नोकरी च। नेपालको भौगोलिक र प्रशासनिक क्षेत्रको आधारमा जनसङ्ख्याको स्थिति	नेपालको नक्सा, विभिन्न धार्मिक तथा जातिगत समुदाय झल्किने तस्विर, चित्र र पोस्टरहरू पछिल्लो जनगणनाको तथ्याङ्क समावेश भएको तालिका, चार्ट, फ्लाटिन बोर्ड, विभिन्न पेसामा संलग्न भएका व्यक्तिहरूको तस्विर, चित्र र पोस्टरहरू	प्रश्नोत्तर, प्रदर्शन, अन्वेषण, सोधखोज, छलफल, भूमिका निर्वाह, समस्या समाधान, व्याख्यान	१. विषयगत प्रश्न क। लामो उत्तर आउने (नमुना) - नेपालको प्रमुख धर्महरूको नाम लेखी कुनै एक धर्मको विशेषताहरू वर्णन गर्नुहोस् । - तिम्रो समुदायमा कुनै जाति विशेषले मान्ने चाडपर्व भए सोको बारेमा वर्णन गर्नुहोस् । - तिमी कुन धर्म मान्छौ ? उक्त धर्म मान्नुको कारण लेख्नुहोस् । ख। छोटो उत्तर आउने (नमुना) - नेपालको तराई क्षेत्रको जनसङ्ख्याको स्थिति कस्तो छ ? - नेपालमा प्रचलित प्रमुख पेसाहरूको वर्णन गर्नुहोस् । - तलको तालिका भर्नुहोस् । जनसङ्ख्याको प्रशासनिक वितरण	२२%

Untitled-78.pdf

					[illegible] २. वस्तुगत प्रश्न (नमुना) - बौद्धहरूको धार्मिक ग्रन्थ कुन हो ? (क) बाइबल (ख) त्रिपिटक (ग) कुरान (घ) गीता	

नोट: माथि उल्लिखित शिक्षण सामग्री, शिक्षण विधि र मूल्याङ्कन प्रक्रियाहरू नमुनाका रूपमा मात्र प्रस्तुत गरिएकाले शिक्षण क्रियाकलापको लागि पर्याप्त छैनन्। प्रभावकारी शिक्षणसिकाइ क्रियाकलापका लागि आवश्यकताअनुसार थप शिक्षण सामग्री, शिक्षण विधि र मूल्याङ्कन प्रक्रियाहरू प्रयोग गर्नुपर्नेछ।

Untitled-79.pdf

कक्षा ९ को उद्देश्य

कक्षा ९ को नागरिकशास्त्रको अध्ययन पूरा गरेका विद्यार्थीहरू निम्नलिखित कुराहरू गर्न सक्षम हुनेछन् ।

१. नागरिकशास्त्रको परिभाषा र क्षेत्र उल्लेख गर्न ।
२. नागरिकशास्त्रको महत्त्व र उपयोगिताको व्याख्या गर्न ।
३. नागरिकशास्त्र र अरू सामाजिक शास्त्रहरूको आपसी सम्बन्ध देखाउन ।
४. नागरिकशास्त्र कला हो वा विज्ञान हो भन्ने कुराको मूल्याङ्कन र हाम्रो देशमा नागरिकता प्राप्त गर्ने आधारहरू उल्लेख गर्न ।
५. अधिकार र कर्तव्यको परिभाषा दिन र यसको किसिम बताउन ।
६. अधिकार र कर्तव्य एकअर्काका पूरकको रूपमा उदाहरणसाथ वर्णन गर्न ।
७. हाम्रो संवैधानिक अधिकार र कर्तव्यका बुँदाहरूको विश्लेषण गर्ने ।
८. राज्यको अर्थ र परिभाषा बताउन र यसका आवश्यक तत्त्वहरूको वर्णन गर्न ।
९. राज्यका कार्यहरूको छनोट गर्न ।
१०. राज्यका उत्पत्तिका सिद्धान्तहरू छुट्याउन ।
११. प्रजातन्त्रको अर्थ र परिभाषा दिन र यसको आवश्यक र महत्त्वको वर्णन गर्न ।
१२. नेपालमा राणाशासनको अन्त्य र प्रजातन्त्रका लागि भएका प्रयासहरू बताउन ।
१३. राजनैतिक दलहरूको उद्देश्य, गठन र कार्य वर्णन गर्न ।
१४. राजनैतिक दलहरूको भूमिका बताउन ।
१५. नेपालमा राष्ट्रिय पार्टीहरूका रूपमा मान्यता दिने आधारहरूको वर्णन गर्न ।
१६. नेपालमा बहुदलीय व्यवस्था स्थापनाको विकासक्रम बताउन ।
१७. बहुदलीय व्यवस्थाका लागि गरिएका प्रयासहरू र यसका लक्षणहरूको विश्लेषण गर्न ।
१८. सरकारको परिचय, किसिम तथा विभिन्न अङ्गहरूको उल्लेख गर्न ।
१९. हाम्रो कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकाको गठन, काम कर्तव्य र अधिकार तथा न्यायपालिकाको किसिम बयान गर्न ।
२०. संविधानको अर्थ, परिभाषा, आवश्यकता, वर्गीकरण तथा यसका स्रोतहरू र विशेषताको वर्णन गर्न ।

कक्षा ९ का पाठ्यवस्तुहरू

१. **नागरिकशास्त्र**

(क) परिभाषा

(ख) नागरिकशास्त्रको क्षेत्र

(ग) नागरिकशास्त्रको महत्त्व र उपयोगिता

Untitled-80.pdf

नागरिकशास्त्र

१. परिचय

प्राचीन ग्रीसमा स-साना नगर राज्यहरू थिए । त्यसबेला नगरमा बस्नेलाई नागरिक भनिन्थ्यो । यो शब्द रोमन भाषाको (Civitas) सिभिटासबाट उत्पत्ति भएको हो । (Civitas) सिभिटासको अर्थ हुन्छ नगरराज्य । त्यसबेला नागरिक जीवनको अध्ययन नगरका बासिन्दाको जीवनसम्म मात्र सीमित मानिन्थ्यो । तर आज के गाउँ के सहर, के पहाड, के तराई कुनै पनि राज्यको सीमाक्षेत्र भित्र जहाँसुकै बसे पनि त्यस राज्यको नागरिक हुन्छ । शास्त्र शब्दको अर्थ हुन्छ ज्ञान पुञ्ज,ज्ञान पुञ्जको अध्ययन भन्नु नै शास्त्रार्थ हो । अतः नागरिक शास्त्रको अर्थ पनि स्वतः फराकिलो हुन पुगेको छ । आज मानव समाजको सामाजिक जीवनको अध्ययन नै नागरिक शास्त्रको ध्येय भएको छ । वस्तुतः नागरिक जीवनको सार्थकता नागरिकमा निहित विवेक, पारस्परिक प्रेम, सहिष्णुता, आपसी सहयोग, सामाजिक भावना, असल छिमेकीपन, असल आदत, माताधिकारको सदुपयोग, कर्तव्यको उचित क्रम निर्धारण आदि कुरामा रहन्छ । तसर्थ यो भन्न सकिन्छ कि जीवनलाई सुखी, समृद्ध र यापनयोग्य बनाउनका लागि हरेक नागरिकले नागरिकशास्त्रको अध्ययनद्वारा उपरोक्त मूल्यलाई आ-आफ्नो जीवनमा उतार्न सक्नुपर्दछ । यसैमा नागरिक स्वयम् र नागरिक समाजको कल्याण हुन्छ ।

यही वास्तविकतालाई हृदयंगम गरी नेपालको संविधान २०४७ द्वारा सुरक्षित मानव अधिकार तथा शिक्षामा समान अवसर प्रदान गर्ने हेतुले राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ को सुझावद्वारा माध्यमिक तहको पाठ्यक्रममा ऐच्छिक नागरिकशास्त्रको अध्यापन गराउन निर्देशित गरेको छ । अतः राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को प्रथम संसोधन २०३८ को पाठ्यक्रमलाई परिमार्जन गरी आजको प्रजातान्त्रिक सामाजिक मूल्य र मान्यताका आधामरा शैक्षिक जगतका शिक्षक, प्राध्यापक, बुद्धिजीवी र विद्वत वर्गको समेत राय-सल्लाह र सुझाव लिई युगानुकूल नागरिक चेतना अभिवृद्धि गर्न सक्ने उद्देश्य र पाठ्यवस्तुहरू समावेश गरी नागरिकशास्त्र कक्षा ९ र १० को पाठ्यक्रम परिमार्जन गरिएको छ । यसलाई अझ प्रभावकारी बनाउन सम्बन्धित सबै विद्वतवर्गबाट रचनात्मक सुझावको अपेक्षा गरिन्छ ।

२. साधारण उद्देश्य

कक्षा ९ र १० मा नागरिकशास्त्रको अध्ययन पूरा गरेका विद्यार्थीहरू निम्नलिखित कुराहरू गर्न सक्षम हुनेछन्

१. नागरिकशास्त्रको परिभाषा, क्षेत्र र उपयोगिताको व्याख्या गर्न ।

२. नागरिकशास्त्र र अरू सामाजिक शास्त्रहरूको आपसी सम्बन्धको वर्णन गर्न र नागरिकशास्त्र कला हो वा विज्ञान भन्ने कुरा बताउन र नेपालमा नागरिकता प्राप्त गर्ने आधारहरू उल्लेख गर्न ।

Untitled-81.pdf

३. अधिकार र कर्तव्यको परभाषा दिन र यिनीहरूको किसिम तथा अधिकार र कर्तव्य एकअर्काको पुरकको रूपमा उदाहरणसाथ वर्णन गर्न ।

४. हाम्रो संवैधानिक अधिकार र कर्तव्यका बुंदाहरूको विश्लेषण गर्न ।

५. राज्यको परिभाषा दिन, यसका आवश्यक तत्त्वहरूको बयान गर्न र यसका कार्यहरूको उल्लेख गर्न ।

६. राज्य उत्पत्तिका सिद्धान्तहरूको परिचय दिन ।

७. प्रजातन्त्रको अर्थ र परिभाषा दिन, यसको आवश्यकता र महत्त्वको वर्णन गर्न ।

८. नेपालमा राणा शासनको अन्त्य र प्रजातन्त्रका लागि भएका प्रयासहरू बयान गर्न ।

९. राजनैतिक दलहरूको गठन, उद्देश्य र तिनीहरूको भूमिका छलफल गर्न ।

१०. नेपालमा राष्ट्रिय पार्टीका रूपमा मान्यता दिइने आधारहरूको वर्णन गर्न ।

११. नेपालमा बहुदलीय व्यवस्थाको विकास र पुनर्स्थापनाका लागि भए गरेका प्रयासहरू र यसका लक्षणहरूको विश्लेषण गर्न ।

१२. सरकारको परिचय, किसिम तथा विभिन्न अङ्गहरूको उल्लेख गर्न ।

१३. हाम्रो कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकाको गठन तथा कार्यहरू बयान गर्न ।

१४. संविधानको अर्थ र परिभाषा, आवश्यकता, वर्गीकरण तथा यसका स्रोतहरू र विशेषताको वर्णन गर्न ।

१५. कानुनको अर्थ र परिभाषा, किसिम, स्रोतहरू तथा विशेषताहरू वर्णन गर्न ।

१६. सार्वभौमिकताको अर्थ, परिभाषा र विशेषता बताउन, यसको महत्त्व वर्णन गर्न तथा सार्वभौमिक अधिराज्यको रूपमा नेपालको महत्त्व बताउन ।

१७. स्वतन्त्रता र समानताको पृष्ठभूमी र परिभाषा दिन, यी दुईबीचको सम्बन्ध बताउन र नागरिक जीवनमा यिनीहरूको महत्त्व छलफल गर्न ।

१८. जनमत तथा निर्वाचनको परिचय दिन र जनमतका लागि आवश्यक शर्त र माध्यमको वर्णन गर्न तथा हाम्रो देशको निर्वाचन प्रणाली बताउन ।

१९. परराष्ट्र नीतिको अर्थ, उद्देश्य र आधारहरू तथा विशेषताको उल्लेख गर्न साथै हाम्रो देशको असंलग्न परराष्ट्रनीतिको महत्त्व व्याख्या गर्न ।

२०. स्थानीय स्वायत्त शासनको अर्थ र महत्त्वको वर्णन गर्न ।

२१. गाउँ विकास समिति, नगर विकास समिति, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका तथा जिल्ला विकास समितिको गठन प्रक्रिया, महत्त्व र कार्यहरूको वर्णन गर्न ।

२२. संयुक्त राष्ट्रसंघको प्रस्तावना, यसको उद्देश्य, सिद्धान्त, नेपालको विकास कार्यमा यसको सहयोग र अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान तथा सार्क संगठनको उद्देश्य, महत्त्व, गठन र कार्यको वर्णन गर्न ।

२३. संयुक्त राष्ट्रसंघको उद्देश्य उल्लेख गर्न ।

Untitled-82.pdf

(घ) नागरिकशास्त्रको अरू सामाजिक शास्त्रसँग सम्बन्ध- भूगोल, इतिहास, समाजशास्त्र, अर्थशास्त्र, मनोविज्ञान, राजनीतिशास्त्र र नैतिक शास्त्र ।

(ङ) नागरिकशास्त्र कला र विज्ञानको रूपमा ।

(च) हाम्रो देशमा नागरिकता प्राप्त गर्ने आधारहरू र समाप्त हुने अवस्था ।

२. **अधिकार र कर्तव्य**

(क) अधिकार र कतर्व्यको परिभाषा

(ख) अधिकार र कर्तव्यको किसिम

(ग) अधिकार र कर्तव्य एकअर्काका पूरक

(घ) हाम्रो संवैधानिक अधिकार र कर्तव्य

(ङ) मानव अधिकार

३. **राज्य**

(क) राज्यको अर्थ र परिभाषा

(ख) राज्यका लागि आवश्यक तत्वहरू

(ग) राज्यका कार्यहरू

४. **राज्यका उत्पत्तिका सिद्धान्तहरू**

(क) दैवी शक्ति सिद्धान्त

(ख) पितृसतात्मक तथा मातृसत्तात्मक सिद्धान्त

(ग) शक्तिमा आधारित सिद्धान्त

(घ) सामाजिक सम्झौताको सिद्धान्त

(ङ) विकासवादी सिद्धान्त

५. **प्रजातान्त्रिक शासन प्रणाली**

(क) प्रजातन्त्रको अर्थ र परिभाषा

(ख) प्रजातन्त्रको आवश्यकता र महत्त्व

(ग) नेपालमा राणाशासनको अन्त्य र प्रजातन्त्रका लागि भएका प्रयासहरू

६. **राजनैतिक दलहरू**

(क) राजनैतिक दलको गठन र उद्देश्य

(ख) राजनैतिक दलको भूमिका र कार्यहरू

(ग) नेपालमा राष्ट्रिय पार्टीहरूको रूपमा मान्यता दिने आधारहरू

७. **नेपालमा बहुदलीय व्यवस्थाको विकासक्रम**

(क) २००७ सालदेखि २०१५ सालसम्म भएका राजनैतिक घटनाहरू

(ख) २०१५ सालको आमनिर्वाचन र २०१७ सालको दलमाथिको प्रतिबन्ध

(ग) बहुदलीय व्यवस्था पुनर्स्थापनाका लागि भएका प्रयासहरू

(घ) २०४६ सालको जनआन्दोलन

Untitled-83.pdf

(ङ) बहुदलीय व्यवस्थाका लक्षणहरू

८. **सरकार र यसका अङ्गहरू**

(क) परिचय

(ख) सरकारको आवश्यकता

(ग) सरकारको किसिम

९. **व्यवस्थापिका**

(क) परिचय

(ख) व्यवस्थापिकाको गठन र महत्त्व

(ग) व्यवस्थापिकाको काम, कर्तव्य र अधिकार

(घ) हाम्रो प्रतिनिधिसभा र राष्ट्रिय सभा

१०. **न्यायपालिका**

(क) न्यायपालिकाको परिचय र किसिम

(ख) न्यायपालिकाको गठन र कार्य

(ग) न्यायपालिकाको महत्त्व

(घ) हाम्रो न्यायपालिका

११. **कार्यपालिका**

(क) कार्यपालिकाको परिचय

(ख) कार्यपालिकाको गठन, काम-कर्तव्य र अधिकार

(ग) कार्यपालिकाको महत्त्व

(घ) हाम्रो कार्यपालिका

१२. **संविधान**

(क) संविधानको अर्थ र परिभाषा

(ख) संविधानको वर्गीकरण

(ग) संविधानको आवश्यकता

(घ) संविधानको स्रोत र विशेषताहरू

(ङ) हाम्रो देशको संविधान

कक्षा ९ पाठ्यवस्तुको पाठ्यभार विभाजन		
क्र.सं.	पाठ्यवस्तु	पाठ्यभार
१.	नागरिकशास्त्र	१७ प्रतिशत
२.	अधिकार र कर्तव्य	१० प्रतिशत
३.	राज्य	५ प्रतिशत
४.	राज्यका उत्पत्तिका सिद्धान्तहरू	१० प्रतिशत

Untitled-84.pdf

५.	प्रजातान्त्रिक शासन प्रणाली	८ प्रतिशत
६.	राजनैतिक दलहरू	५ प्रतिशत
७.	नेपालमा बहुदलीय व्यवस्थाको विकास	१२ प्रतिशत
८.	सरकार र यसका अङ्गहरू	५ प्रतिशत
९.	व्यवस्थापिका	५ प्रतिशत
१०.	न्यायपालिका	५ प्रतिशत
११.	कार्यपालिका	५ प्रतिशत
१२.	संविधान	१३ प्रतिशत

४. क्षेत्र, क्रम र मूल्याङ्कन

कक्षा ९

क.सं.	एकाइ	पाठ्यवस्तु	शैक्षिक सामग्री	शिक्षण विधि	मूल्याङ्कन प्रक्रिया	पाठ्यभार
१.	नागरिकशास्त्र	१.नागरिकशास्त्रको परिभाषा । २. नागरिकशास्त्रको क्षेत्र । ३. नागरिकशास्त्रको महत्त्व र उपयोगिता । ४. नागरिकशास्त्रको अरू सामाजिक शास्त्रसंगको सम्बन्ध+भूगोल, इतिहास, समाजशास्त्र, अर्थशास्त्र, मनोविज्ञान, राजनीतिकशास्त्र र नैतिकशास्त्र ५. नागरिकशास्त्र, कला र विज्ञानको रूपमा । ६. हाम्रो देशमा नागरिकता प्राप्त गर्ने आधारहरू र समाप्त हुने अवस्थाहरू ।	- चार्ट - तालिका - विश्वको नक्सामा युनान (ग्रीस) नगरको उद्गमस्थल	व्याख्यान प्रश्नोत्तर छलफल - प्रदर्शन	विषयगत र वस्तुगत प्रश्न: नमुना: नागरिक केलाई भन्दछन् ? - नागरिकशास्त्रको अर्थ खुलाउ ? - नगरको उद्गमस्थलबारे विश्वको नक्सा हेरी छलफल गर ? - नागरिकहरूलाई नागरिक शास्त्रको के महत्त्व छ ? - नागरिकशास्त्रको अरू कुन कुन शास्त्रसंग सम्बन्ध छ सूची बनाई तालिकामा भर । - नागरिकशास्त्र कला र विज्ञानको रूपमा देखाउन चार्ट बनाई पुष्टि गर ? - शिक्षकले महत गर्ने - नेपालमा	१७%

Untitled-85.pdf

					नागरिकता प्राप्तिको आधार कुन हो । (क) जुनसुकै व्यक्ति नेपालमा आई बसोबास गरेको । (ख) वंशजको आधार । (ग) अन्य राज्यको नागरिकता नत्यागेको । (घ) नेपालमा शरणार्थी भई बसेको ।	
२	अधिकार र कर्तव्य	१. अधिकार र कर्तव्यको परिभाषा २. अधिकार र कर्तव्यको किसिम ३. अधिकार र कर्तव्य एकअर्काका पूरक ४. हाम्रो संवैधानिक अधिकार र कर्तव्य ५. मानव अधिकार	- चार्ट - तालिका अधिकारको सदुपयोग गर्ने व्यक्तिको तस्बिर कर्तव्य पालना गर्ने व्यक्तिको तस्बिर मानव अधिकार न्यालीको चित्र	- व्याख्यान - छलफल - प्रश्नोत्तर - प्रदर्शन	वस्तुगत तथा निबन्धात्मक प्रश्न, नमुना: अधिकार कति प्रकारका हुन्छन्, तिनीहरूको नाम लेख ? कर्तव्यको अर्थ स्पष्ट सुनाऊ ? चित्रमा हेरी छलफल गर र कक्षामा सुनाऊ ? अधिकार र कर्तव्य एक अर्काका पूरक हुन" पुष्टि गर ? हाम्रा संवैधानिक अधिकारहरूको सूची बनाऊ र तालिकामा भर ? खाली ठाउँ भर: (क) जीवनको अधिकार मानिसको ..... अधिकार हो । (ख) व्यक्तिका लागि राम्रोसँग बाँच्न पाउनु..... अधिकार हो । (ग) बाक् स्वतन्त्रतासँग	१८५

					सम्बन्धित अधिकारलाई .....भन्दछन् । मानव अधिकार भनेको के हो ?	
३.	राज्य	१. राज्यको अर्थ र परिभाषा २. राज्यका लागि आवश्यक तत्वहरू ३. राज्यका कार्यहरू	विश्वको नक्सा - तालिका	व्याख्यान छलफल प्रश्नोत्तर	विषयगत तथा वस्तुगत प्रश्न : नमुना: विश्वको नक्सामा नेपाल देखाउ र छिमेकी अन्य देशको पनि जानकारी गर ? - राज्यका महत्त्वपूर्ण तत्व के के हुन् ? - ठीक वेठीक छुट्याऊ : (क) राज्य भनेको एक अमूर्त मान्यता हो । (ख) भूमिलाई राज्यको अनिवार्य तत्व मानिदैन । (ग) राज्यका लागि सम्प्रभुता अनिवार्य छ । (घ) सरकार राज्यको अनावश्यक तत्व हो । राज्यका कार्यहरूको सूची बनाउ र तालिकामा भर ।	५%
४.	राज्यका उत्पत्तिका सिद्धान्तहरू	१. दैवीशक्ति सिद्धान्त २. शक्तिमा आधारित सिद्धान्त ३. पितृसत्तात्मक तथा मातृसत्तात्मक सिद्धान्त	- नागरिकहरू कुनै ठाउँमा भेला भई छलफल गरिरहेको तस्विर - आमा-बाबु सहित परिवारको तस्विर (आमा-बाबुले निर्देशन दिइएको	- व्याख्यान - छलफल - प्रश्नोत्तर प्रदर्शन	विषयगत तथा वस्तुगत प्रश्नहरू; नमुना: - दैवी शक्तिको सिद्धान्तका गुणहरू र दोषहरूको सूची बनाऊ । - शक्तिमा आधारित	१०%

Untitled-87.pdf

		४. सामाजिक सम्झौताको सिद्धान्त ५. विकासवादी सिद्धान्त	कल्किबोस्/ चार्टहरू		सिद्धान्तबारे चित्रमा हेरी छलफल गर । - पितृसत्तात्मक र मातृसत्तात्मक सिद्धान्तका बीच फरक छुट्याऊ । - मानिसलाई एकताको सूत्रमा बाँधनका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । (क) धार्मिक सम्बन्धले (ख) शक्ति सम्बन्धले (ग) रक्त सम्बन्धले	
५.	प्रजातान्त्रिक शासन प्रणाली	१. प्रजातन्त्रको अर्थ र परिभाषा २. प्रजातन्त्रको आवश्यकता र महत्त्व ३. नेपालमा राणाशासनको अन्त्य र प्रजातन्त्रका लागि भएका प्रयासहरू ।	- प्रजातान्त्रिक प्रणालीमा निर्वाचन हुँदाको तस्विर । - जनप्रतिनिधि र जनताबीच छलफल भइरहेको चित्र । नेपालमा २००७ सालका राणाविरोधी आन्दोलनका तस्विरहरू	- व्याख्यान - प्रदर्शन - छलफल - प्रश्नोत्तर	विषयगत तथा वस्तुगत प्रश्नहरू: नमुना: प्रजातन्त्र भनेको के हो ? - प्रजातन्त्रको महत्वबारे उल्लेख गर । - राणा शासनको अन्त्य हुनाका कारणहरूको सूची बनाऊ । - प्रजातन्त्रको आवश्यकताबारे कक्षामा छलफल गर ? (शिक्षकले समेत भाग लिने) - खाली ठाउँ भर: - नेपालमा राणा शासनको ..... अन्त्य भयो । क) २००७ कार्तिक २१ गते । ख) २००७ फागुन ४ गते । ग) २००७ फागुन ७ गते ।	८५.

Untitled-89.pdf

६.	राजनैतिक दलहरू	१. राजनैतिक दलको गठन र उद्देश्य । २. राजनैतिक दलका कार्यहरू । ३. नेपालमा राष्ट्रिय पार्टी मान्ने आधारहरू	- संगठनात्मक स्वरुप देखाउने तस्बिर । - चार्ट - तालिका	व्याख्यान - प्रदर्शन छलफल प्रश्नोत्तर	विषयगत तथा वस्तुगत प्रश्न ; नमुना: सबै दलहरूका समान उद्देश्यहरू उल्लेख गर ? - राजनैतिक दलका प्रमुख कार्यहरूको नाम उल्लेख गर । - राष्ट्रका लागि राजनैतिक दलहरूका उद्देश्य हुनुपर्दछ । (क) राष्ट्रको समुन्नति गर्ने । (ख) आफ्नो पार्टीको समुन्नति गर्ने । (ग) व्यक्तिगत समुन्नति गर्ने । (घ) नेता मात्रको समुन्नति गर्ने । - नेपालमा राष्ट्रिय पार्टी मान्ने आधारहरू के के हुन् ? समूहगत रूपमा कक्षामा छलफल गर । (शिक्षकले समेत समूहमा भाग लिनुपर्दछ ।	३%
७.	नेपालमा बहुदलीय व्यवस्थाको विकास	१. २००७ सालदेखि २०१५ सालसम्म भएका राजनैतिक घटनाहरू २. २०१५ सालको आम निर्वाचन र २०१७ सालमा दलमाथिको प्रतिबन्ध । ३. बहुदलीय व्यवस्था	२००७ सालको क्रान्ति झल्काउने तस्बिर । - प्राप्त भएकम्म पाठ्यवस्तुमा उल्लिखित तस्बिरहरू	- व्याख्यान - चित्र प्रदर्शन - छलफल - तालिका - प्रश्नोत्तर	नमुना: २००७ सालमा क्रान्ति हुनाका कारणहरूको सूची बनाऊ । - आमनिर्वाचन २०१५ पछि गठित सरकारले गर्न खोजेका कार्यहरूको विवरण देऊ । वस्तुगत प्रश्न: नमुना: दलमाथि प्रतिबन्ध	१२%

Untitled-90.pdf

		पुनर्स्थापनाका लागि भएका प्रयासहरू ४. २०४६ सालको जनआन्दोलन ५. बहुदलीय व्यवस्थाका लक्षणहरू ।			लगाइएको थियो । (क) २०१७ पुस २० गते (ख) २०१७ पुस १८ गते (ग) २०१७ पुस १ गते बहुदलीय व्यवस्था पुनर्स्थापनाका लागि के के प्रयास गरिएको थियो सूची बनाऊ ? - २०४६ सालको जन आन्दोलनका प्रमुख पार्टीहरूको नाम लेख, - बहुदलीय व्यवस्थाका लक्षणहरूको सूची बनाई तालिकामा देखाऊ ?	
८.	सरकार यसका अङ्गहरू	१. सरकारको परिचय । २. सरकारको आवश्यकता । ३. सरकारको किसिम ।	सरकारको पहिचान दर्ने तस्विरहरू (मन्त्रिपरिषद्ले सपथ ग्रहण गरेको तस्विर, राजाहरूको तस्विर, सैनिक तथा कर्मचारीहरूले प्रशासनिक कार्य गर्दै गरेको तस्विर	- व्याख्यान - प्रदर्शन - छलफल	विषयगत छोटा प्रश्नहरू : नमुना: सरकार भनेको के हो ? - किन सरकारको आवश्यक हुन्छ ? (सामग्रीमा लेखिएका तस्विरहरू देखाई विद्यार्थीलाई सरकारको धारणाबारे अवगत गराउने) वस्तुगत प्रश्नहरू: नमुना: सरकार यसै प्रकारका हुन्छन् ? १. दुई २. तीन ३. चार ४. पाँच जनतन्त्र र प्रजातन्त्रको फरक छुट्टिने बेग्ला बेग्लै	५५

Untitled-91.pdf

					सूची बनाउ ? - राजतन्त्र र प्रजातन्त्रका गुणहरू अलगअलग छुट्याऊ ?	
९.	व्यवस्थापिका	१. व्यवस्थापिकाको परिचय । २. व्यवस्थापिकाको गठन र महत्व ३. व्यवस्थापिकाको काम, कर्तव्य र अधिकार ४. हाम्रो प्रतिनिधिसभा र राष्ट्रिय सभा ।	व्यवस्थापिका सभाको तस्विर । प्रतिनिधिसभा र राष्ट्रिय सभाको तस्विर । तालिका	- व्याख्यान - प्रदर्शन - छलफल - अभिनय	विषयगत प्रश्नहरू: नमुना: व्यवस्थापिका भनेको के हो ? - हाम्रो व्यवस्थापिकाको गठन प्रक्रिया बताऊ । वस्तुगत प्रश्नहरू: नमुना: खाली ठाउँ भर - हाम्रो व्यवस्थापिका..... सदनात्मकको छ । - राष्ट्रियसभाका सदस्यहरूमा के कस्ता योग्यताको निर्धारण गरेको छ सूची बनाई तालिकामा भर ? - प्रतिनिधिसभाका समितिहरूको नाम लेख र कक्षामा छलफल गर ? - राष्ट्रियसभा स्थायी सदन हो । यो भनाइको पुष्टि गर । - प्रतिनिधिसभामा छलफल हुँदाको अभिनय गर ।	५१.
१०.	न्यायपालिका	१. न्यायपालिकाको परिचय र किसिम २. न्यायपालिकाको गठन र अधिकार ३. न्यायपालिकाको	१. सर्वोच्च अदालत, क्षेत्रीय अदालत, जिल्ला अदालतको तस्विर ।	व्याख्यान - प्रदर्शन - प्रश्नोत्तर	विषयगत प्रश्न : - छोटो उत्तर आउने । नमुना: न्यायपालिकाले के	५२.

Untitled-92.pdf

		महत्व ३. हाम्रो न्यायपालिका	२. न्यायाधीशहरू-द्वारा बेन्चमा बसी बहस गर्दाको तस्विर ।	- छलफल - भूमिका निर्वाह ।	गर्दछ ? वस्तुगत प्रश्न खाली ठाउँ भर्ने: नमुना: जिल्ला अदालतमा..... जना न्यायाधीशहरूको नियुक्ति गरिन्छ । - हाम्रो क्षेत्रीय अदालत..... मा छ । - कुनै पनि एक मुद्दाको बहस गर्दाको अवस्था झल्कने गरी विद्यार्थीहरूलाई बहसमा भाग लिने व्यक्तिहरूको भूमिका निर्वाह गर्न लगाउने ।न्यायाधीशको, वकिलको, झगडियाको इत्यादि।	
११.	कार्यपालिका	१. कार्यपालिकाको परिचय २. कार्यपालिकाको गठन, काम, कर्तव्य र अधिकार ३. कार्यपालिकाको महत्व ४. हाम्रो कार्यपालिका ।	१. चार्ट । २. मन्त्री परिषद्को बैठक बस्ताको प्रधानमन्त्रीको स्थानसहितको तस्विर । ३. तालिका	व्याख्यान - प्रदर्शन - छलफल - खोज प्रश्नोत्तर	विषयगत प्रश्न : - कार्यपालिकाको स्पष्ट परिचय हुने गरी छोटो निबन्ध लेख । नमुना: कार्यपालिका भनेको के हो ? - मन्त्रिपरिषद्को तस्विरमा प्रधानमन्त्री र राज्य मन्त्रीहरूको स्थान देखाऊ । - मन्त्रीहरूको तह छुट्याउने सूची तयार गरी तालिकामा भर । - हाम्रो	५%

Untitled-93.pdf

					कार्यपालिकाको महत्वबारे छलफल गर । बहुलगत प्रश्न नमुना: नेपालमा मन्त्रीहरूको तह हुने व्यवस्था छ । ३ तह । ४ तह । ५ तह ।	
१२.	संविधान	१. संविधानको अर्थ र परिभाषा २. संविधानको वर्गीकरण ३. संविधानको आवश्यकता ४. संविधानका स्रोतहरू र विशेषता ५. हाम्रो देशको संविधान	- पाठ्यपुस्तक र अन्य सहायक पुस्तक तथा पत्र पत्रिका । - तालिका - चार्टहरू	- व्याख्यान - प्रश्नोत्तर छलफल -वादविवाद	विषयगत छोटो उत्तर आउने नमुना १. संविधान भनेको के हो - असल संविधानका लक्षणहरूबारे छलफल गर ? - लिखित र विकसित संविधानका सूची बनाई तालिकामा भर ? - कठोर संविधान र लचिलो संविधानमा भएको फरकबारे समूह समूहमा बसी वादविवाद गर । (शिक्षकद्वारा फरक छुट्याइदिने) हाम्रो संविधानका स्रोतहरू के के हुन् ?	

कक्षा १० को उद्देश्य

कक्षा १० मा नागरिकशास्त्रको अध्ययन पूरा गरेका विद्यार्थीहरूले निम्नलिखित कुराहरू गर्न सक्षम हुनेछन् :

१. कानुनको अर्थ र परिभाषाको वर्णन गर्न ।

२. कानुनका किसिमहरू, स्रोतहरू र विशेषताहरूको व्याख्या गर्न ।

३. सार्वभौमिकताको अर्थ र परिभाषाको वर्णन गर्न ।

४. सार्वभौमिकताको विशेषता बताउन र नेपाल सार्वभौम सम्पन्न अधिराज्य हो भन्ने चिनाउन ।

५. स्वतन्त्रताको पृष्ठभूमि बताउन र यसको अर्थ बताउन ।

Untitled-94.pdf

६. समानताको परिभाषा दिन र स्वतन्त्रता र समानताको सम्बन्ध वर्णन गर्न ।

७. नागरिक जीवनमा स्वतन्त्रता र समानताको महत्त्व विश्लेषण गर्न ।

८. जनमत तथा निर्वाचनको परिचय दिन र जनमतका लागि आवश्यक शर्त र माध्यमको वर्णन गर्न ।

९. २०३६ सालको जनमत संग्रहको व्याख्या गर्न ।

१०. हाम्रो देशको निर्वाचन प्रणालीको व्याख्या गर्न ।

११. परराष्ट्रनीतिको अर्थ, यसको उद्देश्य आधारहरू तथा विशेषताको उल्लेख गर्न ।

१२. हाम्रो देशको असंलग्न परराष्ट्र नीतिको महत्त्व व्याख्या गर्न ।

१३. स्थानीय स्वायत्त शासनको अर्थ बताउन र यसको गठन, काम, कर्तव्य र अधिकारको वर्णन गर्न ।

१४. संयुक्त राष्ट्रसंघको प्रस्तावना, यसको उद्देश्य र सिद्धान्त, नेपालको विकास कार्यमा यसको सहयोग र अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान तथा सार्क संगठनको उद्देश्य, महत्त्व, गठन र कार्यहरूको वर्णन गर्न ।

१५. संयुक्त राष्ट्रसङ्घ र यसका अङ्गहरूको विश्लेषण गर्न ।

कक्षा १० को पाठ्यवस्तु

१. **सार्वभौमिकता**

(क) सार्वभौमिकताको अर्थ र परिभाषा

(ख) सार्वभौमिकताको विशेषता

(ग) नेपाल एक सार्वभौम सम्पन्न अधिराज्य ।

२. **स्वतन्त्र र समानता**

(क) स्वतन्त्रताको पृष्ठभूमि र अर्थ

(ख) समानताको परिभाषा

(ग) स्वतन्त्रता र समानताको सम्बन्ध

(घ) नागरिक जीवनमा स्वतन्त्रता र समानताको महत्त्व

३. **कानुन**

(क) कानुनको अर्थ र परिभाषा

(ख) कानुनका किसिमहरू

(ग) कानुनका स्रोतहरू

(घ) मुलुकी ऐन र यसका विशेषताहरू

४. **निर्वाचन**

(क) निर्वाचनको अर्थ र परिभाषा

(ख) निर्वाचनको आवश्यकता

(ग) हाम्रो निर्वाचन प्रक्रिया

Untitled-95.pdf

५. **जनमत**

(क) जनमतको परिचय

(ख) जनमतका लागि आवश्यक शर्तहरू

(ग) जनमतका माध्यमहरू

(घ) नेपालमा २०६३ सालको जनमत संग्रह र यसको महत्त्व

६. **स्थानीय स्वायत्त शासन**

(क) स्थानीय स्वायत्त शासनको अर्थ र महत्त्व

(ख) गाउं विकास समिति, नगर विकास समिति र नगरपालिकाको गठन, काम, कर्तव्य र अधिकार

(ग) उपमहानगरपालिका र महानगरपालिकाको गठन, काम कर्तव्य र अधिकार

(घ) जिल्ला विकास समितिको गठन, काम कर्तव्य र अधिकार

७. **परराष्ट्र नीति**

(क) परराष्ट्र नीतिको अर्थ, परिभाषा र उद्देश्यहरू

(ख) परराष्ट्र नीतिका आधारहरू

(ग) परराष्ट्र नीतिको महत्त्व

(घ) हाम्रो असंलग्न परराष्ट्रनीति

८. **संयुक्त राष्ट्रसङ्घ र दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (SAARC) सार्क**

(क) संयुक्त राष्ट्रसङ्घको प्रस्तावना

(ख) संयुक्त राष्ट्रसङ्घको उद्देश्यहरू

(ग) संयुक्त राष्ट्रसङ्घको विशेष समितिहरू

(घ) नेपालको विकास कार्यमा संयुक्त राष्ट्रसङ्घको सहयोग

(ङ) अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान

(च) सार्क संगठनका उद्देश्यहरू

(छ) सार्कको गठन र कार्यहरू

९. **संयुक्त राष्ट्रसङ्घका अङ्गहरू**

(क) महासभा

(ख) सुरक्षा परिषद्

(ग) आर्थिक तथा सामाजिक परिषद्

(घ) अन्तर्राष्ट्रिय न्यायालय

(ङ) संरक्षण परिषद्

(च) सचिवालय

Untitled-96.pdf

कक्षा १० पाठ्यवस्तुको पाठ्यभार विभाजन		
१.	सार्वभौमिकता	८ प्रतिशत
२.	स्वतन्त्रता र समानता	१० प्रतिशत
३.	कानुन	१० प्रतिशत
४.	निर्वाचन	८ प्रतिशत
५.	जनमत	१० प्रतिशत
६.	स्थानीय स्वायत्त शासन	१५ प्रतिशत
७.	परराष्ट्रनीति	१० प्रतिशत
८.	संयुक्त राष्ट्रसङ्घ र सार्क (SAARC)	१६ प्रतिशत
९	संयुक्त राष्ट्रसङ्घका अङ्गहरू	१३ प्रतिशत

५. क्षेत्र, क्रम र मूल्याङ्कन

कक्षा १०

क.स.	एकाइ	पाठ्यवस्तु	शैक्षिक सामग्री	शिक्षण विधि	मूल्याङ्कन प्रक्रिया	पाठ्यभार
१	सार्वभौमिकता	१. सार्वभौमिकताको अर्थ र परिभाषा २. सार्वभौमिकताको विशेषताहरू ३. नेपाल एक सार्वभौम सम्पन्न अधिराज्य	- चार्ट - तालिका - नेपाली जनसमुदायको तस्विर	- व्याख्यान - प्रश्नोत्तर - छलफल - प्रदर्शन	विषयगत तथा वस्तुगत प्रश्न नमुना: सार्वभौमिकता भनेको के हो ? - सार्वभौमिकताको विशेषताहरूको सूची बनाउ र तालिकामा भर । - नेपालको संविधान २०४७ अनुसार नेपालको सार्वभौमसत्ता कसमा निहित रहेको छ चित्र हेरी छलफल गर । ठीक उत्तर छान : - सार्वभौमिकताको प्रमुख विशेषतामध्ये आत्मीयता/सर्वव्यापकता एक हो । - नेपाललाई सार्वभौमसत्ता सम्पन्न अधिराज्य भनिन्छ । पुष्टि गर ।	८%
२.	स्वतन्त्रता र समानता	१. स्वतन्त्रताको पृष्ठभूमि र अर्थ २. समानताको परिभाषा	- चार्ट - तालिका	- व्याख्यान - प्रश्नोत्तर - प्रदर्शन	विषयगत र वस्तुगत प्रश्न नमुना: स्वतन्त्रताको अर्थ बताउ ? - समानता भनेको के हो परिभाषा देऊ ?	१०%

Untitled-97.pdf

		३. स्वतन्त्रता र समानताको सम्बन्ध ४. नागरिक जीवनमा स्वतन्त्रता र समानताको महत्व			- स्वतन्त्रता र समानताको सम्बन्ध देखाउने बुँदा टिपोट गरी तालिकामा भर ? - नागरिक जीवनका लागि अति आवश्यक मानिएका समानताहरू चार्टमा छुट्याऊ ? ठीक बेठीक छुट्याऊ: क) धर्म, जाति र सम्पत्तिको आधारमा भेदभाव गर्नु मनासिब हो । ख) शासन सञ्चालनमा समान हिस्सेदारी नै राजनीतिक समानता हो । ग) समाजको सदस्यको रूपमा उपयोग गर्ने स्वतन्त्रतालाई नागरिक स्वतन्त्रता भनिन्छ ।	
३.	कानुन	१. कानुनको अर्थ र परिभाषा २. कानुनका किसिमहरू ३. कानुनका स्रोतहरू ४. हाम्रो मुलुकी ऐन र यसका विशेषताहरू	- कानुनका किसिम देखाउने पिरामिड - मुलुकी ऐनको तस्विर (पुस्तकको) - तालिका	- व्याख्यान - प्रश्नोत्तर - छलफल - प्रदर्शन	विषयगत र वस्तुगत प्रश्न नमुना: कानुन भनेको के हो ? - पिरामिडमा हेरी कानुनका किसिमहरूको सूची बनाऊ । - कानुनका स्रोतहरूमा कक्षामा छलफल गर । (शिक्षकले सहयोग गर्ने) - "व्यवस्थापिका नै कानुनको स्रोत हुन सक्दछ" पुष्टि गर । - मुलुकी ऐनको विशेषताहरूको सूची बनाऊ र तालिकामा भर । ठीक उत्तर छान : (क) प्रचलित रीतिरिवाज कानुनको स्रोत/किसिम हो । (ख) अध्यादेश कानुनको विशेषता/किसिम हो । (ग) कानुनको उल्लंघन दण्डनीय/धार्मिक हुन्छ ।	१०%
४.	जनमत	१. जनमतको परिचय २. जनमतका लागि आवश्यक शर्तहरू	- चार्ट - तालिका - २०३६ सालको जनमत संग्रहको	- व्याख्यान प्रश्नोत्तर - प्रदर्शन - छलफल	वस्तुगत र विषयगत प्रश्न नमुना: जनमत भनाले के बुझिन्छ ? - जनमतका आवश्यक शर्तहरू के के हुन् ? - जनमत लिनुपर्ने अवस्थाका	१०%

Untitled-98.pdf

		३. जनमताका माध्यमहरू ४. नेपालमा २०३६ सालको जनमत सङ्ग्रह र यसको महत्त्व	तस्विर		बुँदाहरू चार्टमा देखाऊ । - जनमताका माध्यमहरूको सूची बनाई तालिकामा भर । - २०३६ सालको जनमत सङ्ग्रहबारे तस्विरमा देखाऊ र छलफल गर । - २०३६ सालको जनमत सङ्ग्रहको उद्देश्य कुन हो ? क) निर्वाचन गर्नु ख) पञ्चायती प्रणाली दिगो राख्नु ग) बहुदलीय शासन पद्धति अपनाउनु घ) पञ्चायत व्यवस्था र बहुदलीय व्यवस्थामध्ये एक रोज्नु	
५.	निर्वाचन	१. निर्वाचनको अर्थ र परिभाषा २. निर्वाचनको आवश्यकता ३. हाम्रो निर्वाचन प्रक्रिया	- चार्ट - तालिका - निर्वाचन हुँदै गरेको तस्विर	- व्याख्यान - छलफल - प्रश्नोत्तर - प्रदर्शन	विषयगत र वस्तुगत प्रश्न नमुना: निर्वाचनको परिभाषा देऊ ? निर्वाचनको आवश्यकता किन र कहिले हुन्छ छलफल गर । - हाम्रो निर्वाचन प्रक्रियाबारे २० हरफमा एक निबन्ध लेख । - नेपालमा निर्वाचन कुन आधारमा हुन्छ ? क) सबैको एकै मतको आधार ख) मतदाताहरूको सङ्ख्याको आधारमा ग) नीतिगत नियमको आधारमा घ) अल्पमतको आधारमा	
६.	परराष्ट्र नीति	१. परराष्ट्र नीतिका अर्थ, परिभाषा र उद्देश्यहरू २. परराष्ट्र नीतिका आधारहरू ३ परराष्ट्र नीतिको महत्त्व ४. हाम्रो असंलग्न परराष्ट्र नीति ।	- चार्ट - तालिका - विश्वको नक्सामा असंलग्न राष्ट्रहरू	- व्याख्यान - प्रश्नोत्तर - छलफल - प्रदर्शन	विषयगत र वस्तुगत प्रश्न नमुना: परराष्ट्रनीतिको अर्थ लेख । - परराष्ट्र नीतिका आधारहरूको नाम चार्टमा भर र कक्षामा छलफल गर । - परराष्ट्र नीतिका महत्त्वहरूको सूची बनाई तालिकामा भरेर देखाऊ ? - हाम्रो असंलग्न परराष्ट्र नीतिका विशेषताहरू लेख । - विश्वको नक्सामा असंलग्न राष्ट्रहरू छुट्याऊ । - परराष्ट्र नीति निर्धारणमा निर्णायक आधारहरू छन् ;	१०%

Untitled-99.pdf

					क) ३ ख) ६ ग) ७ घ) ४	
७.	स्थानीय स्वायत्त शासन	१. स्थानीय स्वायत्त शासनको अर्थ र महत्व २. गाउँ विकास समिति, नगर विकास समिति र नगरपालिका को गठन, काम, कर्तव्य र अधिकार ३. उपमहानगर- पालिका महानगरपालिकाको गठन, काम, कर्तव्य र अधिकार ४. जिल्ला विकास समितिको गठन, काम, कर्तव्य र अधिकार	- जिल्ला विकास समितिबेखि गाउँ विकास समिति सम्मको (पिरामिड) गठन चार्ट । - निर्वाचनको तस्विर - तालिका - चार्ट	- व्याख्यान - छलफल - प्रदर्शन - प्रश्नोत्तर	विषयगत र वस्तुगत प्रश्नहरू नमुना: स्थानीय स्वायत्त शासन भनेको के हो ? - प्रजातान्त्रिक मुलुकमा स्थानीय स्वायत्त शासनको के महत्व छ ? - गा.वि.स. का समितिका सदस्यहरूको सूची बनाई तालिकामा भर ? - उपमहानगरपालिका र महानगरपालिकाको भिन्नताबारे छलफल गर । ठीक उत्तर छान : - बालिग मताधिकार भएका नागरिकले भोट दिन्छन् : क) जिल्ला विकास समितिका सदस्यलाई ख) गाउँ विकास समितिका सदस्यलाई ग) नगर समितिका सदस्यलाई घ) विद्यालय व्यवस्थापन समितिका सदस्यलाई	१५%
८.	संयुक्त राष्ट्रसङ्घ र सार्क (SAARC)	१. संयुक्त राष्ट्रसङ्घको प्रस्तावना २. संयुक्त राष्ट्र सङ्घका उद्देश्यहरू ३. संयुक्त राष्ट्रसङ्घका विशेष	- संयुक्त राष्ट्रसङ्घ भवनको तस्विर । - उद्देश्य अङ्कित चार्ट । - विशेष समिति	- व्याख्यान - चित्र प्रदर्शन -छलफल - प्रश्नोत्तर	विषयगत र वस्तुगत प्रश्न नमुना : संयुक्त राष्ट्रसङ्घको स्थापना कहिले भयो ? - संयुक्त राष्ट्रसङ्घको प्रस्तावनाबारे बुँदागत छलफल गर ? - संयुक्त राष्ट्रसङ्घका उद्देश्यहरू चार्टमा देखाऊ । - संयुक्त राष्ट्रसङ्घद्वारा	१६%

Untitled-100.pdf

		समितिहरू ४. नेपालको विकास कार्यमा संयुक्त राष्ट्रसङ्घको सहयोग । ५. अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान ६. सार्क संगठनका उद्देश्यहरू ७. सार्कको गठन र कार्यहरू	सङ्गितको (पिरामिड संगठन चार्ट) - संयुक्त राष्ट्रसङ्घ को सहयोगमा तयार गरिएको वस्तुको तस्विर । (भवन आदि) अन्तर्राष्ट्रिय शान्तिका लागि बफादार नेपाली सेना प्रहरीको तस्विर । - सार्क सचिवालय को तस्विर		नेपालनाई के केमा सहयोग छ ? सूची बनाऊ । - अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान उल्लेख गर ? - सार्क संगठनका मुलुकहरूको नाम लेख ? - सार्क संगठनका उद्देश्यहरूको सूची बनाऊ ? - दोस्रो सार्क सम्मेलन भएको देश छान ? (क) श्रीलङ्का (ख) भुटान (ग) भारत (घ) नेपाल	
९.	संयुक्त राष्ट्रसङ्घका अङ्गहरू ।	१. महासभा २. सुरक्षा परिषद् ३. आर्थिक तथा सामाजिक परिषद् ४. अन्तर्राष्ट्रिय न्यायालय ५. संरक्षण परिषद् ६. सचिवालय	- महासभाको तस्विर - सबै अङ्गहरू समावेश भएको पिरामिड (संगठन चार्ट) सचिवालय को तस्विर	-व्याख्यान -प्रश्नोत्तर -छलफल -प्रदर्शन	विषयगत र वस्तुगत प्रश्न नमुना: संयुक्त राष्ट्रसङ्घका स्थायी सदस्य राष्ट्हरूको नाम लेख । - अन्तर्राष्ट्रिय न्यायालय कुन देशमा छ ? क) जापानमा ख) इङ्ग्ल्यान्डमा ग) जेनेभामा घ) अमेरिकामा - संरक्षण परिषद् के हो ? यसका कार्यबारे छलफल गर । - संयुक्त राष्ट्रसङ्घको शक्तिशाली अङ्ग कुन हो । क) महासभा । ख) सचिवालय । ग) संरक्षण परिषद् । घ) सुरक्षा परिषद् ।	१२६

Untitled-101.pdf

अङ्क विभाजन

प्रश्नका प्रकारहरू	प्रश्नहरूको सङ्ख्या	पूर्णाङ्क	कैफियत
विषयगत- लामो उत्तर आउने प्रश्नहरू	२×१५	३०	
छोटो उत्तर आउने प्रश्नहरू	९×५	४५	
वस्तुगत- बहुवैकल्पिक प्रश्नहरू	२५×१	२५	
जम्मा		१००	

नोट:

१. निबन्धात्मक प्रश्नहरू तीनओटासम्म दिइनेछ र त्यसमध्ये दुईओटा अनिवार्य हुनेछन् ।

२. छोटो उत्तर आउने प्रश्नहरू तेह्र ओटासम्म दिइनेछ र नौओटा अनिवार्य गरिनेछ ।

३. बहुवैकल्पिक प्रश्नहरू सबै गरिनुपर्ने हुन्छ ।

Untitled-102.pdf

लेखापरीक्षण

विषय : लेखापरीक्षण
पूर्णाङ्क : १०० (सैद्धान्तिक ७५ र प्रयोगात्मक २५)
विषयको स्वरूप : सैद्धान्तिक र प्रयोगात्मक

तह : माध्यमिक
कक्षा : ९ र १०

१. परिचय (Introduction)

पाठ्यक्रम विषयवस्तुको सुनिश्चित एवम् क्रमबद्ध रूपले तयार गरिएको अध्ययन अध्यापनको मार्गदर्शन हो। पाठ्यक्रम निर्माण, परिमार्जन गर्नु तथा समयको माग र आवश्यकता हो। यिनै कुरालाई मध्यनजर राखी राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनमा पनि वर्तमान पाठ्यक्रमलाई पुनरावलोकन गर्ने सुझाव दिइएको थियो। त्यसै अनुरूप कक्षा ९ र १० को (लेखापरीक्षण) पाठ्यक्रममा परिमार्जन गरिएको हो।

नेपालमा सर्वप्रथम पाठ्यक्रमको अवधारणा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ बाट सुरु भएको हो। २०२८ सालमा निर्माण गरिएको पाठ्यक्रममा २०३८ सालमा पुनरावलोकन गरियो। त्यसपछि व्यावसायिक, साधारण, संस्कृत विद्यालयहरूका पाठ्यक्रममा केही हेरफेर गरियो। २०४६ सालको जनआन्दोलनपश्चात् रा.शि. आयोग २०४९ को सुझावअनुसार प्राथमिकदेखि माध्यमिक तहसम्मको पाठ्यक्रममा प्रजातान्त्रिक पद्धति र यसका मूल्य मान्यतालाई समेत दृष्टिगत गरी समयसापेक्ष बनाउने प्रयास सुरु भयो। जसअनुसार २०५० सालको पाठ्यक्रममा लेखापरीक्षण विषयलाई व्यावसायिक विषयको रूपमा समावेश गरिएको छ।

वर्तमान व्यवस्थाअनुसार लेखापरीक्षण विषय ऐच्छिक विषयमा पर्दछ। माध्यमिक तहमा लेखापरीक्षणको ज्ञान र सीपको विकास गर्न लेखाको ज्ञान, अवधारणा र सीपको विकास हुनुपर्ने आवश्यकता महसुस गरी यो पाठ्यक्रममा क्रमबद्ध रूपले लेखा र लेखापरीक्षण दुवै विषयलाई समावेश गरिएको छ। यो विषय केवल सैद्धान्तिक मात्र नभई कतिपय कुराहरू विद्यार्थीलाई प्रयोगात्मक ज्ञान, सीप र अवधारणा दिनु उपयुक्त देखिएकाले सोहीअनुसार यो पाठ्यक्रम तयार गरिएको छ।

उपर्युक्तअनुसार निर्माण गरिएको लेखापरीक्षण (ऐच्छिक) विषयको पाठ्यक्रमलाई समय विभाजन गर्न कक्षा ९ र १० मा विषयवस्तु छुट्याइए पनि एसएलसी परीक्षा भने कक्षा ९ र १० को सम्पूर्ण पाठ्यपुस्तकमा आधारित हुनेछ।

२. विषय : लेखापरीक्षण पाठ्यक्रम (औचित्य)

सम्पूर्ण पेसा र व्यवसायमा हरहिसाब राख्नुपर्छ। हरहिसाबलाई व्यवस्थित ढंगबाट राख्ने काम नै लेखापालन हो। लेखापालन राख्दा नजानेर पनि गल्तीहरू हुन सक्छन्। यस्तामा जानाजान गल्ती

Untitled-103.pdf

गर्नु भनेको भ्रष्टाचार गरेसरह अनियमित कार्य हो । सस्ता राख्दा सकेसम्म गल्ती गर्नु हुँदैन भनेर नै लेखापालनको ज्ञान र सीप दिइएको हुन्छ । लेखापालन राख्दा हुन सक्ने गल्ती र ती गल्तीहरूलाई समयमै सुधार गरी शुद्ध रूपमा हरहिसाब राख्नका लागि लेखापरीक्षणको पठनपाठन नितान्त जरुरी भएकाले माध्यमिक तहमा लेखापरीक्षण विषयलाई ऐच्छिक विषयका रूपमा राखिएको हो । यो विषयको ज्ञानले विद्यार्थीहरूमा लेखापालनमा हुनसक्ने गल्ती र गल्तीबाट हुनसक्ने भावी परिणामप्रति सजग र सतर्क गराइदै आर्थिक अनुशासनमा रहन योग्य नागरिक बनाउने यसको प्रमुख लक्ष्य रहेको छ ।

जबसम्म लेखापरीक्षणको वास्तविक उपयोगितावारे सरल र रुचिकर ढङ्गबाट ज्ञान दिलाउन सकिन्न तबसम्म व्यावसायिक एवम् सरकारी कारोबारहरूको क्रमबद्ध रूपले अभिलेख राख्न सकिन्न । लेखा विषयको सैद्धान्तिक विवेचनाभन्दा व्यावहारिक कार्यान्वयन पक्ष नै बढी प्रभावकारी हुन्छ, यथार्थमा सन्तुलित लेखा प्रणालीको विकास हुन सकेमा नै देशको असल आर्थिक नीति र सन्तुलित बजेटको निर्माण हुन सक्दछ, अतः वास्तविक रूपमा आर्थिक अनुशासन कायम गर्ने महत्त्वपूर्ण आधार नै लेखापरीक्षण हो । यस पाठ्यक्रमको औचित्य यस प्रकार रहेको छ :

- पाठ्यक्रमलाई समसामयिक बनाउनका लागि आवश्यक परिमार्जन गर्ने ।
- पढाइ हुने समयावधिलाई विचार गरी कक्षा ९ र १० को पाठ्यभारमा सन्तुलन ल्याउन ।
- पाठ्यक्रमलाई विकसित गर्दै प्रयोगात्मक पक्षलाई जोड दिने ।

३. लेखापरीक्षण विषयको माध्यमिक तहको साधारण उद्देश्य
(General Objective)

माध्यमिक तहको अध्ययन पूरा गरेको विद्यार्थीहरू निम्नलिखित कुराहरूमा समर्थ हुनेछन् :

१. लेखा र लेखापरीक्षणको आधारभूत सिद्धान्त र लेखापालन, लेखापरीक्षणको तरिकाहरू व्याख्या गर्न र प्रयोग गर्न ।
२. नेपालमा सरकारी लेखा प्रणालीको परिचय र ऐतिहासिक विकासको वर्णन गर्न र प्रयोग गर्न ।
३. नेपाल सरकारको नयाँ सस्ता प्रणालीअनुसार लेखा राख्ने तरिका व्याख्या गर्न र सोबमोजिम लेखा राख्न ।
४. लेखापरीक्षण लेखासम्बन्धी सीपलाई आफ्नो जीविकोपार्जनको माध्यमका रूपमा अपनाउन ।
५. लेखापरीक्षणसम्बन्धी प्रारम्भिक सीप हासिल गर्न ।
६. नेपालमा सरकारी लेखापरीक्षणको परिचय र तरीका बताउन र प्रयोग गर्न ।
७. सरकारी र व्यावसायिक लेखापरीक्षण तरिकाको फरक पत्ता लगाई आवश्यकतानुसार प्रयोग गर्न ।
८. लेखाको सर्वमान्य सिद्धान्तअनुसार लेखासम्बन्धी काम गर्न ।
९. सहायक लेखा परीक्षक भई कार्य गर्न ।

Untitled-104.pdf

४. विशिष्ट उद्देश्य (Specific Objcetices)

कक्षा-९

कक्षा ९ को व्यावसायिक लेखापरीक्षण विषयको अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कार्यमा सक्षम हुनेछन् :

१. **लेखापालन र लेखापरीक्षणको साधारण परिचय**

- लेखापालनको परिचय, महत्त्व, आवश्यकता र उद्देश्य बताउन ।
- लेखासँग सम्बन्धित शब्दावलीहरूको अर्थ बताउन ।
- लेखापरीक्षणको अर्थ र परिभाषा बताउन ।
- लेखापरीक्षणको उत्पत्ति र विकास वर्णन गर्न ।
- लेखापरीक्षणको फाइदा बताउन ।
- लेखापरीक्षणको आवश्यकता वर्णन गर्न ।
- लेखापालन र लेखापरीक्षणमा फरक छुट्याउन ।
- लेखा र लेखापरीक्षणको अन्तरसम्बन्ध देखाउन ।

२. **लेखापालन र लेखापरीक्षणको किसिम**

- लेखापालनको किसिम बताउन (सरकारी र व्यावसायिक)
- सरकारी लेखापलनको परिचय र संक्षिप्त इतिहास बताउन ।
- व्यावसायिक लेखापालनको परिचय दिन ।
- सरकारी लेखापरीक्षणको परिचय दिन ।
- व्यावसायिक लेखा परीक्षणको परिचय दिन ।
- एकलौटी, साझेदारी र संयुक्त पूजी कम्पनीको लेखापरीक्षणको स्वरूप बताउन ।

३. **लेखापालन र लेखापरीक्षणको तरिका**

- लेखा राख्ने तरिका वर्णन गर्न ।
- व्यक्तिगत हिसाब खाता, वास्तविक हिसाब खाता र साङ्केतिक (अवास्तविक) हिसाब खाताको हिसाब राख्ने तरिका वर्णन गर्न र प्रयोग गर्न ।
- लेखापरीक्षणको विभिन्न तरिकाहरू (लगातार लेखापरीक्षण, सामयिक लेखापरीक्षण, अन्तरिम लेखापरीक्षण, आंशिक लेखापरीक्षण, अन्तिम लेखापरीक्षण, आन्तरिक लेखापरीक्षण, नियमित लेखापरीक्षण) को परिचय दिन र प्रत्येकको उद्देश्य, फाइदा, बेफाइदा, तरिका र महत्त्व वर्णन गर्न ।

४. **लेखापाल र लेखापरीक्षक**

- लेखापालको परिचय दिन र आवश्यकता बताउन ।

Untitled-105.pdf

- लेखापालको योग्यता र गुणको व्याख्या गर्न ।
- लेखापरीक्षकको परिचय दिन र आवश्यकता बताउन ।
- लेखापरीक्षकको योग्यता र गुणको वर्णन गर्न ।
- लेखापाल र लेखापरीक्षकको अन्तर्सम्बन्धी भिन्नता देखाउन ।

५. खाता तथा सहायक पुस्तिका

- खाता तथा सहायक पुस्तिकाहरूको परिचय दिन र महत्त्व बताउन ।
- विभिन्न किसिमका सहायक पुस्तिकाहरूको (खरिद पुस्तिका, बिक्री पुस्तिका, खरिद फिर्ता पुस्तिका, बिक्री फिर्ता पुस्तिका) प्रकार र फाइदा वर्णन गर्न ।
- नगद पुस्तिका, सानो नगदी कोष पुस्तिकाको महत्त्व वर्णन गर्न ।
- उक्त विभिन्न पुस्तिकाहरूमा हिसाब चढाउन ।
- बिजकहरूको परिचय, अर्थ, प्रकार र बिजकमा हुनुपर्ने कुराहरू बताउन ।
- भौचरको परिचय महत्त्व र आवश्यकता वर्णन गर्न ।
- भौचिङको परिचय महत्त्व आवश्यकता बताउन ।
- खाताहरूको भौचिङ गर्ने तरिका वर्णन गर्न र भौचिङ गर्न ।
- नगद, जनरल र खरिद बिक्री खाताहरू र व्यापारिक कारोबारहरूको भौचिङ गर्न ।

६. दोहोरो लेखाप्रणाली

- दोहोरो लेखाप्रणालीको परिचय दिन ।
- दोहोरो लेखाप्रणालीको महत्त्व वर्णन गर्न ।
- दोहोरो लेखाप्रणालीको फाइदा तथा सिद्धान्त (नियमहरू) बयान गर्न ।
- गोश्वारा भौचर, चेक, बैङ्क नगदी किताब र बजेटको हिसाबको परिचय दिन तथा महत्त्व वर्णन गर्न र प्रयोग गर्न ।

कक्षा-१०

कक्षा १० को व्यावसायिक लेखापरीक्षण विषयको अध्ययन पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कार्यमा सक्षम हुनेछन्:

१. बैङ्क

- बैङ्कको परिचय र प्रकार बताउन । विभिन्न बैङ्कहरूको कार्य वर्णन गर्न ।
- बैङ्कको परिचय, प्रकार महत्त्व र प्रयोग वर्णन गर्न ।
- बैङ्कका विभिन्न खाताहरू (चल्ती, बचत र मुद्दती) को वर्णन गर्न ।
- चेकको परिचय, प्रकार, महत्त्व र प्रयोग वर्णन गर्न ।
- चेक प्रयोग गर्दा ध्यान दिनुपर्ने कुरा ।

Untitled-106.pdf

२. व्यावसायिक लेखा र व्यावसायिक लेखापरीक्षण

- सन्तुलन परीक्षण व्यापार हिसाब खाता, नाफानोक्सान खाता र बासलातको परिचय बताउन तथा महत्त्व वर्णन गर्न ।
- उक्त हिसाबहरू तयार गर्ने तरिका व्याख्या गर्न र हिसाबहरू तयार गर्न ।
- उक्त हिसाब परीक्षण गर्ने तरिका वर्णन गर्न र सोधमोजिम परीक्षण गर्ने ।

३. सरकारी लेखापरीक्षण

- सरकारी लेखापरीक्षणको सुरुवात, विकास, उद्देश्य, महत्त्व र आवश्यकता बताउन ।
- नेपालमा लेखापरीक्षकको वर्गीकरणको परिचय दिन ।
- लेखापरीक्षकको काम, कर्तव्य, अधिकार र दायित्व वर्णन गर्न ।

४. लेखापरीक्षणको प्रतिवेदन

- लेखापरीक्षणको प्रतिवेदनको परिचय दिन ।
- लेखापरीक्षणको प्रतिवेदनको उद्देश्य बताउन ।
- लेखापरीक्षणको प्रतिवेदन तयार गर्ने तरिका वर्णन गर्न ।
- लेखापरीक्षणको प्रतिवेदन तयार गर्ने ।

५. नेपालमा लेखापरीक्षण गर्ने एकाइ

- महालेखा नियन्त्रकको कार्यालय ।
- महालेखा परीक्षकको विभाग ।
- आर्थिक समिति र (सार्वजनिक लेखा समिति) को परिचय दिन तथा काम, कर्तव्य र अधिकार वर्णन गर्न ।

६. लेखापरीक्षणसम्बन्धी शब्दावली

- बेरुजु, उजराती, सही बुझाउनु, नियमित, सम्परीक्षण, असुलउपर, फरफारक, औचित्यको दृष्टिकोण, आर्थिक कारोबार, थाँटी (पेन्डिङ) आदि जस्ता लेखापरीक्षणसँग सम्बन्धित प्रचलित शब्दहरूको अर्थ बताउन र प्रयोग गर्न ।
- लेखापरीक्षण गर्दा उपयुक्त मसी प्रयोग गर्न ।

Untitled-107.pdf

५. विषयवस्तु (Contents)

कक्षा : ९

सि.नं.	खण्ड	क्षेत्र	क्रम
१.	(अ) लेखापालन	- लेखापालनको साधारण ज्ञान	(क) लेखापालनको परिभाषा ख) लेखापालनको महत्त्व ग) लेखापालनको उद्देश्य घ) लेखापालनको फाइदा (ङ) लेखासँग सम्बन्धित शब्दावली (पेस्की, पेस्की खाता, पेस्की फर्स्यौट खाता, बजेट खर्च, जिन्सी खाता, खर्चको फाँटवारी, आर्थिक विवरण, नगद, चेक, बैङ्क, पूँजी, सम्पति, ऋण, ब्याज, आम्दानी, खर्च, साहु, आसामी, खर्चको फाँटवारी मौज्दात, बैङ्क स्टेटमेन्ट, मासिक, वार्षिक फाँटवारी, आर्थिक विवरण, लाभांश र ऋणपत्र, छुट, कमिसन)
	(आ) लेखापरीक्षण	लेखापरीक्षणको साधारण ज्ञान	(क) लेखापरीक्षणको परिचय, उत्पत्ति विकास आवश्यकता, फाइदा, उद्देश्य (ख) लेखा र लेखापरीक्षणको भिन्नता (ग) लेखा र लेखापरीक्षणको अन्तरसम्बन्ध
२.	(अ) लेखापालन	किसिम	(क) लेखापालनका तरिकाहरू (ख) सरकारी लेखापालनको परिचय र संक्षिप्त इतिहास (ग) व्यावसायिक लेखापालनको परिचय
	(आ) लेखापरीक्षण	किसिम	(क) सरकारी लेखापरीक्षणको परिचय (ख) व्यावसायिक लेखापरीक्षणको परिचय (ग) एकलौटी, साझेदारी र संयुक्त पुँजी कम्पनी लेखापरीक्षणको स्वरूप
३.	(अ) लेखापालन	तरिका	(क) लेखा राख्ने तरिका (ख) व्यक्तिगत हिसाब खाता (ग) वास्तविक हिसाब खाता (घ) संकेतिक (अवास्तविक) हिसाब खाता

Untitled-108.pdf

	(आ) लेखापरीक्षण	तरिका	(क) लगातार लेखापरीक्षण (ख) सामयिक वा अन्तिम लेखापरीक्षण (ग) अन्तरिम लेखापरीक्षण (घ) आंशिक लेखापरीक्षण (ङ) नियमित लेखापरीक्षण (च) आन्तरिक लेखापरीक्षण
४.	(अ) लेखापालन	लेखापाल	(क) लेखापालको परिचय (ख) लेखापालको आवश्यकता (ग) लेखापालको योग्यता (घ) लेखापालमा हुनुपर्ने गुणहरू
	(आ) लेखापरीक्षण	लेखापरीक्षक	(क) लेखापरीक्षकको परिचय (ख) लेखापरीक्षकको आवश्यकता (ग) लेखापरीक्षकको योग्यता (घ) लेखापरीक्षकमा हुनुपर्ने गुणहरू
५.	(अ) लेखापालन	सहायक पुस्तिकाहरू	(क) सहायक पुस्तिकाको परिचय र महत्त्व (ख) सहायक पुस्तिकाको प्रकार (ग) सहायक पुस्तिकाको फाइदा (सानो नगदी कोषको परिचय, महत्त्व, विभिन्न किसिमका सहायक पुस्तिकामा हिसाब चढाउने तरिका। (घ) बिजक (ङ) बिजकको अर्थ, प्रकार (च) बिजकमा हुनुपर्ने कुराहरू
	(आ) लेखापरीक्षण	भौचर भौचिङ	(क) भौचरको परिचय, महत्त्व आवश्यकता (ख) भौचिङको परिचय, महत्त्व र आवश्यकता (ग) नगद, जनरल, खरिद, बिक्री खाताहरू र व्यापारिक कारोबारको भौचिङ
६.	(अ) लेखापालन	दोहोरो लेखाप्रणाली	(क) दोहोरो लेखा प्रणालीको परिचय महत्त्व, फाइदा, सिद्धान्त (ख) बैङ्क नगदी किताब, बजेट हिसाब, गोस्वारा भौचर

Untitled-109.pdf

विषयवस्तु (Contents)

कक्षा : १०

सि.नं.	खण्ड	क्षेत्र	क्रम
१.		बैङ्क	क) बैङ्कको परिचय र महत्त्व ख) विभिन्न प्रकारको बैङ्कहरूको परिचय, कार्य ग) बैङ्क खाता (बचत, चल्ती र मुद्दती) घ) चेक (परिचय, प्रकार, चेक तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू)
२.	लेखापालन	व्यावसायिक लेखामा हिसाब राख्ने तरिका	क) सन्तुलन परीक्षण ख) नाफा नोक्सान हिसाब खाता ग) वासलात घ) प्रत्येकको परिचय, महत्त्व र तयार गर्ने तरिका
३.	लेखापरीक्षण	सरकारी लेखापरीक्षण नेपालमा लेखापरीक्षक	क) नेपालमा सरकरी लेखापरीक्षणको सुरुवात, विकास, उद्देश्य र महत्त्वहरू ख) लेखापरीक्षकको काम, अधिकार, कर्तव्य दायित्व ग) नेपालमा लेखापरीक्षकको वर्गीकरण
४.	लेखापरीक्षण प्रतिवेदन	लेखापरीक्षण प्रतिवेदन	क) परिचय, उद्देश्य र तरिका ख) लेखापरीक्षण प्रतिवेदन तयार गर्ने ग) लेखापरीक्षणमा प्रयोग गरिने मसी
५.	लेखापरीक्षण	नेपालमा लेखापरीणण सङ्गठन	क) महालेखा नियन्त्रकको कार्यालय ख) महालेखा परीक्षकको विभाग ग) सार्वजनकि लेखा समितिको परिचय, काम, कर्तव्य र अधिकार
६.			लेखापरीक्षणमा प्रयोग हुने केही शब्दावलीहरू बेरुजु, उजराती, बही बुझा नियमित, सम्परीक्षण, असुलउपर, फरफारक, औचित्य दृष्टिकोण आर्थिक कारोबार, थांटी (पेन्डिङ)

Untitled-110.pdf

कक्षा– ९

सि.नं.	खण्ड	क्षेत्र	क्रम	पाठ्यस्वरूप	पाठ्यभार
१.	(अ) लेखापालन	- लेखापालनको साधारण ज्ञान	क) लेखापालनको परिभाषा ख) लेखापालनको महत्त्व ग) लेखापलनको उद्देश्य घ) लेखापालनको फाइदा ङ) लेखासंग सम्बन्धित शब्दावली (पेस्की, पेस्की खाता, पेस्की फर्स्यौट खाता, बजेट खर्च, जिन्सी खाता, खर्चको फाँटवारी, आर्थिक विवरण, नगद, चेक, बैङ्क, पूँजी, सम्पति, ऋण, ब्याज, आम्दानी, खर्च, साहु, असामी, खर्चको फाँटवारी मैज्दात, बैङ्क स्टेटमेन्ट, मासिक, वार्षिक फाँटवारी, आर्थिक विवरण, लाभांश र ऋणपत्र, छुट, कमिशन।	सैद्धान्तिक	१०
	आ) लेखापरीक्षण	लेखापरीक्षणको साधारण ज्ञान	क) लेखापरीक्षणको परिचय, उत्पत्ति विकास आवश्यकता फाइदा उद्देश्य ख) लेखापरीक्षणको भिन्नता ग) लेखा र लेखापरीक्षणको अन्तर्सम्बन्ध		५
२	(अ) लेखापालन	किसिम	क) लेखापालनका तरिकारहरू ख) सरकारी लेखापलनको परिचय र संक्षिप्त इतिहास ग) व्यावसायिक लेखापालनको परिचय ।	सैद्धान्तिक	४
	(आ) लेखापरीक्षण	किसिम	क) सरकारी लेखापरीक्षणको परिचय ख) व्यावसायिक लेखापरीक्षणको परिचय ग) एकलौटी, साझेदारी		४

Untitled-111.pdf

			र संयुक्त पूँजी कम्पनी लेखापरीक्षणको स्वरूप		
३.	(अ) लेखापालन	तरिका	(क) लेखा राख्ने तरिका (ख) व्यक्तिगत हिसाब खाता (ग) वास्तविक हिसाब खाता (घ) साङ्केतिक (अवास्तविक) हिसाब खाता	सैद्धान्तिक र प्रयोगात्मक	५
	(आ) लेखापरीक्षण	तरिका	(क) लगातार लेखापरीक्षण (ख) सामयिक वा अन्तिम लेखापरीक्षण (ग) अन्तरिम लेखापरीक्षण (घ) आंशिक लेखापरीक्षण (ङ) नियमित लेखापरीक्षण (च) आन्तरिक लेखापरीक्षण		१५ (१५+५)
४.	(अ) लेखापालन	लेखापाल	(क) लेखापालको परिचय (ख) लेखपालको आवश्यकता (ग) लेखापालको योग्यता (घ) लेखापालमा हुनुपर्ने गुणहरू	सैद्धान्तिक	५
	(आ) लेखापरीक्षण	लेखापरीक्षक	(क) लेखापरीक्षकको परिचय (ख) लेखापरीक्षकको आवश्यकता (ग) लेखापरीक्षकको योग्यता (घ) लेखापरीक्षकमा हुनुपर्ने गुणहरू		५
५.	(अ) लेखापालन	सहायक पुस्तिकाहरू	(क) सहायक पुस्तिकाको परिचय र महत्त्व (ख) सहायक पुस्तिकाको प्रकार (ग) सहायक पुस्तिकाको फाइदा (सानो नगदी कोषको	सैद्धान्तिक र प्रयोगात्मक	१५

Untitled-112.pdf

			परिचय, महत्त्व, विभिन्न किसिमका सहायक पुस्तिकामा हिसाब चढाउने तरिका) (घ) बिजक (ङ) बिजकको अर्थ, प्रकार (च) बिजकमा हुनुपर्ने कुराहरू		
	(आ) लेखापरीक्षण	भौचर भौचिङ	(क) भौचरको परिचय, महत्त्व आवश्यकता (ख) भौचिङको परिचय, महत्त्व र आवश्यकता (ग) नगद, जनरल, खरिद, बिक्री खाताहरू र व्यापारिक कारोबारको भौचिङ		५ (१५+५)
६.	लेखापालन	दोहोरो लेखाप्रणाली	(क) दोहोरो लेखा प्रणालीको परिचय महत्त्व, फाइदा, सिद्धान्त (ख) बैङ्क नगदी किताब, बजेट हिसाब, गोश्वारा भौचर	सैदान्तिक र प्रयोगात्मक	४८
				जम्मा-	१५०

Untitled-113.pdf

कक्षा- १०

सि.नं	खण्ड	क्षेत्र	क्रम	पाठ्यपुस्तक	पाठ्यभार
१.		बैङ्क	क) बैङ्कको परिचय र महत्त्व ख) विभिन्न प्रकारको बैङ्कहरूको परिचय, कार्य ग) बैङ्क खाता (बचत, चल्ती र मुद्दती) घ) चेक (परिचय, प्रकार, चेक तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू	सैद्धान्तिक	५+५=१०
२.	लेखापालन	व्यवसायिक लेखामा हिसाब राख्ने तरिका	क) सन्तुलन परीक्षण ख) व्यापार हिसाब खाता ग) वासलात घ) नाफा, नोक्सान हिसाब खाता ङ) प्रत्येकको परिचय, महत्त्व र तयार गर्ने तरिका	सैद्धान्तिक र प्रयोगात्मक	३५+५= ४०
३.	लेखापरीक्षण	सरकारी लेखापरीक्षण - नेपालमा लेखापरीक्षक	क) नेपालमा सरकारी लेखा परीक्षणको सुरुवात, विकास, उद्देश्य र महत्वहरू ख) लेखापरीक्षकको काम, अधिकार, कर्तव्य, दायित्व ग) नेपालमा लेखापरीक्षकको वर्गीकरण	सैद्धान्तिक	१०+५= १५
४.	लेखापरीक्षण प्रतिवेदन	लेखापरीक्षण प्रतिवेदन	क) परिचय, उद्देश्य र तरिका ख) लेखापरीक्षण प्रतिवेदन तयार गर्ने ग) लेखापरीक्षणमा प्रयोग गरिने मर्सी	सैद्धान्तिक र प्रयोगात्मक	१०+५= १५
५.	लेखापरीक्षण	नेपालमा लेखापरीक्षण सङ्गठन	क) महालेखा नियन्त्रकको कार्यालय ख) महालेखा परीक्षकको विभाग ग) सार्वजनिक लेखा समितिको परिचय, काम, कर्तव्य र अधिकार	सैद्धान्तिक र प्रयोगात्मक	३०
६.	लेखापरीक्षणमा प्रयोग हुने शब्दावली		लेखापरीक्षणमा प्रयोग हुने केही शब्दावलीहरू- बेरुजु, उजराती, वही बुझाउन, नियमित, सम्परीक्षण, असुलउपर फरफारक, औचित्य दृष्टिकोण आर्थिक कारोबार, थाँटी (पेन्डिङ)		५
			जम्मा-		११५

Untitled-114.pdf

६. शिक्षण विधि

१. छलफल
२. व्याख्यान
३. प्रयोगात्मक
४. निरीक्षण
५. अवलोकन

७. लेखापरीक्षण

मूल्याङ्कनका आधार (सैद्धान्तिक)

१. कक्षा १० को अन्तिम परीक्षामा र एस.एल.सी. परीक्षामा सबै खण्डबाट १/१ प्रश्नहरू सोध्नुपर्ने
२. पूर्णाङ्क ७५ हुनुपर्ने ।
३. उत्तीर्णाङ्क २४ हुनुपर्ने
४. प्रश्नहरू सबै विषयगत हुनुपर्ने ।

प्रयोगात्मक

१. एस.एल.सी मा प्रयोगात्मक अङ्क पठाउँदा २५ अङ्क पूर्णाङ्कबाट पठाउने ।
२. ९ र १० दुबै कक्षामा २०/२० अङ्कको प्रयोगात्मक परीक्षा र ५/५ प्रयोगात्मक परीक्षाको आन्तरिक मूल्याङ्कनबाट दिने ।
३. प्रयोगात्मकमा पूर्णाङ्क २५ र उत्तीर्णाङ्क १० हुनुपर्ने
४. सैद्धान्तिक र प्रयोगात्मकमा अलग अलग उत्तीर्ण हुनुपर्ने ।
५. प्रयोगात्मक २५ पूर्णाङ्क र १० उत्तीर्णाङ्क हुनुपर्ने ।
६. हरेक प्रयोगात्मक अभ्यास पछि लेखापरीक्षण गराउनुपर्नेछ ।
७. पाठ्यभार लेखापरीक्षण विषय हप्तामा ५ पिरियडका दरले पढाउनुपर्नेछ, सैद्धान्तिक तथा प्रयोगात्मक कक्षाका लागि आवश्यकताअनुसार उक्त पिरियड निर्धारण गर्न सकिनेछ । तर कक्षा ९ र १० मा गरी न्यूनतम कक्षा निम्नानुसार सञ्चालन हुनुपर्नेछ ।

क) कक्षा ९ मा न्यूनतम पिरीयड- १५०
ख) कक्षा १० मा न्यूनतम पिरीयड - ११५
जम्मा २६५

Untitled-115.pdf

जनसङ्ख्या शिक्षा

१. परिचय

विद्यालयस्तरका विद्यार्थीहरूलाई जनसङ्ख्या वृद्धिका प्रक्रिया, कारण र परिणतिका बारेमा विषयगत शिक्षा प्रदान गरी उनीहरूमा जनसङ्ख्या वृद्धिका दुष्परिणामहरूको सान्दर्भिक ज्ञान र समझ उपार्जित गराउने अभिप्रायले राष्ट्रिय पाठ्यक्रम विकास परिषद्बाट माध्यमिक तह (कक्षा ९ र १०) मा १०० पूर्णाङ्कको ऐच्छिक विषयका रूपमा जनसङ्ख्या शिक्षा विषय पठनपाठनको निम्ति पाठ्यक्रम ढाँचामा समावेश भएको छ। विद्यालयस्तरको अध्ययनमा प्राथमिक तहमा जनसङ्ख्या विषयलाई सामाजिक शिक्षा, विज्ञान र स्वास्थ्य शिक्षाका विषयभित्र समावेश गरी जनसङ्ख्या शिक्षा विषयमा जानकारी दिने अभिप्राय लिइएको छ भने निम्न-माध्यमिक तह (कक्षा ६, ७ र ८) मा जनसङ्ख्या शिक्षा विषयलाई वातावरण विषयसँग एकीकृत गरी ५० पूर्णाङ्कको अनिवार्य विषय बनाइएको छ। त्यस्तै माध्यमिक तह (कक्षा ९ र १०) मा स्वास्थ्य जनसङ्ख्या तथा वातावरण विषय अनिवार्य गरिएकोमा जनसङ्ख्या शिक्षाका सम्बन्धमा गहन ज्ञान सीप प्रदान गर्नका लागि जनसङ्ख्या शिक्षा विषयलाई १०० पूर्णाङ्कको इच्छाधीन विषय कायम गरी एक सिङ्गो पाठ्य विषयको स्वरूप दिई यो पाठ्यक्रम तयार पारिएको छ।

माध्यमिक तह कक्षा ९ र १० को यस पाठ्यक्रममा जनसङ्ख्या शिक्षा विषयमा निम्नलिखित क्षेत्र र विषयवस्तु समावेश गरिएका छन्:

१. जनसङ्ख्या शिक्षाको परिचय, महत्त्व, उद्देश्य र क्षेत्र
२. जनसङ्ख्याको बनावट
३. जनसाङ्ख्यिक प्रक्रिया
४. जनसङ्ख्या परिवर्तनका कारणहरू
५. जनसङ्ख्या वृद्धि र यसका असरहरू
६. किशोरावस्था शिक्षा
७. पारिवारिक जीवन शिक्षा
८. एड्स रोगको परिचय
९. जनसङ्ख्या नियन्त्रणका उपायहरू
१०. मातृस्वास्थ्य
११. बालस्वास्थ्य

पाठ्यक्रमको मनसाय बोध गरी यसलाई व्यवहारिक कसीमा ढाल्ने काम शिक्षक/शिक्षिकाहरूको हो। पाठ्यक्रम निर्माण कार्य गर्दा जति विवेक प्रयोग गरे पनि पूर्णता प्राप्त गर्न सकिँदैन। शिक्षकहरूले यसलाई विद्यार्थीहरूबीच कक्षाकोठामा प्रयोग गरेपछि मात्र विद्यार्थीको स्तरअनुसार पाठ्यक्रम सन्तुलित र समय सापेक्ष भएनभएको थाहा पाउन सकिन्छ। पाठ्यक्रम निर्माण गर्ने कार्यको जिम्मा आधिकारिक रूपमा पाठ्यक्रम विकास केन्द्रमा रहे पनि यसलाई जीवन्त

Untitled-116.pdf

र व्यवहारमूलक बनाउने कार्य समस्त शिक्षाविद्, लेखक, चिन्तक शिक्षक र बुद्धिजीवी वर्गहरूको पनि उत्तिकै चासो र चिन्तनको विषय हो। अतः यस पाठ्यक्रमलाई समयानुकूल र जीवनोपयोगी बनाउने क्रममा समस्त पक्षका महानुभावहरूबाट रचनात्मक सहयोग पाउने छ भन्ने कुरामा पाठ्यक्रम विकास केन्द्र विश्वस्त रहेको छ।

२. साधारण उद्देश्य

माध्यमिक तहको जनसङ्ख्या शिक्षा अध्ययन गरिसकेपछि विद्यार्थीहरू, व्यक्ति, परिवार, समुदाय, समाज, देश र विश्वको जनसङ्ख्या स्थिति र समस्याप्रति समझदारी बढाई आवश्यकतानुसार आफ्नो व्यवहारमा परिवर्तन ल्याई उचित निर्णय लिन सक्षम हुनेछन्।

३. विशिष्ट उद्देश्य

(कक्षा ९)

कक्षा ९ को अध्ययन पूरा गरिसकेपछि विद्यार्थीहरू निम्नकार्य गर्न सक्षम हुनेछन्:

१. जनसङ्ख्या शिक्षाको अर्थ, महत्त्व र उद्देश्य व्याख्या गर्न।
२. जनसाङ्ख्यिकको परिचय र विशेषताहरू व्याख्या गर्न।
३. जनसाङ्ख्यिकी तत्त्व, प्रक्रिया र मापहरूबारे वर्णन, विश्लेषण तथा मापन गर्न।
४. जनसङ्ख्या परिवर्तन हुने कारणहरू बताउन।
५. जनसङ्ख्या वृद्धिबाट जनजीवनका आर्थिक र सामाजिक पक्षमा पर्ने असरहरूबारे जानकारी प्राप्त गर्न र व्याख्या गर्न।
६. किशोरावस्थामा हुने परिवर्तन, रुचि र व्यवहारबारे वर्णन गर्न।

(कक्षा १०)

कक्षा १० को अध्ययन पूरा गरिसकेपछि विद्यार्थीहरू निम्नकार्य गर्न सक्षम हुनेछन्:

१. परिवार र पारिवारिक जीवन शिक्षाको अर्थ तथा महत्त्व वर्णन गर्न।
२. एड्स रोगका परिचय, लक्षण तथा यस रोगबाट बच्ने उपायहरू वर्णन गर्न।
३. जनसङ्ख्या नियन्त्रणका विभिन्न उपायहरू बताउन।
४. आमा र बच्चाको स्वास्थ्य स्याहारसम्बन्धी आवश्यक कुराहरूबारे व्याख्या गर्न।

कक्षा ९

एकाइ - १ जनसङ्ख्या शिक्षा

यो एकाइ अध्ययन गरिसकेपछि विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

क) जनसङ्ख्या शिक्षाको अर्थ र महत्त्व बताउन।
ख) जनसङ्ख्या शिक्षाको उद्देश्य तथा क्षेत्र उल्लेख गर्न।

Untitled-117.pdf

४. क्षेत्र तथा क्रमतालिका

एकाइ	उप-एकाइ	घण्टी (समय)
जनसङ्ख्या शिक्षा	जनसङ्ख्या शिक्षा:	
	- परिचय (अर्थ र परिभाषा)	२
	- महत्त्व	३
	- उद्देश्य	५
	- क्षेत्र	५
	जम्मा-	१५

*१ घण्टी = ४५ मिनेट समय मानिएको छ ।

एकाइ- २ जनसङ्ख्या

यो एकाइ अध्ययन गरिसकेपछि विद्यार्थीहरू निम्नकार्यहरू गर्न सक्षम हुनेछन्:

(क) जनसङ्ख्याको परिचय तथा विशेषताहरू बताउन ।

(ख) नेपाल र विश्वको जनसङ्ख्या स्थिति तुलना गर्न ।

(ग) उमेर, लिङ्ग, पेसा, धर्म र जातिअनुसार नेपालको जनसङ्ख्याको बनावट बताउन

(घ) नेपालको भौगोलिक, क्षेत्रीय र जनघनत्वअनुरूप जनसङ्ख्याको वितरण छुट्याई वर्णन गर्न ।

(ङ) बुढ्यौली (AGING) व्याख्या गर्न ।

क्षेत्र तथा क्रम तालिका

एकाइ	उप-एकाइ	घण्टी (समय)
जनसङ्ख्या शिक्षा	१. परिचय	१
	२. जनसङ्ख्याका विशेषताहरू	२
	३. जनसङ्ख्याको स्थिति (नेपाल र विश्व)	५
	४. नेपालको जनसङ्ख्या बनावट (क) उमेर, लिङ्ग, जनसङ्ख्या कोण स्तूप (Population Pyramid) (ख) पेसा (ग) धर्म (घ) जाति (ङ) भाषा	१०

Untitled-118.pdf

	५. नेपालको जनसङ्ख्या वितरण र जनघनत्व (क) भौगोलिक (ख) क्षेत्रीय	५
	६. बुढ्यौली (AGING)	२
	जम्मा-	२५

एकाइ- ३ जनसाङ्ख्यिकी

यो एकाइ अध्ययन गरिसकेपछि विद्यार्थीहरू निम्नकार्यहरू गर्न सक्षम हुनेछन्:

(क) जनसाङ्ख्यिकी तत्त्व - जन्म, मृत्यु र बसाईंसराइबारे बताउन ।

(ख) जासाङ्ख्यिक- प्रजनन, मृत्यु र बसाईंसराइ गर्नेबारे वर्णन गर्न ।

(ग) जनसाङ्ख्यिक मापनका सूत्रहरू प्रयोग तथा विश्लेषण गर्न ।

(अ) कोरा जन्मदर (आ) कोरा मृत्युदर (इ) उमेर-विशिष्ट जन्मदर

(ई) उमेर-विशिष्ट मृत्युदर (उ) कुल प्रजननदर (ऊ) शिशु मृत्युदर

(ए) बसाईंसराइदर (ऐ) खास बसाईंसराइदर (ओ) जनसङ्ख्या वृद्धिदर

(औ) प्राकृतिक वृद्धिदर (अं) जनसङ्ख्या दोब्बर हुन लाग्ने समय

(अः) आश्रित अनुपात

(घ) जनसङ्ख्या तथ्याङ्क प्राप्त हुने स्रोतहरू- जनगणना र पञ्जीकरण, नमुना सर्वेक्षण र प्रशासकीय लगतको अर्थ, महत्त्व तथा आवश्यकतावारे वर्णन गर्न ।

(ङ) विकसित र विकासोन्मुख देशहरूको जनसङ्ख्या र नेपालको जनसङ्ख्याबीच तुलना गर्न ।

क्षेत्र तथा क्रमतालिका

एकाइ	उप-एकाइ	घण्टी (समय)
जनसङ्ख्यिकी	१. तत्त्व: (क) जन्म, (ख) मृत्यु (ग) बसाईंसराइ प्रक्रिया	५
	२. प्रक्रिया (क) प्रजनन (ख) मृत्यु (ग) बसाईंसराइ	५
	३. जनसाङ्ख्यीकी मापनहरू: (क) कोरा जन्मदर (CRB) (ख) उमेर-विशिष्ट जन्मदर (ASFR) (ग) कुल प्रजननदर (TER) (घ) कोरा मृत्युदर (CDR) (ङ) उमेर-विशिष्ट मृत्युदर (ASDR) (च) शिशु मृत्युदर (IMR)	२०

Untitled-119.pdf

	(छ) बसाई सराइदर (MR)	
	(छ) बसाई सराइदर (MR)	
	(ज) खास बसाई सराइदर (NMR)	
	(झ) जनसङ्ख्या वृद्धिदर (PGR)	
	(ञ) प्राकृतिक वृद्धिदर (RNI)	
	(ट) जनसङ्ख्या दोबर हुन लाग्ने समय (DT_	
	(ठ) आश्रित अनुपात (DR)	
	४. जनसङ्ख्या तथ्याङ्कका स्रोतहरू:	१०
	(क) जनगणना	
	(ख) पञ्जीकरण	
	(ग) नमुना सर्वेक्षण	
	(घ) प्रशासकीय लगत	
	(ङ) विकसित र विकासोन्मुख देशको तुलनामा नेपालको जनसङ्ख्या	
	जम्मा-	४०

एकाइ- ४ जनसङ्ख्या परिवर्तन हुने कारण

यो एकाइ अध्ययन गरिसकेपछि विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

(क) जनसङ्ख्या परिवर्तनको अर्थ र यसलाई प्रभाव पार्ने तत्वहरू- जन्म, मृत्यु र बसाईंसराइबारे बताउन ।

(ख) आर्थिक, धार्मिक र सामाजिक विश्वास, मूल्य र मान्यता आदिका कारणबाट जनसङ्ख्या वृद्धि हुने बारे वर्णन गर्न ।

(ग) मृत्युलाई प्रभाव पार्ने तत्वहरू:
अशिक्षा, स्वास्थ्य सेवा तथा सुविधाको अभाव र उच्च शिशु मृत्युदरबारे बताउन ।

(घ) बसाईंसराइको अर्थ र आन्तरिक तथा बाह्य बसाईं सराइबारे वर्णन गर्न ।

(ङ) बसाईंसराइ हुने कारणहरू- आकर्षक तत्व र विकर्षण तत्वको अर्थ तथा फरक छुट्याउन ।

(च) बसाईंसराइबाट हुने समस्याहरू पहिचान गरी तिनीहरूलाई रोक्ने उपायहरू बताउन ।

Untitled-120.pdf

क्षेत्र तथा क्रमतालिका

एकाइ	उप-एकाइ	घण्टी (समय)
जनसङ्ख्या परिवर्तन हुने कारण.	१. परिचय:	१
	२. जनसङ्ख्या परिवर्तनको अर्थ र प्रभाव पर्ने तत्त्वहरू:	५
	(क) जन्म (ख) मृत्यु (ग) बसाईंसराइ	१०
	३. जनसङ्ख्या वृद्धि हुने कारणहरू: (क) आर्थिक (ख) धार्मिक (ग) सामाजिक (सामाजिक चलन, मूल्य र मान्यताबाट जनसङ्ख्या परिवर्तनमा असर)	८
	४. मृत्युलाई प्रभाव पार्ने तत्त्वहरू: (क) अशिक्षा (ख) स्वास्थ्य सेवा र सुविधाको अभाव (ग) उच्च शिशु मृत्युदर	६
	५. बसाईंसराइ: (क) आन्तरिक (ख) बाह्य	
	६. बसाईं सराइ हुने कारणहरू: (क) आकर्षण तत्त्व (ख) विकर्षण तत्त्व (ग) बसाई सराइ रोक्ने उपायहरू	
	जम्मा-	३०

एकाइ- ५ जनसङ्ख्या वृद्धिबाट हुने असरहरू

यो एकाइ अध्ययन गरिसकेपछि विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

(क) जनसङ्ख्या वृद्धिबाट निम्नपक्षहरूमा पर्ने असरहरू व्याख्या गर्न:

(अ) खाद्यान्न (आ) आवास (इ) लत्ताकपडा (ई) स्वास्थ्य सेवा र सुविधा

(उ) शिक्षा सेवा र सुविधा (ऊ) प्राकृतिक स्रोत तथा सम्पदा

(ए) वातावरण (ऐ) सुरक्षा (ओ) खानेपानी (औ) रोजगार

(ख) जनसङ्ख्या वृद्धि नियन्त्रणमा नेपाल र अन्य (सार्क मुलुकहरू र चीन) देशहरूको जनसङ्ख्यासम्बन्धी नीति तथा कार्यक्रमहरूबीच तुलना गर्न ।

(ग) सहरीकरण र औद्योगिकीकरणको अवधारणा पहिचान गरी जनसङ्ख्या वृद्धिबाट यसमा पर्ने असरहरू बताउन ।

Untitled-121.pdf

क्षेत्र र क्रमतालिका

एकाइ	उप-इकाइ	घण्टी (समय)
जनसङ्ख्या वृद्धिबाट हुने असरहरू	१. परिचय	२
	२. जनसङ्ख्या वृद्धिका असरहरू (क) खाद्यान्न (ख) आवास (ग) लत्ताकपडा (घ) शिक्षा सेवा र सुविधा (ङ) सुरक्षा (च) खानेपानी (छ) रोजगार (ज) प्राकृतिक स्रोत तथा सम्पदा (झ) वातावरण प्रदूषण (भूमि, वायु, जल ध्वनि आदि)	२५
	३. जनसङ्ख्या वृद्धि नियन्त्रणमा नेपाल र अन्य देश (चीन र सार्क राष्ट्रहरू) को नीति र कार्यक्रमहरूबीच तुलना	१०
	४. सहरीकरण र औद्योगीकरण	३
	जम्मा-	४०

एकाइ- ६ किशोरावस्था

यो एकाइ अध्ययन गरिसकेपछि विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

(क) किशोरावस्थाको परिचय तथा विशेषताहरू बताउन ।

(ख) किशोरावस्थामा हुने शारीरिक, मानसिक, सामाजिक तथा व्यक्तित्व परिवर्तन वर्णन गर्न ।

(ग) किशोरावस्थाको पारिवारिक सम्बन्धबारे बताउन ।

(घ) किशोरावस्थामा हुने अवरोध र सुखहरू छुट्याउन ।

क्षेत्र तथा क्रमतालिका

एकाइ	उप-एकाइ	घण्टी (समय)
किशोरावस्था	१. परिचय	२
	२. किशोरावस्थाका विशेषता:	४
	(क) शारीरिक परिवर्तन	४
	(ख) सामाजिक परिवर्तन	३
	(ग) व्यक्तित्व परिवर्तन	४
	(घ) यौनस्थिति र यौन व्यवहार	४
	(ङ) पारिवारिक सम्बन्ध	३
	३. अवरोधहरू (HAZARDNESS)	३
	४. सुखहरू (HAPPINESS)	३
	जम्मा-	३०

Untitled-122.pdf

५. विशिष्टीकरण तालिका

	योग्यता				
एकाइ	ज्ञान	बोध	प्रयोग	विश्लेषण	जम्मा पाठ्यांश भार (प्रतिशतमा)
१	६	२	-	-	८
२	१०	४	-	-	१४
३	१०	३	७	२	२२
४	७	७	-	३	१७
५	१६	६	-	-	२२
६	८	९	-	-	१७
जम्मा-	५७	३१	७	५	१००

६. शिक्षण विधि

जनसङ्ख्या शिक्षा शिक्षणका लागि निम्नलिखित शिक्षण पद्धति अपनाएको हुनुपर्दछ :

१. **शिक्षक केन्द्रित विधि**

(क) प्रवचन विधि (ख) प्रदर्शन विधि (ग) प्रश्नोत्तर विधि

२. **विद्यार्थी केन्द्रित विधि**

(क) शैक्षिक भ्रमण (ख) सर्वेक्षण विधि (ग) व्यक्तिगत अध्ययन/गृहकार्य

(घ) अभिनय विधि (ङ) समस्या समाधान विधि (च) मूल्य स्पष्टता (Value clarification)

३. **समूह/सहभागी विधि**

(क) छलफल (ख) गुन्जसत्र (Buzz session) (ग) मस्तिष्क झञ्झा (Vrain storming)

७. शैक्षिक सामग्री र स्रोतहरू

जनसङ्ख्या शिक्षा पठनपाठन गर्न प्रयोगमा ल्याउन सकिने शैक्षिक सामग्रीहरू:

१. दृश्य सामग्री, चकबोर्ड, बुलेटिन बोर्ड, चित्र, पोस्टर, स्लाइड, चार्टहरू- तालिका, फ्लिपचार्ट, स्तम्भग्राफ (Bar Diagram), रेखाचित्र (Line Graph), वृत्तचित्र (Pie Chart)

२. श्रव्यदृश्य सामग्री: रेडियो, ग्रामोफोन, टेपरिकर्डर

३. श्रव्यदृश्य सामग्री: चलचित्र, टेलिभिजन, कम्प्युटर, भिडियो ।

४. मुद्रित सामग्री: पाठ्यपुस्तक, पूरक पाठ्य-सामग्री, शिक्षक निर्देशन पुस्तिका, सन्दर्भ पुस्तक, पम्प्लेट, अखबार, पत्रपत्रिका, प्रकाशित लेखहरू ।

५. सामुदायिक स्रोत (Community Resources) सम्बन्धित निकायहरू, स्रोत व्यक्तिहरू ।

Untitled-123.pdf

८. मूल्याङ्कन

(कक्षा- ९)

एकाइ- १ जनसङ्ख्या शिक्षा

(क) विषयगत प्रश्न

१. विद्यालयस्तरमा जनसङ्ख्या शिक्षा पठनपाठन गराउनुपर्नाका कारणहरूसहित व्याख्या गर्नुहोस् ।

(ख) छोटो उत्तर आउने प्रश्नहरू

१. जनसङ्ख्या शिक्षाको अर्थ बताउनुहोस् ।

२. जनसङ्ख्या शिक्षाका प्रमुख क्षेत्रहरूको सूची तयार पार्नुहोस् ।

३. जनसङ्ख्या शिक्षाका उद्देश्यहरू केके हुन् ?

(ग) वस्तुगत प्रश्नहरू

१. ठीक उत्तरमा चिनो (√) लगाउनुहोस्:

तलको कुन भनाइ जनसङ्ख्या शिक्षाको उद्देश्य हो ?

अ. गुणस्तरीय जीवनयापन गर्न ।

आ. बसाई सराइसम्बन्धी विवेकपूर्ण अभिवृत्ति विकास गर्न ।

इ. सञ्चार सीपको विकास गर्न ।

ई. प्रजननसम्बन्धी मूल्य, मान्यता र अभ्यासको विश्लेषण गर्न ।

२. तलको कुन प्रतिबन्धक जनसङ्ख्या शिक्षाको होइन ?

अ. परिवार नियोजन

आ. राजनैतिक शक्ति

इ. बिहे गर्ने उमेर

ई. तीव्र जनसङ्ख्या वृद्धिको असर

एकाइ- २ जनसङ्ख्या

(क) विषयगत प्रश्न

१. नेपालको कोरा जन्मदर र कोरा मृत्युदरको झुकाउ कस्तो रहेको छ ? उदाहरण दिई व्याख्या गर्नुहोस् ।

(ख) छोटो उत्तर आउने प्रश्नहरू

१. जनसङ्ख्या भनेको के हो ?

२. नेपालमा जनसङ्ख्याको धार्मिक बनोट कस्तो रहेको छ ?

३. जनसङ्ख्या पिरामिडको प्रयोग कुन स्थितिमा गर्नुपर्दछ ?

४. नेपालमा उमेर समूहअनुसारको जनसङ्ख्या बनोटको विश्लेषण गर्नुहोस् ।

५. बुइयौलीबारे छोटो टिपोट लेख्नुहोस् ।

Untitled-124.pdf

(ग) वस्तुगत प्रश्नहरू

तलका प्रश्नहरूको ठीक उत्तरमा (√) चिनो लगाउनुहोस् ।

१. नेपालमा जनघनत्व धेरै भएको क्षेत्र कुन हो ?

(क) हिमाल (ख) पहाड (ग) तराई (घ) सबै

२. जनसङ्ख्या वितरणलाई प्रभाव पार्ने प्रमुख तत्त्व कुन हो ?

(क) भौतिक वा प्राकृतिक (ख) सांस्कृतिक (ग) जनसाङ्ख्यीकी (घ) माथिका सबै

३. नेपालमा सबभन्दा कम जनसङ्ख्या भएको जिल्ला कुन हो ?

(क) जुम्ला (ख) ताप्लेजुङ (ग) मनाङ (घ) बाजुरा

एकाइ– ३ जनसाङ्ख्यीकी

(क) विषयगत प्रश्नहरू

१. जनसाङ्ख्यिक तत्त्वहरूमा विभिन्न प्रक्रियाहरूद्वारा हुने परिवर्तनका आधारमा कुनै परिवारको आकारमा केही वर्षभित्र हुने परिवर्तनबारे कसरी व्याख्या गर्न सकिन्छ ?

२. जनसङ्ख्या तथ्याङ्कका स्रोतहरूबारे विस्तृत वर्णन गर्नुहोस् ।

(ख) छोटो उत्तर आउने प्रश्नहरू

१. जनसाङ्ख्यिकीको परिचय दिनुहोस् ।

२. जनसाङ्ख्यिकी तत्त्व, प्रक्रिया र मापनबारे फरक देखाउनुहोस् ।

(ग) ठीक उत्तरमा (√) चिनो लगाउनुहोस् :

१. सन् १९९१ को जनगणनाअनुसार नेपालको कोरा जन्मदर कति छ ?

(क) ३५.८ (ख) ३६.८ (ग) ३७.८ (घ) ३९.८

२. नेपालमा जनगणना कति वर्षको फरकमा गर्ने चलन छ ?

(क) हरेक ५ वर्षको फरकमा (ख) हरेक १० वर्षको फरकमा

(ग) हरेक १५ वर्षको फरकमा (घ) जहिले गरे पनि हुन्छ ।

एकाइ– ४ जनसङ्ख्या परिवर्तन हुने कारणहरू

(क) विषयगत प्रश्न

१. जनसङ्ख्या परिवर्तन हुन जन्म, मृत्यु र बसाइसराइमा कुनकुन तत्त्वहरूले असर पार्दछन् ? लेख्नुहोस् ।

(ख) छोटो उत्तर आउने प्रश्नहरू

१. जनसङ्ख्या वृद्धिमा प्रभाव पार्ने मुख्य कारणहरूबारे लेख्नुहोस् ।

२. बसाइँसराइ रोक्ने उपायहरू के के हुन् ? लेख्नुहोस् ।

(ग) वस्तुगत प्रश्नहरू

ठीक उत्तरमा (√) चिनो लगाउनुहोस्:

१. बसाइँसराइलाई असर पार्ने प्रमुख तत्त्व कुन हो ?

(क) उमेर (ख) लिङ्ग (ग) व्यवसाय (घ) माथिका सबै

Untitled-125.pdf

२. प्रजननमा असर पार्ने प्रमुख तत्त्व कुन हो ?

(क) जैविक (ख) मनोवैज्ञानिक (ग) सामाजिक (घ) माथिका सबै

एकाइ- ५ जनसङ्ख्या वृद्धिबाट हुने असरहरू

(क) विषयगत प्रश्नहरू

१. जनसङ्ख्या वृद्धिबाट स्वाथ्य तथा शिक्षा सेवामा पर्ने प्रभावहरूबारे व्याख्या गर्नुहोस् ।

(ख) छोटो उत्तर आउने प्रश्नहरू

१. जनसङ्ख्या वृद्धि हुने कारणहरू लेख्नुहोस् ।

२. जनसङ्ख्या वृद्धिबाट असर पर्ने पक्षहरूको सूची तयार पार्नुहोस् ।

३. बढ्दो जनसङ्ख्याबाट पानी कसरी प्रदूषित हुन्छ ?

४. प्राथमिक शिक्षालाई जनसङ्ख्या वृद्धिले कसरी असर पार्छ ?

५. जनसङ्ख्या नियन्त्रण किन गर्नुपर्छ ?

(ग) वस्तुगत प्रश्नहरू

ठीक उत्तरमा (√) चिनो लगाउनुहोस् :

१. जनसङ्ख्या वृद्धिबाट सबैभन्दा बढी प्रभावित हुने शिक्षाको तह कुन हो ?

(क) उच्च शिक्षा (ख) माध्यमिक शिक्षा (ग) निम्न-माध्यमिक शिक्षा (घ) प्राथमिक शिक्षा

२. जनसङ्ख्या वृद्धि कसरी तीव्र हुन्छ ?

(क) जब प्रजनन उच्च र मृत्युदर न्यून हुन्छ ।

(ख) जब जन्मदर र मृत्युदर दुवै उच्च हुन्छ ।

(ग) जब जन्मदर र मृत्युदर दुवै न्यून हुन्छ ।

(घ) जब जन्मदर र मृत्युदर दुवै बराबर हुन्छ ।

३. वातावरणीय प्रदूषण भन्नाले के बुझिन्छ ?

(क) हावामा धुवाँ हुनु

(ख) पानी दूषित हुनु

(ग) पानीमा मल र फोहोर हुनु

(घ) हावा, पानी र माटो सबै किसिमले दूषित हुनु ।

एकाइ- ६ किशोरावस्था

(क) विषयगत प्रश्न

१. किशोरावस्थामा हुने शारीरिक तथा भावनात्मक परिवर्तनबारे लेख्नुहोस् ।

(ख) छोटो उत्तर आउने प्रश्नहरू

१. यौन रुचि र यौन व्यवहार भनेको के हो ? लेख्नुहोस् ।

२. किशोरहरूको पारिवारिक सम्बन्धबारे लेख्नुहोस् ।

Untitled-126.pdf

(ग) वस्तुगत प्रश्नहरू

ठीक उत्तर (√) चिनो लगाउनुहोस् ।

१. किशोरावस्था भन्नाले साधारणतया केटीहरूमा कुन वर्ष समूहदेखि सुरु हुन्छ ?

(क) १०-१२ (ख) ९-१२ (ग) ८-१२ (घ) ७-१२

२. पुरुषको बीचको किशोरावस्था कुन वर्ष समूहमा पर्दछ ?

(क) १०-१२ (ख) १२-१५ (ग) १४-१७ (घ) १७ भन्दा माथि

जनसङ्ख्या शिक्षा

कक्षा- १०

एकाइ- १ पारिवारिक जीवन शिक्षा

यो एकाइ अध्ययन गरिसकेपछि विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

(क) परिवार र पारिवारिक जीवन शिक्षाको अर्थ तथा महत्त्व बताउन ।

(ख) परिवारको आकार र आवश्यकता (स्वास्थ्य, शिक्षा, खाद्यान्न, लत्ताकपडा, आवास आदि) बीचको सम्बन्ध वर्णन गर्न ।

(ग) परिवारको आम्दानीको स्रोत तथा खर्चबारे बताउन ।

(घ) आमाबाबुको जिम्मेवारी (छोराछोरी कति जन्माउने, एकपछि अर्को बच्चा कति समयको फरकमा जन्माउने, छोराछोरीको लालनपालन, शिक्षादीक्षा कसरी गर्ने आदिबारे वर्णन गर्न ।

(ङ) परिवारमा पुरुषको जिम्मेवारी र सहभागिताको महत्त्व वर्णन गर्न ।

(च) उपयुक्त उमेरमा विवाह गर्नुपर्ने कारण र यसबाट हुने फाइदाहरू बताउन ।

(छ) छिलो गरी पहिलो गर्भधारण र यसको प्रभावबारे बताउन ।

(ज) महिला तथा पुरुष प्रजनन अङ्गहरूका विभिन्न भागहरूको काम र तिनीहरूबीचको फरक देखाउन ।

(झ) मानिसको प्रजनन प्रणालीबारे बताउन ।

(ञ) परिवार नियोजनको अर्थ, महत्त्व र आवश्यकता वर्णन गर्न ।

(ट) सानो परिवार सुखी हुने कारणहरू वर्णन गर्न ।

(ठ) कानून र नियमअनुसार नेपालीको विवाह गर्ने उमेरबारे व्याख्या गर्न ।

क्षेत्र तथा क्रमतालिका

एकाइ	उप-एकाइ	घण्टी (समय)
पारिवारिक जीवन शिक्षा	- परिचय	२
	- महत्त्व	२
	- परिवारको आवश्यकता र परिवारको आकार बीचको सम्बन्ध	५
	- परिवारको आय स्रोत र खर्च	५

Untitled-127.pdf

	- उत्तरदायी आमाबाबु	२
	- पुरुषको जिम्मेवारी र सहभागिता	२
	- उपयुक्त उमेरमा विवाह र यसको प्रभाव	२
	- ढिलो गरी पहिलो गर्भधारण र यसको प्रभाव	५
	- भविष्यको योजना	२
	- मानव प्रजनन प्रणाली	६
	- परिवार नियोजनका साधनहरू	१३
	- सानो परिवार सुखी परिवार	२
	- विवाह र यससम्बन्धी कानुन तथा नियम	२
	जम्मा-	५०

एकाइ – २ एड्स रोग

यो एकाइ अध्ययन गरिसकेपछि विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

(क) एड्सको परिचय दिन ।

(ख) एड्सको लक्षण वर्णन गर्न ।

(ग) एड्स सर्ने र नसर्ने अवस्था छुट्याउनेबारे वर्णन गर्न ।

(घ) एड्सबाट बच्ने तथा सतर्क हुने उपायहरू वर्णन गर्न ।

क्षेत्र तथा क्रमतालिका

एकाइ	उप-एकाइ	घण्टी (समय)
एड्स रोग	- परिचय	२
	- लक्षणहरू	२
	- एड्स सर्ने माध्यम	३
	- एड्स नसर्ने अवस्था	१
	- एड्सबाट बच्ने उपायहरू	४
	- एड्स भएको व्यक्तिले सतर्क हुनुपर्ने अवस्थाहरू	३
	जम्मा-	१५

एकाइ- ३ जनसङ्ख्या नियन्त्रणका उपायहरू

यो एकाइ अध्ययन गरिसकेपछि विद्यार्थीहरू निम्नकार्यहरू गर्न सक्षम हुनेछन्

(क) जनसङ्ख्या नियन्त्रण गर्नुपर्ने आवश्यकताबारे व्याख्या गर्न ।

(ख) आयवृद्धि कार्यक्रममा संलग्न हुँदा जनसङ्ख्या नियन्त्रण गर्न सघाउ पुग्नेबारे छलफल गर्न ।

Untitled-128.pdf

(ग) जनसङ्ख्या नियन्त्रण गर्न उपयुक्त उमेरमा हुने विवाहको भूमिकाबारे बताउन ।

(घ) जन्मान्तर र परिवार नियोजनको आवश्यकताबारे बताउन ।

(ङ) परिवार नियोजनका अस्थायी र स्थायी साधनहरूबीचको भिन्नता छुट्याउन ।

(च) महिलाको अवस्था र स्थितिको जानकारी गरी महिला रोजगारीको अवसरबारे छलफल गर्न ।

(छ) छोराछोरीबीचको भेदभाव नगरी सानो परिवार बनाउन र जनसङ्ख्या नियन्त्रण गर्नेबारे चर्चा गर्न ।

क्षेत्र तथा क्रमतालिका

एकाइ	उप-एकाइ	घण्टी (समय)
जनसङ्ख्या वृद्धि नियन्त्रणका उपायहरू	- परिचय	२
	- आम्दानी	५
	- उपयुक्त उमेरमा विवाह	२
	- केही वर्षको फरकमा बच्चा जन्माउनु (जन्मान्तर)	३
	- परिवार नियोजन	३
	- महिला शिक्षा र स्थिति	६
	- लिङ्गभेद शिक्षा	४
	जम्मा-	२५

एकाइ- ४ आमाको स्वास्थ्य

यो एकाइ अध्ययन गरिसकेपछि विद्यार्थीहरू निम्न कार्यहरू गर्न सक्षम हुनेछन्:

(क) गर्भधारण र गर्भावस्थाका लक्षणहरू वर्णन गर्न ।

(ख) गर्भमा बालकको विकासबारे व्याख्या गर्न ।

(ग) गर्भवती आमाको खाना, लुगा, आराम, व्यायाम र नियमित स्वास्थ्य परीक्षणबारे बताउन ।

(घ) गर्भावस्थामा लाग्ने रोगहरू (कमलपित्त, धनुष्टङ्कार, एनिमिया) र तिनीहरूको लक्षण तथा रोकथामबारे व्याख्या गर्न ।

(ङ) सुत्केरी आमाको स्याहार सुसारबारे वर्णन गर्न ।

Untitled-129.pdf

क्षेत्र तथा क्रमतालिका

एकाइ	उप-एकाइ	घण्टी (समय)
आमाको स्वास्थ्य	- गर्भधारण र गर्भावस्थाको लक्षण	४
	- गर्भमा बालकको विकास	४
	- गर्भवती आमाको खाना, लुगा, आराम, व्यायाम र नियमित स्वास्थ्य परीक्षण	८
	- गर्भावधामा लाग्ने रोगहरू (कमलपित्त, धनुष्टङ्कार, एमिनिया) र यसका रोकथाम	१०
	- सुत्केरी स्याहार सुसार	४
	जम्मा-	३०

एकाइ- ५ बालकको स्वास्थ्य

यो एकाइ अध्ययन गरिसकेपछि विद्यार्थीहरू निम्नकार्यहरू गर्न सक्षम हुनेछन् :

(क) नवजात बालकको लागि आवश्यक पर्ने लुगाफाटा र खानाको सूची तयार पार्न ।

(ख) बाल्यावस्थामा लाग्न सक्ने रोगहरू (बिफर, टी.बी, लहरे खोकी, पोलियो, दादुरा, निमोनिया, डिप्थेरिया, क्वासीवाकर, मरासमस, रिकेट, कब्जियत, पखाला आदि) को लक्षण तथा बचाउबारे बताउन ।

(ग) बालकको शारीरिक तथा मानसिक विकासबारे बताउन ।

(घ) बालकको लागि खेल र खेलौनाको महत्त्व र आवश्यकताबारे वर्णन गर्न ।

क्षेत्र तथा क्रमतालिका

एकाइ	उप-एकाइ	घण्टी (समय)
बालकको स्वास्थ्य	नवजात बालकका आवश्यकताहरू:	२
	- लुगाफाटा	५
	- खाना, दूध, ठोसपदार्थ	
	बाल्यावस्थाको रोग र बचाउ:	
	- लहरे खोकी, पोलियो, टिटनास, दादुरा, डिप्थेरिया, बिफर, टी.बी, एनिमिया, पखाला	१५
	- क्वासिवाकर, मरासमस, रिकेट आदि	१५
	- बालकको शारीरिक तथा मानसिक विकास	१०
	- बालकको लागि खेल र खेलौना	३
	जम्मा-	५०

Untitled-130.pdf

विशिष्टीकरण तालिका

	योग्यता				
एकाइ	ज्ञान	बोध	प्रयोग	विश्लेषण	जम्मा पाठ्यांश भार (प्रतिशतमा)
१	१३	१६	-	-	२९
२	६	३	-	-	९
३	४	११	-	-	१५
४	५	१३	-	-	१८
५	२२	-	७	-	२९
जम्मा	५०	४३	७	-	१००

९. शिक्षण विधि

१. शिक्षक केन्द्रित वा शिक्षकमुखी शिक्षण विधिहरू:

(क) प्रश्नोत्तर (ख) व्याख्यान

२. विद्यार्थीमुखी शिक्षण विधिहरू:

(क) समस्या समाधान, मूल्यस्पष्टता, फिल्डभिजिट, अभिनय विधि

३. सामूहिक सहभागितामा आधारित विधि:

(क) सामूहिक छलफल, मस्तिष्क, झन्झा, साना समूहमा छलफल तथा विद्यार्थीहरूको स्तर तथा रुचि र सुविधाहरूलाई ध्यानमा राखेर अन्य शिक्षण विधिहरू पनि प्रयोग गर्न सकिन्छ ।

१०. शैक्षिक सामग्री र स्रोतहरू

१. दृश्य सामग्री- चकबोर्ड, बुलेटिनबोर्ड, चित्र/तस्विर, फोटो, पोस्टर, फ्लानेल बोर्ड, फ्लिपचार्ट, स्लाइड, ग्राफ चित्र आदि ।

२. श्रव्य सामग्री- रेडियो, टेपरिकर्डर ।

३. श्रव्य दृश्य सामग्री- चलचित्र, भिडियो, टी.भी. कम्प्युटर ।

४. मुद्रित सामग्री- पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशन पुस्तिका, सन्दर्भ पुस्तक, पत्रपत्रिका, पम्प्लेट आदि ।

Untitled-131.pdf

११. नमुना प्रश्न

एकाइ- १ पारिवारिक जीवन शिक्षाका लागि छोटो उत्तर आउने प्रश्नहरू:

१. परिवारको आकार र आवश्यकताबीचको सम्बन्ध व्याख्या गर्नुहोस् ।

२. आमाबाबुका जिम्मेवारी केके हुन् ?

३. उपयुक्त उमेरमा विवाह गर्नुपर्ने कारणबारे वर्णन गर्नुहोस् ।

४. खुसी परिवारलाई किन सुखी परिवार भनेको हो ?

५. पुरुष प्रजनन अङ्गको चित्र लेखी विभिन्न भागहरूको नाम लेख्नुहोस् ।

६. महिला प्रजनन अङ्गका विभिन्न भागहरूका कार्यहरू लेख्नुहोस् ।

७. गर्भनिरोधक अस्थायी साधनहरूको सूची बनाउनुहोस् ।

वस्तुगत प्रश्न

ठीक उत्तरमा (√) चिनो लगाउनुहोस् :

१. महिलाको कुन उमेर अवधिलाई स्वस्थ्य प्रजनन उमेरअवधि भनिन्छ ?

(क) १५-२० (ख) २०-३५ (ग) ३०-४० वर्ष (घ) २०-३० वर्ष

२. पुरुष प्रजनन अङ्गको कुन नलीमा शुक्रकीट उत्पादन हुन्छ ?

(क) स्खलन नली (ख) सेमिनिफरक नली

(ग) इपडाइडिनिस (घ) भास डेफरेन्स

एकाइ- २ एड्स रोगबारे छोटो उत्तर आउने प्रश्नहरू

१. एड्स रोगीका लक्षणहरू लेख्नुहोस् ।

२. एड्स रोगबाट बच्ने उपायहरू व्याख्या गर्नुहोस् ।

३. एड्स रोग सर्ने कारणहरू लेख्नुहोस् ।

वस्तुगत प्रश्नहरू

ठीक उत्तरमा (√) चिनो लगाउनुहोस्:

१. एड्स रोगको मुख्य लक्षण कुन हो ?

(क) महिना दिनभन्दा बढी खोकी लाग्नु

(ख) शरीरभरि चिलाउनु

(ग) एक महिनामा शरीरको दश प्रतिशत तौल घटनु,

(घ) मुख तथा घाटीमा खटिरा आउनु ।

एकाइ- ३ जनसङ्ख्या वृद्धि, नियन्त्रणका उपायहरूको लागि छोटो उत्तर आउने प्रश्नहरू

१. दम्पतीको आम्दानीले परिवार नियोजनमा कसरी सघाउ पुऱ्याउँछ ?

२. ढिलोविवाहले जनसङ्ख्या वृद्धि नियन्त्रणमा कसरी मद्दत पुऱ्याउँछ ?

३. गर्भावस्थामा लाग्ने रोगहरूबाट बच्न केके उपायहरू अपनाउनुपर्दछ ?

४. धनुष्टङ्कारका लक्षणहरू केके हुन् ?

५. रक्त अल्पता रोग लाग्नुको कारण के हो ?

Untitled-132.pdf

एकाइ- ४ आमाको स्वास्थ्य

वस्तुगत प्रश्नहरू

ठीक उत्तरमा (√) चिनो लगाउनुहोस् :

१. सुत्केरी आमालाई तलका मध्ये कुन प्रकारको खाना बढी आवश्यक हुन्छ ?

(क) क्याल्सियमयुक्त (ख) कार्बोहाइड्रेटयुक्त (ग) खनिजयुक्त (घ) भिटामिनयुक्त

छोटो उत्तर आउने प्रश्नहरू

१. गर्भावस्थाका लक्षणहरू लेख्नुहोस् ।

२. गर्भावस्थामा आमाको खाना कस्तो हुनुपर्दछ ?

३. गर्भावस्थामा लाग्ने रोगहरू उल्लेख गरी कुनै एकको छोटो चर्चा गर्नुहोस् ।

एकाइ- ५ बालकको स्वास्थ्य

१. पौष्टिक आहारको कमीबाट लाग्ने क्वासिवाकर र मरासमसका लक्षणहरू तुलना गरेर देखाउनुहोस् ।

२. टिटनास रोगका कारण तथा लक्षणहरू लेख्नुहोस् ।

३. बालकहरूका लागि खेल र खेलौनाको आवश्यकताबारे व्याख्या गर्नुहोस् ।

Acc No 327
C1

Untitled-133.pdf